जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

वर्ष २५ • अंक २६४ • २०८० साल फाल्गुन ८ गते मंगलबार (20 Feburary, Tuesday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

# वीरगञ्ज महानगरमा कर्फ्यु, ईशनाथमा मूर्ति विसर्जन

## मधेश प्रदेशका सबै जिल्लामा उच्च सतर्कता, महोत्तरी सामान्य

अनिल तिवारी

वीरगञ्ज । रौतहट जिल्लाको ईशनाथ नगरपालिकामा सरस्वती माताको मूर्ति सेलाउन अवरोध गरिएको विरोधमा सोमवार वीरगञ्जमा भएको जुलुस प्रदर्शनपछि स्थानीय प्रशासनले कर्फ्यु आदेश जारी गरेको छ। प्रदर्शनको क्रममा भएको झडपमा सुरक्षाकर्मी र प्रदर्शनकारीहरु घाइते भएका छन्।

विभिन्न स्थानमा प्रहरी र प्रदर्शनकारीहरुबीच भएको झडपको क्रममा ११ जना सुरक्षाकर्मीहरु घाइते भएका छन्। उनीहरुको उपचार नारायणी उपक्षेत्रीय अस्पतालमा भइरहेको प्रहरीले जनाएको छ।

वीरगञ्जको इदगाह चोकमा मुस्लिम समुदायका केही युवाहरुले सडकमा टायर बालेर प्रदर्शन गरिरहेका बेला प्रहरीले हस्तक्षेप गर्दै लाठीचार्ज गरेपछि स्थिति बिग्रिएको थियो। त्यसक्रममा प्रदर्शनकारीले प्रहरीमाथि ढुंगामुढा गरेको र प्रहरीले भीड तितरबितर पार्न १० राउण्ड भन्दा बढी अश्रुग्यास प्रहार गरेको थियो।



इदगाह चोकमा प्रदर्शनकारीसंग भएको झडपमा ५ जना सुरक्षाकर्मी घाइते भएका छन्। प्रहरी निरीक्षक धर्मराज थिङ, वरिष्ठ सई अशोक गुप्ता, प्रहरी हवल्दार धर्मेन्द्र कुशवाहा घाइते भएका छन्।

जिल्ला प्रशासन कार्यालय पर्साले वीरगञ्ज महानगरपालिका क्षेत्रभित्र कर्फ्यु आदेश जारी गरेको छ। पर्साका प्रमुख जिल्ला अधिकारी दिनेश सागर भूषालले सोमवार जारी गरेको सूचनामा साँझ ५ बजेदेखि अर्को आदेश नहुञ्जेल सम्मका लागि कर्फ्यु लगाइएको उल्लेख छ।

गत फागुन ३ गते बिहीबार रौतहट जिल्लाको ईशनाथ नगरपालिकाको मोतिपुरमा दुई पक्षबीच विवाद र झडप भएको विषयलाई लिएर सोमबार वीरगञ्जमा निकालिएको विरोध जुलुसको क्रममा विवाद भइ झडपको स्थिति उत्पन्न भइ सर्वसाधारणको सुरक्षामा पर्न सक्ने सम्भावित जोखिमलाई मध्यनजरगर्दै साँझ ५ बजेदेखि अनिश्चितकालीन कर्फ्यु जारी गरिएको पर्साका सहायक प्रमुख जिल्ला अधिकारी शिव प्रसाद लम्सालले बताएका छन्।

उनका अनुसार वीरगञ्ज महानगरपालिकाको सीमा क्षेत्र पूर्वमा नगवा चोक (बारा जिल्ला सिमाना), पश्चिममा तिलावे पुल, उत्तरमा परवानीपुर पर्सा तथा दक्षिणमा मित्तेरीपुल (भन्सार क्षेत्र) मा कर्फ्यु आदेश जारी गरिएको बताए। कर्फ्यु आदेश जारी गरिएको क्षेत्रभित्र कसैले आवत जावत गर्न, भेला हुन, बाहिर हिडडुल गर्न, जुलुस प्रदर्शन गर्न, घेराउ र्‍याली गर्न एवं अन्य कुनै प्रकारको उच्छश्रृंखल गतिविधि गर्न नपाउने गरी सोमबार बेलुका ५ बजेदेखि अर्को आदेश नभएसम्मको लागि स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ (क) बमोजिम कर्फ्यु आदेश जारी गरिएको सहायक प्रजिअ लम्सालले बताए।

प्रदर्शनकारीहरुले बिभिन्न चोकमा टायर बाल्दै प्रदर्शन थालेपछि केही स्थानमा अर्को समुदायका मानिसहरु जुटेर प्रतिकार गर्न तम्सेपछि सामान्य झडप भएको थियो। हिन्दूवादी विभिन्न संघसंस्थाका प्रतिनिधिहरुको सहभागितामा मूर्ति सेलाउनु पर्ने, अवरोध गर्नेलाई कारवाही गर्नुपर्ने मागगर्दै वीरगञ्जमा जुलुस निकालिएको थियो।

अर्को समुदायका मानिसहरुको बाहुल्यता रहेको चोक र वडाहरुमा भारी संख्यामा सुरक्षाकर्मीहरु तैनाथ गरिएको थियो। राति हुन सक्ने सम्भावित घटनालाई दृष्टिगत गरी कर्फ्युको समयमा घरबाहिर ननिस्कन समेत प्रहरीले आग्रह गरेको छ।

ईशनाथ नगरपालिकामा सरस्वती माताको मूर्ति सेलाउन जाँदै गरेका विद्यार्थीहरुलाई मोतिपुरमा अबरोध गरिएको थियो। झडप भएपछि मूर्ति सेलाइएको थिएन्। स्थानीय प्रशासनले ४ दिन सम्म कर्फ्यु लगाएर आफ्ना निरीहता ढाकछोप गर्ने प्रयास गरिरहेको स्थानीय वासिन्दाहरुले आरोप लगाएका छन्।

सम्प्रदायिक दंगालाई नियन्त्रण गर्न कर्फ्यु लगाएको बताउँदै प्रशासनले मूर्ति सेलाउने प्रयास नगरेको विद्यार्थीहरुले आरोप लगाउँदै संघर्षमा उत्रने चेतावनी दिएपछि सोमवार दिउँसो मात्र मूर्ति सेलाइएको छ।

मधेश प्रदेशका उच्च सुरक्षा अधिकारीहरुको सहभागितामा मूर्ति सेलाइए पनि कर्फ्यु हटाइएको छैन्। स्थानीय प्रशासनले ईशनाथ नपाको वडा नम्वर २ देखि ७ सम्म कर्फ्यु लगाएको छ।

जिल्ला प्रहरी कार्यालय रौतहटको प्रवक्ता समेत रहेकी डिएसपी एलिजा गिरिले ईशनाथको सम्बन्धित वडाहरुमा सामाजिक सद्भाव कायम भएपछि मात्रै कर्फ्यु हटाइने बताएकी छन्। सदभाव कायम गर्न दुबै समुदायका अगुवाहरुसित निरन्तर छलफल भइरहेको उनले बताइन्।

महोत्तरी जिल्लामा स्थिति समान्य बनेको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ।कलश यात्रा निकाल्ने क्रममा अबरोध गरिएपछि दुई समुदायमा झडप भएको थियो।

खुशिको खबर ! खुशिको खबर !! खुशिको खबर !!!
कृष्णा मेडिकल एण्ड टेक्निकल रिसर्च सेन्टर (अस्पताल)
ब्रहमपुरी, जनकपुरधाम-९, धनुषा (नेपाल)
साबिकको जानकी मेडिकल कलेजको सिटी हस्पिटल भवनमा

डा. हेमन्त कुमार साह
एन.एम.सी.नं. १५०४०
एम.बि.बि.एस., एम.एस. (न्यूरोसर्जरी)
एम.सी.एच., न्यूरोसर्जरी (टि.यू., आई.ओ.एम.)
कन्सल्टेन्ट न्यूरोसर्जन
☞ यहाँ Brain तथा Spinal सम्बन्धित सबै शल्यक्रिया (Operation) आधुनिक मेशिनद्वारा गरिन्छ।
☞ यहाँ २४ घण्टा ICU तथा Emergency सेवा उपलब्ध छ।
१) टाउको दुख्नु (Migraine headache) अर्द्धकपारी
२) टाउको, ढाड, हात तथा खुट्टाको समस्या
३) नशा च्यापिनु
४) छारे रोग
५) हात, खुट्टा पोल्नु
६) हात, खुट्टा झमझम गर्नु र कामनु
७) रिंगटा लाग्नु
८) प्यारालाइसिस
९) हिडदा हुतिनु
१०) पक्षघात (Brain Haemorrhage, Brain Tumor)


टाउको तथा नाशामा चोटपटक लाग्नु सम्बन्धी सम्पूर्ण रोगको लागि एउटै गन्तव्य।
सम्पर्क नं. ०४१-५९१०९२, ९८१४०२९७६९

मधेश प्रदेशको राजधानी साँस्कृतिक नगरी
जनकपुरधाम स्थित होटल


विशेषताहरु
- लक्जरीयर्स रुमहरु
- ठुलो पार्किङ्ग
- जनकपुरधामको रमणीय दृश्य देखिने रुफटप रेष्टुरेन्ट
- EV चार्जिङ्ग स्टेशनको व्यवस्था
- मल्टीक्यूजन रेष्टुरेन्ट, पार्टी हल, कन्फ्रेन्स हल
- विमानस्थलबाट पिकअप एण्ड ड्रपको व्यवस्था

सम्पर्क
९८५४०३०५०२, ९८५४०२७५९१
हनुमान मार्ग, कपालमोचनी सर, जनकपुरधाम-८, धनुषा
Anjani Suite

डेंगी भाइरसको संक्रमणबाट बच्ने उपायहरू
डेंगी
सुरक्षित रहौं
रोकथाम गरौं
नियन्त्रण गरौं
डेंगी रोग डेंगी भाइरसबाट संक्रमित एडिज जातको लामखुट्टेको टोकाईबाट मात्र सर्दछ।
थोरै मात्र पानी जम्मा भएको भाँडामा पनि यो लामखुट्टेले फुल पार्दछ र यसको वृद्धि विकास हुन्छ।
डेंगीका मूख्य लक्षणहरू
उच्च ज्वरो आउनु
जोर्नी र मांशपेशीहरु बेस्सरी दुख्नु
आँखाको गेडी दुख्नु
बेस्सरी टाउको दुख्नु
शरीरमा राता बिमिराहरु आउनु
वाकवाकी लाग्नु वा वान्ता हुनु
डेंगीका लक्षणहरू देखिएमा के गर्ने ?
स्वास्थ्य संस्थामा गई चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिने।
घरमै बसेर उपचार गर्ने सल्लाह दिएमा ज्वरो घटाउनका लागि र जीउ दुखेको कम गर्नको लागी प्यारासिटामोल बाहेक ब्रुफिन र एस्प्रिन जस्ता अन्य औषधीको सेवन नगर्ने।
अस्पताल भर्ना हुन सल्लाह दिएमा तुरुन्त भर्ना हुने।
( *चिकित्सकको सल्लाह नलिईकन कुनै पनि औषधी सेवन नगर्ने )
लामखुट्टेले फुल पार्न सक्ने संभावित घर भित्र र वरपरका पानी जमेको ठाँउहरू र पानी राख्ने भाडाँहरू खोजी खोजी सफा गरौं र लामखुट्टेको फुल नष्ट गरौं।
पिपरा गाउँपालिका
पिपरा, महोत्तरी, मधेश प्रदेश

# सम्पत्ति छानबिनको प्रस्ताव पारित गर्नुपर्ने उपसभापति गुरुङको भनाइ



**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कांग्रेसका उपसभापति धनराज गुरुङले पार्टीको महाधिवेशनबाट गरेको सङ्कल्पअनुसार महासमिति बैठकलाई 'नीति अधिवेशन'का रुपमा गर्न लागिएको बताएका छन् । उनले बैठकमा उपसभापति पूर्णबहादुर खड्काले नीतिसम्बन्धी प्रस्ताव, महामन्त्री गगनकुमार थापाले साङ्गठनिक प्रस्ताव र अर्का महामन्त्री विश्वप्रकाश शर्माले समसामयिक प्रस्तावको बारेमा प्रस्ताव पेश गर्ने जानकारी दिए।

आजदेखि ललितपुरको गोदावरीमा सुरु भएको महासमिति बैठकबारे जानकारी दिँदै उपसभापति गुरुङले उपसभापति खड्का तथा महामन्त्रीद्वय थापा र शर्माले राखेको प्रस्तावलाई चार समूहमा छलफल गरिने बताए । उनले महासमिति बैठकले अगाडि बढाएको प्रस्तावले नेपाली कांग्रेसलाई अगाडि बढाउन सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

कानून, न्याय तथा संसदीय मामिलामन्त्री समेत रहनुभएका उपसभापति गुरुङले पार्टीको हरेक तहको कार्यसमितिलाई नीति र विधिमा बाँध्न महासमिति बैठकबाट सहयोग पुग्ने विश्वास व्यक्त गरे । प्रजातान्त्रिक समाजवादको बहस गर्दैगर्दा उठ्न नसकेको तप्कालाई उठाउने विधिका बारेमा पनि महासमिति बैठकमा छलफल भई मार्गनिर्देश हुने उपसभापति गुरुङको भनाइ थियो ।

"भ्रष्टाचार कायम रहेसम्म आर्थिक सुशासन कायम गर्न सकिँदैन, यसका लागि महासमिति बैठकले पनि उपयुक्त निर्णय गर्नेछ", उनले भने। बैठकले केन्द्रीय समितिले गरेका गल्ती कमजोरीलाई पनि सच्याउन मार्गनिर्देशन गर्ने र आगामी दिनमा उचित निर्णय गर्न सुझाव दिने उपसभापति गुरुङले बताए।

हामी कोही पनि जनताका मालिक होइनौँ, सेवक हौँ भन्ने अनूभूति जनतालाई दिने गरी पार्टी अगाडि बढ्नुपर्ने उहाँको भनाइ थियो । "१५औँ महाधिवेशन कहिले हुनसक्छ भन्ने पार्टी पंक्तिभित्र चासो हुन सक्छ, हामीले यसलाई मात्र होइन, जनतालाई छुने गरी निर्णय गर्न सक्नुपर्छ", उपसभापति गुरुङले भने ।

सुशासन र आर्थिक पारदर्शिता कायम गर्नका लागि वडाध्यक्षदेखि मन्त्री पदमा रहेकासम्मको सम्पत्ति छानबिन गर्ने प्रस्ताव महासमिति बैठकले पारित गर्नुपर्नेमा उनले जोड दिए।

पार्टीकी सहमहामन्त्री महालक्ष्मी उपाध्यायले महासमिति बैठकले पार्टीभित्र दुःख गरेका कार्यकर्तालाई न्याय पाउने व्यवस्था गरिनुपर्नेमा जोड दिए । उनले जनतालाई सेवामूलक काममा लगाउनुपर्ने उल्लेख गरे । कांग्रेसको नेतृत्वमा निर्माण भएको संविधानको संरक्षणमा कांग्रेस लाग्नुपर्ने सहमहामन्त्री उपाध्यायको भनाइ थियो।

# कांग्रेस महासमिति बैठक सुरु




काठमाण्डु। देशभर आठ लाख ५० हजारभन्दा बढी सक्रिय सदस्य नेपाली कांग्रेस पार्टीको महासमितिको बैठक सोबारदेखि ललितपुरको गोदावरीमा सुरु भएको छ । विसं २०७८ मङ्सिर २४ गते काठमाडौँमा सम्पन्न भएको १४ औँ राष्ट्रिय महाधिवेशनको दुई वर्ष तीन महिनापछि 'नीति अधिवेशन'का रुपमा लिएको महासमिति बैठकमा भाग लिनका लागि देशभरबाट महासमिति सदस्य सङ्घीय संघीय राजधानी आइपुगेका छन्।

प्रतिनिधिसभामा अन्य दलको भन्दा बढी सांसद र मन्त्री रहेको, आधाभन्दा बढी प्रदेशमा सरकार प्रमुख भएको र लगभग आधा स्थानीय सरकारमा प्रभुत्व जमाएको कांग्रेसको महासमिति बैठकलाई बढो चासोका साथ हेरिएको छ ।

ललितपुरको गोदावरीस्थित सम्राईज हलमा सोमबार दिउँसो १ बजे पार्टीका सभापति शेरबहादुर देउवाले उद्धाटन भएको छ । राजनीतिक स्थायित्व, रुपान्तरण र नविनता ! स्वतन्त्रता, न्याय र समानता ‼ नेपाली कांग्रेसको नीतिगत प्रतिवद्धता। भन्ने मूल नाराका साथ सुरु हुन लागेको महासमिति बैठकमा देशभरबाट दुई हजारभन्दा बढी महासमिति सदस्यको सहभागिता हुँदैछ।

महासमिति बैठकमा वर्तमान केन्द्रीय समितिका पदाधिकारी तथा केन्द्रीय सदस्य एक सय १६५, प्रतिनिधिसभा निर्वाचन क्षेत्रबाट प्रतिनिधित्व हुने महासमिति सदस्य एक हजार सात सय ८०, नेपाली जनसम्पर्क समितिबाट ८९, भ्रातृ तथा शुभेच्छुक संस्थाबाट ६९ जनाको सहभागिता हुँदैछ।

यस्तै, केन्द्रीय कार्यसमितिको बैठकको निर्णयअनुसार महासमितिका सदस्य नरहेका प्रदेश कार्यसमितिका सभापति, जिल्ला कार्यसमितिका सभापति र भ्रातृ सङ्घ तथा शुभेच्छुक संस्थाका केन्द्रीय अध्यक्षलाई महासमिति बैठकमा आमन्त्रित सदस्यका रुपमा सहभागी गराउन लागिएको छ।

**'कांग्रेस पार्टीलाई अगाडि बढाउन स्पष्ट नीति र कार्यक्रम आवश्यक छ'**

बैठकमा भाग लिन झापाबाट शुक्रबार काठमाडौँ आउनुभएका महासमिति सदस्य अनिलकृष्ण प्रसाईँ समयअनुसार पार्टीलाई अगाडि बढाउन स्पष्ट नीति र कार्यक्रम आवश्यक रहेको बताउछन् ।"विपी कोइरालाले प्रतिपादन गरेको समाजवादको सिद्धान्त सङ्कटमा पर्दै गएको छ, यो महासमिति बैठकले वैचारिक सङ्कटप्रति चिन्तन गर्नुपर्छ", उनी भन्छन् । कांग्रेस आफ्नो एजेण्डामा प्रष्ट हुनुपर्ने उनको भनाइ थियो ।

मोरङका महासमिति सदस्य एवं पूर्वसांसद भुटनीदेवी खवास महासमिति बैठकमा कांग्रेसले पार्टी र देशका लागि हित पुग्ने निर्णय गर्नुपर्ने बताउछन्। "देशको पुरानो पार्टी कांग्रेसप्रति आम जनताको आशा र भरोसा छ, यसलाई पूरा गर्नका लागि कांग्रेस लाग्नुपर्छ", उनी भन्छन् । ओखलढुङ्गाका महासमिति सदस्य एवं पर्यटन व्यवसायी लिलाबल्लभ दाहाल 'काका' देशको अर्थतन्त्रलाई सबल र सक्षम बनाउने खालको अर्थनीति कांग्रेस महासमिति बैठकले लिनुपर्ने बताउछन्। "जनताले सरकारलाई तिरेको करलाई 'प्रोभिडेन्ड फन्ड'मार्फत स्वास्थ्य विमामा परिणत गर्नेखालको नीति कांग्रेसले लिनुपर्छ", उनी भन्छन्। दाहाल करको दर बढाउनुभन्दा पनि करको दरलाई घटाएर दायरा बढाउनका लागि कांग्रेसले भूमिका खेल्नुपर्ने बताउछन्। उनी देशभित्र डलर भित्र्याउन सकिने व्यवसायलाई कर नतिर्ने नीति कांग्रेसले लिएमात्र मुलुक समृद्ध बन्ने उल्लेख गर्छन्।

काठमाडौँका महासमिति सदस्य लोकेश ढकाल विपी कोइरालाको राष्ट्रिय एकता र मेलमिलापको नीतिलाई कांग्रेसले छाड्दै गएको बताउछन्। "विपी कोइरालाको चिन्तनप्रति पार्टी विचलित हुँदै गएको छ, यसबारे महासमिति बैठकमा गम्भीर छलफल हुनुपर्छ", ढकाल भन्छन्। नवलपरासीको त्रिवेणीमा सम्पन्न पार्टीको महासमिति बैठकमा उठेको वैदिक सनातन धर्म सापेक्ष हिन्दू राज्यको पक्षमा उठेको जनआवाजलाई पार्टीको यो महासमितिको बैठकले सम्बोधन गर्नुपर्ने उनी बताउछन्।

पार्टीका पूर्वकेन्द्रीय सदस्य एवं महासमिति सदस्य कविता सरदार पार्टीभित्र देखिएको गुठबन्दी अन्त्यका लागि यो बैठकमा आवश्यक छलफल चलाउनुपर्ने बताउछन् । सबैलाई समेटेर कांग्रेस अगाडि बढ्नुपर्ने उनको भनाइ थियो।

कालीकोटका महासमिति सदस्य भूपेन्द्रजङ्ग शाही महासमिति बैठकलाई उपलब्धीमूलक बनाउने खालको निर्णय बैठकले गनुपर्ने बताउछन् । "महासमिति बैठकले गुठ, उपगुठको अन्त्य गर्दै पार्टीभित्र सबैको मूल्याङ्कन हुनुपर्ने वातावरण बनाउनुपर्छ", उनी भन्छन् ।

उनी आउने निर्वाचनमा कांग्रेस एक्लै चुनाव लड्ने अवस्था सिर्जना गर्ने गरी महासमिति बैठकमा छलफल चलाउनुपर्ने बताउछन्। शाही भ्रष्टाचारको अन्त्य, पार्टीभित्र सबैलाई न्यायोचित अवसर, स्थिर सरकारका लागि निर्वाचन प्रणालीको परिवर्तनलाई पार्टीले महासमितिमा मुख्य एजेण्डाको रुपमा उठाउनुपर्ने बताउछन् ।

ललितपुरको गोदावरीमा चार दिनसम्म चल्ने महासमितिलाई व्यवस्थित एवं प्रभावकारी ढङ्गले सञ्चालन गर्नका लागि पार्टी सभापति एवम् पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाको संयोजकत्वमा रहेको मूल आयोजक समितिले छुट्टाछुट्टै उपसमिति निर्माण गरी काम अगाडि बढाएको छ।

स्वदेश तथा विदेशमा रहेका नेपालीले मात्रै होइन मित्रराष्ट्रले समेत चासोका साथ हेर्ने कांग्रेसको महासमितिको बैठक भव्य, सभ्य, व्यवस्थित र परिणाममुखी बनाउन कांग्रेसले विभिन्न उपसमितिमार्फत तयारी पूरा गरिसकेको छ।

कांग्रेसले महासमिति बैठकमा पेश हुने विभिन्न दस्तावेज केन्द्रीय कार्यसमिति बैठकबाट पारित गरिसकेको छ । पार्टी केन्द्रीय कार्यालय सानेपामा गत फागुन ३ र ४ गते बसेको केन्द्रीय समितिले उपसभापति पूर्णबहादुर खड्काद्वारा प्रस्तुत नीति प्रस्ताव, महामन्त्री गगनकुमार थापाद्वारा प्रस्तुत साङ्गठनिक प्रस्ताव, महामन्त्री विश्वप्रकाश शर्माद्वारा प्रस्तुत समसामयिक राजनीतिक प्रस्ताव र प्रवक्ता डा प्रकाशशरण महतद्वारा प्रस्तुत आर्थिक अवस्था, सम्भावना र भावी दिशासम्बन्धी प्रतिवेदन र लेखा समितिका संयोजक श्यामकुमार घिमिरेद्वारा प्रस्तुत लेखा परीक्षण प्रतिवेदन पारित गरेको थियो।

कांग्रेसले आजदेखि सुरु हुने महासमिति बैठकमा जाने प्रतिनिधिको सहजताका लागि दैनिक २० वटा बस निःशुल्क सञ्चालन गर्न लागेको छ । पार्टीबाट गठन गरिएको यातायात व्यवस्थापन उपसमितिले काठमाडौँबाट महासमिति बैठक हुने स्थान गोदावरी जानका लागि चार दिनसम्म निःशुल्क बस व्यवस्थापन गर्न लागेको उपसमितिका सदस्य सुवन गिरि बताउछन्।

कांग्रेसले कार्यक्रम आवधिभर बिहानको चिया नास्ता, खाना र दिउँसोको खाजा कार्यक्रस्थलमै उपलब्ध गराउन लागेको छ। बेलुकाको खाना र आवास सहभागी आफैले व्यवस्था गर्नुपर्ने कांग्रेस सूचना, सञ्चार तथा प्रचार विभागका संयोजक मीनबहादुर विश्वकर्मा बताउछन् ।रासस

# नागरिक तहबाटै समृद्धि यात्रा सुरु हुनुपर्छ – सांसद लिम्बू

काठमाण्डु । अहिले मुलुकको अर्थतन्त्र र आर्थिक वृद्धिदर कमजोर अवस्थामा रहेको सबैलाई राम्रैसँग थाहा छ। कर र राजस्वले लक्ष्य हासिल गर्न सकेको छैन। आगामी आर्थिक वर्षका लागि ल्याउन लागेको बजेटको सीमा र आकार घटाउन लागिएको छ । बैंकको ब्याज महँगो भएकाले उद्योगी व्यवसायी ऋण तिर्न नसकेर कालोसूचीमा पर्नेक्रम बढ्दो छ। इँटा, क्रसर, सिमेन्ट र रड उद्योग ५० प्रतिशतभन्दा कम क्षमतामा सञ्चालनमा छन्। कामको खोजीमा विदेश पलायन हुने युवाको सङ्ख्या बढ्दो क्रममा छ।

यस्तो अवस्थाका बीचमा अहिले हामी सङ्घीय संसद्को तेस्रो अधिवेशनमा छौँ । राजनीतिक सहमति हुन नसकेका कारण थुप्रै महत्वपूर्ण कानुन निर्माण हुन सकेका छैनन् । कानुन छिटो पारित गरी अघि बढ्ने सन्दर्भमा सरकारबाट संसद्लाई आवश्यक बिजनेस दिन सकेको अवस्था छैन । पछिल्लो समय ल्याइएका शिक्षा लगायतका केही विधेयक मुलुकको आवश्यकतालाई सम्बोधन र दिशानिर्देश गर्ने खालको हुन पर्नेमा मस्यौदामै कमजोरी छ । त्यसमा थुप्रै संशोधन परेकाले छलफल गरी निष्कर्षमा पुऱ्याउन प्रशस्तै समय लाग्ने देखिएको छ।

सत्तापक्ष र प्रतिपक्षबीच असल नै काम गरेको भए तापनि एक-अर्का विरुद्ध आरोप लगाउने विषय सिद्धान्तझैँ स्थापित छ। नेकपा(एमाले) प्रमुख प्रतिपक्षी दल हुनुका नाताले मुलुकलाई ठीक बाटोमा हिँडाउन र विधिसम्मत सरकार सञ्चालनका लागि दबाब दिँदै खबरदारी गर्दैआएको छ । यो भूमिका मुलुकलाई समृद्ध तुल्याउने पाटोकारुपमा रहेको छ । लोकतान्त्रिक अभ्यास भएकै मुलुकमा पनि सरकारलाई गलत मार्गबाट हिँड्नबाट रोक्न र जनहितमा काम गर्न दबाब आवश्यक हुन्छ। त्यसमा हामी क्रियाशील छौँ।

संविधानबमोजिम सांसदको मुख्य जिम्मेवारी ऐन, कानुन बनाउने भए तापनि जनताका पीरमर्का सुन्ने, दुखेसोका आवाज संसद्मा पुऱ्याउने, उनीहरुका बाटाघाटा, पुल, पुलेसा, सडक, विद्युत्, खानेपानीका आवश्यकताका विषय कसले उठाउँछ भन्ने प्रश्न पनि सँगै छ । त्यो भएकाले कानुन निर्माणको मुख्य जिम्मेवारीसँगै विकास निर्माणसम्बन्धी सहायक काम पनि सांसदको काँधमा जोडिएको छ।

नेपालमा लोकतान्त्रिक गणतन्त्र स्थापना गर्ने सन्दर्भमा खास बेला र परिस्थितिमा नेपालका हालका प्रमुख राजनीतिक शक्ति एक ठाउँमा उभिने गरेकै हुन्। हालको मिश्रित निर्वाचन प्रणालीले कुनै पनि दलले एकल बहुमत ल्याउन धेरै ठूलो समस्या छ, अर्थात् गठबन्धनकै सरकार निर्माण हुने अवस्था देखिन्छ । चुनाव अघि र पछि दलहरुबीच गठबन्धन निर्माण भएको यथार्थलाई स्वीकार गरी सत्तापक्ष-प्रतिपक्ष बीच त्यही पुरानो धङधङीलाई समातेर आरोप प्रत्यारोप गरिरहनु ठिक होइन। कुनै पनि व्यक्तिले भ्रष्टाचार गरेको भेटिए कारबाही गर्नुपर्छ, तर राजनीति-प्रेरित आरोप लगाउने कार्य सत्तापक्षले बन्द गर्नुपर्छ। अनावश्यक र अतिरञ्जित आरोप लागेपछि

> सरकार र राजनीतिक दलले अझै पनि ठोस कार्यक्रम ल्याउन सकेको देखिन्न । त्यो नभएपछि अवसरका खोजी र परिवार पाल्ने सिलसिलामा युवा विदेशिन बाध्य भएको पाटोलाई बुझ्न जरुरी छ । परिवर्तन मात्रै भनेर हुन्न, त्यसका लागि आवश्यक विधि, व्यवहार, संरचना र अभ्यास उपयुक्त छ कि छैन हेरिनुपर्छ ।

आफ्नो रक्षा र प्रतिरक्षाका लागि दोस्रो ठूलो दलका हैसियतले एमालेले त्यसको प्रतिकार गर्नु स्वाभाविक हो।

राजनीतिक दलबाट सांसद भएकाले पार्टीका कार्यक्रम र निर्देशन पालना गर्ने सिलसिलामा बाहेक संसद् र संसदीय समितिका बैठकमा निरन्तर सहभागी छु। संसद्मा बलियो उपस्थिति बनाउन पार्टीको संसदीय दलको बैठकले निर्णय गरिसकेको छ। आगामी दिनमा सदनमा एमाले सांसदको सघन उपस्थिति हुनेछ। साँच्चिकै नेपालाई समृद्ध र जनतालाई सुखी तुल्याउने हो भने भ्रष्टाचार नियन्त्रण गर्न निर्मम भएर अघि बढ्नुपर्छ।

कुनै पनि कार्यालयबाट जनताले अतिरिक्त पैसा खर्च नगरी बिना झन्झट राज्यबाट प्रदान गरिने सेवा प्राप्त गर्न सक्ने वातावरण बनाउनुपर्दछ। विगतका आन्दोलन र परिवर्तन त्यसैका निम्ति भएका हुन् । तर आज पनि जनताले त्यो अनुभव र अनुभूति गर्न सकेको स्थिति छैन । राज्य सञ्चालनमा यो नै ठूलो कमजोरी हो । २०४६ सालको आन्दोलनपछि गठन भएको छानबिन आयोगले दिएको प्रतिवेदनलाई सरकारले कार्यान्वयनमा नल्याएका कारण पनि देशमा भ्रष्टाचार र अनियमिततामा संलग्न भए पनि उम्कन सकिन्छ भन्ने मनोविज्ञान र मनोबल बढ्न पुग्यो । राजनीतिक अस्थिरता र निरन्तर भइरहेका सरकारको फेरबदलले पनि भ्रष्टाचार मौलाउन मलजल गर्दैआयो । भ्रष्टाचार रोक्न र त्यसमा संलग्न हुनेलाई ठेगान लगाउन राजनीतिक दलले अगुवाइ गर्नुपर्नेमा अरु क्षेत्रबाट आवाज उठाइएको अवस्था छ। तर जनताले त्यसको लाभ लिन नसकेपछि एजेण्डा मात्रै उठाउनुको अर्थ रहन्न।

सूचना प्रविधिका क्षेत्रमा भएको क्रान्तिले विश्वलाई एउटा गाउँमा जोडेकाले नेपाली मात्र होइन, अवसरको खोजीका सिलसिलामा एक देशका मानिस अर्कोमा जाने र बस्ने लहर निकै बढेको छ। ग्लोबल भिलेज, गोबल सिटिजनको अवधारणा अघि बढिरहेको छ। कुन देशका मानिस कहाँ बढी छ भन्ने यसमा हेरिन्न। कतिपय देशको परिस्थिति, जनसंख्या र भूगोलका आधारमा दक्ष जनशक्ति भित्र्याउने हेतुले विदेशीलाई आकर्षण गराउन शिक्षा, स्वास्थ्य र रोजगारीका क्षेत्रमा सहयोग र सहुलियत प्रदान गरिरहेका छन् । उनीहरुको विश्वव्यापी नीतिलाई अवसरका रुपमा लिई सदुपयोग गर्न कयौँ नेपाली विदेश पलायन भएका हुन्।

नेपालले पनि यहाँको समृद्धिका लागि भौतिक पूर्वाधार, होटल व्यवसाय, उद्योग, ऊर्जा र पर्यटनका क्षेत्रलाई अघि बढाउन सकिएमा विदेश पलायनको अवस्था स्वतः अन्त्य हुनेछ । नेपालको तुलनामा विदेशमा तलबभत्ताको आकर्षण राम्रो देखिएकाले ज्यानकै बाजी राखेर विदेश जानेको सङ्ख्या बढेको हो ।सरकार र राजनीतिक दलले अझै पनि ठोस कार्यक्रम ल्याउन सकेको देखिन्न । त्यो नभएपछि अवसरका खोजी र परिवार पाल्ने सिलसिलामा युवा विदेशिन बाध्य भएको पाटोलाई बुझ्न जरुरी छ। परिवर्तन मात्रै भनेर हुन्न, त्यसका लागि आवश्यक विधि, व्यवहार, संरचना र अभ्यास उपयुक्त छ कि छैन हेरिनुपर्छ।

विगतका घटनालाई बिर्सेर अब नागरिक तहबाट समृद्धिको यात्रा र निराशा अन्त्य अभियान सुरु गरिनुपर्छ। सोही क्रममा मैले सुरु गरेको अँध्यारो भगाऔँ, उज्यालो छरौँ भन्ने सौर्यऊर्जा अभियानबाट झापामा ठूलो प्रभाव परेको छ। सौर्य प्रणालीबाट त्यहाँ झण्डै १० मेगावाट विद्युत् उत्पादन हुन थालेको छ। त्यो नमूना अभियानका रुपमा स्थापित भएको छ। अब हामीले 'भएन' भन्ने नकारात्मक सोच र सन्देश फैलाउन गफ मात्र गर्न भएन। 'हुन्छ' भन्ने सोचका साथ अघि बढेका मुलुक समृद्धिका शिखरमा पुगिसके । हुन्छ, सुरु गरौँ, जिम्मेवार बनौँ भन्ने बोली, व्यवहार र सोचका साथ अब नागरिकबाटै त्यसतर्फ पाइला चाल्नुपर्छ। रासस

## तपाईंको आज
पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : वाद विवादबाट बच्नु। |
| बृष | : पुरस्कार प्राप्त लाभ। |
| मिथून | : नयाँ कार्य हुने। |
| कर्कट | : बौद्धिक क्षमता। |
| सिंह | : प्रतिभा सम्पन्नता। |
| कन्या | : शिक्षामा उन्नति। |
| तुला | : पारिवाहिक सुख। |
| बृश्चिक | : धन वृद्धि सञ्चय। |
| धनु | : प्रेम प्रसंग, मित्र सुख। |
| मकर | : सुख समृद्धि हुने। |
| कूम्भ | : भ्रमण अवसर हुने। |
| मीन | : अवसर प्राप्त। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



प्रजातन्त्र दिवसको अवसरमा जनकपुरधाममा दीप प्रज्वलन गर्दै युवाहरु। तस्बिर : टुडे

# तनावका बीच हरिपुर्वाको ११औं नगरसभा सम्पन्न

**टुडे समाचारदाता**

मलंगवा। सर्लाहीको हरिपुर्वा नगरपालिकाको ११ औं नगरसभा सोमबार कडा सुरक्षा र विवादका बीच सम्पन्न भएको छ। असार मसान्तमा हुनुपर्ने नगरसभा ७ महिना सम्म नहुँदा कर्मचारी र शिक्षकले ७ महिना सम्मको तलबभत्ता नपाए पछि गएको एकसाता देखि पेनडाउन गरेर धर्नामा बसेका थिए।



सोमबार कडा सुरक्षा बीच कुर्सी फोडेर जनप्रतिनिधिहरु बीचमा कुटाकुट र वादविवादका बीच नगरप्रमुख विनोदकुमार साहले बहुमत सदस्यको सहभागितामा नगरसभा सम्पन्न भएको बताए पछि अवस्था साम्य भएको थियो। जनप्रतिनिधिहरुको खिचातानी र द्वन्द्वले गर्दा गएको १८ महिना देखि हरिपुर्वा नगरपालिका आन्सिक रुपमा मात्र चलेको थियो।

करिब ७ महिना देखि तलबभत्ता नपाएपछि पालिकाका कर्मचारीहरु एकसाता देखि पेनडाउन गरेर धर्नामा बसेपछि आमजनताबाट जनप्रतिनिधिहरुको आलोचना सुरु हुनु थालेको थियो। सहमति अनुसार सोमबार पनि नगरसभा भइरहँदा एकपक्षले नगरसभा हुनुपर्ने अडान लिएका थिए भने अर्को पक्षले नगरसभा हुन नदिने अडान राखि अवरोध स्वरुप पालिकामा प्रदर्शन गरेका थिए। यद्यपि सुरक्षाकर्मीहरुको बाक्लो उपस्थितिका कारण कुनै पनि अप्रिय घटना हुन सकेनन्।

प्रमुख प्रशासकीय अधिकृत नहुँदा नगरसभा हुन सकेका थिएन। सोही नगरमा घर भएका खानेपानी मन्त्री महेन्द्र राय यादव र नगरप्रमुख साहबीचको विवादले कुनै प्रमुख प्रशासकीय अधिकृत त्यहाँ टिक्न सकेका थिएनन्। यस पटक पनि सरुवा भइसकेका प्रमुख प्रशासकीय अधिकृत शम्भुप्रसाद यादवलाई रवाना नदिइ उनैबाट नगरसभा गराइएको छ।

नगरसभा विथोल्न चार जना वडाध्यक्ष र उपमेयरले अवरोध गरेका थिए। नगरसभा गर्ने र हुन नदिने समूहबीच झडपको अवस्था समेत आएको थियो। सुरक्षाकर्मीको बाक्लो उपस्थितिमा नगरसभा सम्पन्न भएको छ।

नगरसभा गरेर विकासे योजना, कर्मचारीको तलव भत्ता र सामाजिक सुरक्षा भत्ता दिनुपर्ने स्थानीयहरुको दवावमा जनप्रतिनिधि आएपछि नगरसभा हतारमा सम्पन्न भएको छ। नगरसभाको भइरहेको बेलामा चारजना वडाध्यक्षले कुर्सी फ्यालेर विरोध जनाएका थिए। त्यसपछि उनीहरुका समर्थकले बाहिर नाराबाजी गरेपछि अवस्था तनाबग्रस्त बनेको थियो।

# दादुरा–रुबेलाविरुद्ध खोप अभियान सञ्चालन हुने

**टुडे समाचारदाता**

राजविराज। एक जना संक्रमित ब्यक्तिले १८ जना सम्मलाई संक्रमण सार्न सक्ने दादुरा-रुबेला रोगविरुद्धको खोप अभियान यहाँ अगामी फागुन १३ गते देखि संचालन हुने भएको छ।



जिल्ला खोप समन्वय समिति तथा स्वास्थ्य कार्यालय सप्तरीले सोमवार आयोजना गरेको संचारकर्मी तथा सरोकारवालाहरु संगको अन्तरक्रिया कार्यक्रम मार्फत सो अभियान संचालन बारे विस्तृत जानकारी गराइएको छ।

१ लाख ८७ हजार ८ सय ९२ जना बालाबालिकालाई खोप दिने लक्ष्यका साथ सुरु हुने अभियान ३ चरणमा चल्ने र चैत्र २ गते सम्पन्न हुने जिल्ला स्वास्थ्य कार्यालयाका प्रमुख देव कान्त झाले जानकारी दिए।

उनका अनुसार १८ पालिका रहेको जिल्लामा पहिलो चरणमा सप्तकोशी नगरपालिका, कंचनरुप नगरपालिका, हनुमाननगर कंकालिनी नगरपालिका, तिरहुत गाउँपालिका, महादेवा गाउँपालिका र तिलाठी कोईलाडी गाउँपालिकामा फागुन १३ गते देखि फागुन १७ सम्म अभियान संचालन हुनेछ। दोस्रो चरणमा फागुन २० गते देखि फागुन २४ सम्म डाक्नेश्वरी नगरपालिका, बोदे बर्साईन नगरपालिका, छिन्नमस्ता गाउँपालिका, बलान विहुल गाउँपालिका र विष्णुपुर गाउँपालिकामा अभियान चल्ने छ।

यस्तै तेस्रो चरणमा सुरुंगा नगरपालिका, खडक नगरपालिका, शम्भुनाथ नगरपालिका, राजविराज नगरपालिका र अग्नीसाईर कृष्णा सवरण गाउँपालिकामा फागुन २७ गते देखि चैत २ सम्म अभियान चल्ने छ।

अभियान अन्तर्गत जिल्लाभरमा ८ सय ८ वटा खोप केन्द्र कायम हुने र यसमा १ हजार ६ सय १६ स्वास्थ्यकर्मी तथा २ हजार ४ सय ३२ स्वयम सेवक परिचालन हुने स्वास्थ्य कार्यालयका प्रमुख झाले जानकारी दिए।

सो अवसरमा उनले दादुरा रुबेला रोगबाट संक्रमित १ जना ब्यक्तिले १८ जना सम्मलाई संक्रमित बनाउन सक्ने भन्दै खोपको पूर्ण मात्रा लगाएर सबैलाई सुरक्षित बनाउने उद्देश्यले अभियान चलाइएको र यसमा सबैको साथ र सहयोग आवश्यक रहेको बताए।

कार्यक्रममा जनस्वास्थ्य अधिकृत हिरेन्द्र प्रसाद साहले अभियानमा तालिम प्राप्त स्वास्थ्यकर्मी विभिन्न पालिकामा कायम गरिएको खोप केन्द्रमा खटिने बताए। उनले ९ महिना देखि ५ वर्षको एउटा समूह र ५ वर्ष देखि १५ वर्ष उमेर समुहका अर्को गरी २ भागमा विभाजन गर्दै उक्त खोप लगाउने जानकारी दिए।

विश्वस्वास्थ्य संगठन नेपालका प्रतिनीधि दिल बहादुर शाहीले उक्त खोप अभियानको स्वास्थ्य मन्त्रालय, स्वास्थ्य निर्देशनालय, जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वय समिति, पत्रकार महासंघ तथा अन्य सरोकारवाला निकायबाट अनुगमन समेत हुने भन्दै यसले प्रभावकारी रुपमा अभियान चलाउन मदत पुग्ने विश्वास ब्यक्त गरे।

जिल्ला समन्वय समितिका प्रमुख शिवनारायण साहको अध्यक्षतामा आयोजित उक्त कार्यक्रममा प्रमुख जिल्ला अधिकारी किरण थापा, पत्रकार महासंघ सप्तरीका अध्यक्ष श्रवण देव, गैसस महासंघ सप्तरीका उपाध्याक्ष बलदेवम मण्डल लगायतले पनि बोल्दै खोप अभियान सफल बनाउन आ-आफनो क्षेत्रबाट सहयोग गर्ने प्रतिबद्धता जनाए।

कार्यक्रममा मधेश प्रदेशको ८ जिल्ला मध्ये सप्तरी, बारा, सिरहा, रौतहट र पर्सामा गत वर्ष दादुरा रुबेला रोग शुन्यमा झरेको देखिए पनि सर्लाही, महोत्तरी र धनुषमा भने फाटफुट रुपमा यो रोग देखिएको तथ्याँक प्रस्तुत गरिएको थियो।

# जीतपुरसिमरा महोत्सव फागुन १८ गते देखि २९ गते सम्म

**रञ्जन यादब**

कलैया। बाराको जीतपुर सिमरा उपमहानगरपालिकाको बजनीमा फागुन १८ गते देखि २९ गते सम्म जीतपुरसिमरा महोत्सव हुने भएको छ। जीतपुरसिमरा नगर उद्योग बाणिज्य संघले सोमबार पत्रकार सम्मेलनको आयोजना गरेर प्रथम जीतपुरसिमरा एक्स्पो र जीतपुरसिमरा महोत्सव २०८० को बिषयमा जानकारी दिएको छ।




जीतपुरसिमरा उपमहानगरको वडा न ३ बजनीमा महोत्सवको आयोजना हुन् लागेको आयोजकले जनाएको छ। सोमबार संघकै जीतपुरस्थित कार्यालयमा पत्रकार सम्मेलनको आयोजना गरेर कृषि र पर्यटनलाई प्राथमिकता दिएर जीतपुरसिमरा महोत्सव हुन् लागेको जीतपुर सिमरा नगर उद्योग बाणिज्य संघका अध्यक्ष मोहन शर्मा लामिछानेले बताए।

'कृषि पर्यटन, खेल उद्योग र व्यापार जीतपुर सिमरा बारा-मधेश समृद्धिको आधार' भन्ने नारासहित हुने महोत्सवमा कृषि र स्थानीय उत्पादनलाई सहुलियतमा स्टल उपलब्ध गराइने आयोजकले जनाएको छ। १ लाखभन्दा बढी दर्शकले अवलोकन गर्ने अनुमान गरिएका महोत्सवमा करिब २ सय स्टल रहने नगर उद्योग बाणिज्य संघका अध्यक्ष लामिछानेले जानकारी दिए। महोत्सवको मुख्य उद्देश्य स्थानीय उत्पादन कृषि तथा ग्रामीण प्रविधिको प्रयोग गर्ने, उत्पादित वस्तुको बजार प्रवर्द्धन एकै थलोबाट यसको गुणस्तरको पहिचान गराउँदै उपभोक्तासम्म पुऱ्याउने रहेको छ।

महोत्सवमा सबै जातजाति भाषा संस्कृति झल्किने नृत्य गायन कार्यक्रमहरु समावेश गरिएको छ। महोत्सवमा बिद्यार्थीहरुको लागि २५ रुपैयाँ, बृद्ध बृद्धा लाई निःशुल्क तथा युवाहरु संग ५० रुपैयाँ प्रवेश शुल्क लिने आयोजकले जनाएको छ। जीतपुरसिमरा उपमहानगर सहित वडा र उद्योगहरु संग समन्वय गरेर महोत्सवको आयोजना हुन लागेको नगर उद्योग बाणिज्य संघको महासचिव प्रकाश गिरीले पत्रकार सम्मेलनमा बताए।

महोत्सवमा स्टल राख्नका लागि ८ हजार देखि २५ हजार सम्म शुल्क लाग्ने र स्थानीय व्यवसायीको हकमा छुटको समेत व्यवस्था गरिएको संघका अध्यक्ष मोहन शर्मा लामिछानेले बताए। आयोजकले महोत्सवको कुल लागत करिब ८३ लाख रहेको जनाएको छ। अपाङ्गता र वृद्ध वृद्धाका लागि निःशुल्क प्रवेश तथा महोत्सव अवलोकनको व्यवस्था मिलाइएको छ। महोत्सवमा प्रत्येक दिन राष्ट्रिय र स्थानीय कलाकारहरूको सांस्कृतिक प्रस्तुति समेत रहनेछ।

महोत्सवलाई सफल रुपमा सञ्चालन गर्नकालागि बिभिन्न समिति र उपसमिति गठन गरिएको छ। पत्रकार सम्मेलनमा संघका महासचिव प्रकाश गिरि, सदस्य तथा महोत्सव प्रचार प्रसार समितिका संयोजक राजु राज गिरि, संघका संस्थापक अध्यक्ष घनश्याम गिरि, संघका निबर्तमान अध्यक्ष संजय साह, नगर उद्योग बाणिज्य संघको सचिव बिष्णु अधिकारी, मुकेश गुप्ता

# सकारात्मक पक्षपोषण तर्फ अग्रसर हुनुपर्ने उपराष्ट्रपतिको भनाई

**टुडे समाचारदाता**

काठमाण्डु। उपराष्ट्रपति रामसहाय प्रसाद यादवले निराशा, कुण्ठा र नकारात्मकताले गाँजिएको समाजमा सकारात्मक पक्षपोषणका लागि राष्ट्रिय समाचार समिति(रासस) मियो बन्न सक्नुपर्ने बताएका छन्। राससको ६३औं वार्षिकोत्सवका अवसरमा शुभकामना सन्देश दिँदै उनले समाचार सामग्रीहरूमा राजनीतिका विषयवस्तु बढी हावी हुँदा अन्य मुद्दा, विषय र क्षेत्रहरु ओझेलमा परेको हो कि भन्नेतर्फ केन्द्रित हुन पनि आग्रह गरेका छन्।

उपराष्ट्रपतिलेराससलेनेपालको परिवर्तित परिवेशमा सामाजिक एवं सांस्कृतिक विविधताको प्रसार र पृष्ठपोषकका रूपमा काम गर्नुपर्नेमा जोड दिँदै राजनीतिक र आर्थिक जीवनको विभिन्न पक्षहरुको प्रकटीकरणका साथै सकारात्मक सोचका साथ सभ्य र सुसंस्कृत समाज निर्माण गर्ने भूमिकामा अझ प्रखर हुन जोड दिएका छन्। "पूर्वाग्रहबाट नभई वर्तमान परिवेशमा रूपान्तरित सोचका साथ अघि बढ्दै सङ्घीयता, लोकतन्त्र, गणतन्त्र, समावेशीता, समानता र सुशासनका पक्षपोषणमा रासस खरो उत्रिन सक्नुपर्दछ।", सन्देशमा भनिएको छ, "नयाँ-नयाँ सूचना प्रविधिको अविष्कार र विकाससँगै सञ्चारमाध्यमले सत्यात्मक फड्को मारिरहेको अवस्थामा पत्रकारितामा पेशागत गुणवत्ता कायम राख्नु चुनौतीपूर्ण कार्य हो। अझ, नेपालको चुनौतीपूर्ण राजनीतिक वस्तुस्थिति र आशालाग्दा उपलब्धिबीच पत्रकारितामा व्यावसायिक तिक्खर उपस्थिति देशको आवश्यकता भएकाले त्यसको गहन पहल गर्न राससले आफ्नो भूमिकालाई थप परिस्कृत र जिम्मेवार भई अग्रसर मात्र हुने होइन, अब्बल नेतृत्वदायी भूमिका पनि निर्वाह गर्न जरुरी छ।"

# आपाचे आरटीआर १६० भीफोर एफआईको सफल लन्च



**टुडे समाचारदाता**

जनकपुरधाम। टिभिएस मोटर नेपालको एक मात्र आधिकारिक बिक्रेता जगदम्बा मोटर्सले काठमाण्डुमा टिभिएस रोनिन र टिभिएस आपाचे आरटी आर १६० भीफोर एफआईको जनकपुरधामको शो रुपमा लन्च गरेको छ।

टिभिएस रोनिन उत्कृष्ट डिजाइन, अत्याधुनिक इन्जिनियरिङ, एसिमेट्रिक स्पीडोमिटर र टी-फेस एलईडी हेडल्याम्प साथ तयार गरिएको टिभिएस रोनिनमा नेपाली राईडर हरुलाई लक्षित गरी असाधारण सुविधाहरू समेटिएको कम्पनीको दावी छ। टिभिएस रोनिनमा २२५ सीसीमा चार भल्भ, एक सिलिन्डर इन्जिन रहेको छ जसले २०.४ पी एस ७७५० आर पीएम सम्मको अधिकतम पावर र १९.९ एनएम ३७५० आरपीएम पीकपावर प्रदान गर्ने गरेको कम्पनीले जनाएको छ। डुअल च्यानल एबीएसको साथ यसको डिस्क ब्रेकहरूले राईडरहरुलाई सुरक्षित र स्थिर स्टप सुनिश्चित गर्ने गरेको जनाइएको छ।

यता, अपाचे आरटीआर १६० भी फोर एफआइको विशेष संस्करणमा कम्पनीले सेग्मेन्टमै पहिलो पटक विभिन्न थपफिचर पनि उपलब्ध गराएको छ। सर्वाधिक शक्तिशाली फ्युल ईन्जेक्टेड १५९.७ सीसी ईन्जिनका साथमा श्रेणीकै पहिलो रोइड मोड्स, टीभीएस स्मार्ट कनेक्ट र ग्लाइड थ्रो प्रविधि लगायत विशेषता सु-सज्जित स्पोर्ट्स मोटरसाइकल टीभीएस आपाचे आरटीआर १६०अद्वितीय डिजाइनमा हल्का र लाउडर बुल्पुप एक्जस्ट जस्ता प्रविधिहरू रहेको कम्पनीले जनाएको छ।

नेपाली बजारमा सार्वजनिक हुने यीदुवै बाईक नयाँ संस्करणमा हरेक मौसम र बाटोको अवस्थालाई विशेष ध्यानमा राखि राइड मोड्सका साथै रेस ईनेबल्ड कनेक्टिभिटीका लागि टिभिएस स्मार्ट एक्सकनेक्टको सुविधा समेत उपलब्ध गरिएको छ। काठमाण्डुमा यीदुवै बाईकको अत्याधिक सफलता पछि नेपालका अन्य सहरमा लन्चगर्ने भएको कम्पनीले बताएकोछ।

# सुरक्षित रहन खोप आवश्यक : नगर प्रमुख साह

**टुडे समाचारदाता**

जनकपुरधाम। दादुरा-रुबेला महामारी विभिन्न स्थानहरुमा फैलिएको हुँदा रोगसंग लड्ने क्षमता प्रदान गर्न तथा सुरक्षित रहनका लागि खोप लगाउनु आवश्यक रहेको जनकपुरधाम उप महानगरपालिकाका नगर प्रमुख मनोज कुमार साहले बताएका छन्।

दादुरा-रुबेला खोप अभियान एक दिने गोष्ठीलाई जनकपुरधाम उपमहानगरपालिकामा सोमबार सम्बोधनगर्दैउनलेबालबालिकाहरुमा ९ महिना देखि ५ वर्ष मुनिका सबै बालबालिकाहरुलाई अनिवार्य रुपमा खोप लगाउन आग्रह गरे।

धनुषाको १८ वटा स्थानीय तहमध्ये पहिलो चरण फागुन १३ गते देखि २१ गते सम्ममा ९ वटा स्थानीय तहमा खोप सेवा उपलब्ध गराइने कार्यक्रम रहेको छ।


स्थानीय तह अन्तर्गत जनकपुरधाम उपमहानगरपालिका, नगराईन नगरपालिका, मुखियापट्टि मुसहरनिया गाउँपालिका, हँसपुर नगरपालिका, लक्ष्मीनिया गाउँपालिका, क्षीरेश्वर नगरपालिका, बटेश्वर गाउपालिका, मिथिला नगरपालिका, गणेशमान चारनाथ नगरपालिकामा दादुरा रुबेला खोपको सेवा दिइने जिल्ला स्वास्थ्य कार्यालय धनुषाका खोप अधिकृत राजदेब यादबले बताए।

दोस्रो चरणमा धनौजी गाउँपालिका, औरही गाउँपालिका, विदेह नगरपालिका, जनकनन्दनी गाउँपालिका, कमला नगरपालिका, शहीदनगर नगरपालिका, सबैला नगरपालिका, धनुषाधाम नगरपालिका, मिथिला बिहारी नगरपालिकामा खोप लगाइने कार्यक्रम रहेको जानकारी दिइएको थियो।

लक्षित समूहमा पर्ने बालबालिकाहरुमा ९ महिना देखि ५ वर्ष मुनिका लक्ष्य ६७ हजार २ सय ४४ जनालाई खोप दिइने लक्ष्य छ भने ५ वर्ष देखि १५ वर्ष मुनिका लक्ष्य १ लाख ५८ हजार ७ सय ८६ गरी जम्मा २ लाख २६ हजार ३० बालबालिकाहरु दादुरा रुबेला खोप दिइने लक्ष्यमा रहेको बताए।

उनले स्वास्थ्य कार्यालयले १ हजार १ सय १२ वटा खोप केन्द्र अन्तर्गत ८ सय ३३ वटा विद्यालयमा खोप दिने लक्ष्य लिएको जानकारी गराए। यसका लागि २ हजार २ सय २४ जना स्वयमसेवक र ४ सय जना दक्ष स्वास्थ्यकर्मीलाई परिचलन गरिने बताए।

त्यस्तै १ सय ७३ वटा आधार भूत स्वास्थ्य संस्था र ५ वटा प्राथमिक स्वास्थ्य केन्द्रबाट खोप दिन लागेको जानकारी समेत गराए।




अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# अनैतिक राजनीति

मधेश प्रदेशमा सत्ता प्राप्तिका लागि अनैतिक खेल सुरु भएको छ । सत्ता गठबन्धनमा रहेकै दलका नेताहरुले बिहान विश्वासको मत दिने निर्णय गरेको र बेलुका छिमेकी राष्ट्रमा सरकार ढाल्ने शपथ लिएको देखिएको छ ।मधेश प्रदेशमा फोहोरी राजनीतिक खेल पहिलो पटक देखिएको छ ।विगतमा सरकार निर्वाध रुपमा पाँच वर्ष चलेको थियो ।पहिलो प्रदेश सभा निर्वाचनमा पनि कुनै दलले बहुमत प्राप्त गर्न सकेको थिएन् ।गठबन्धनको सरकार बनेको थियो ।सरकारका साझेदार दलहरु फेरिए पनि मुख्यमन्त्री निरन्तर रहेका थिए ।पहिलो संविधान सभामा ठूलो दल रहेको जनता समाजवादी पार्टी( जसपा)मा अन्तरकलह देखिए पनि आफ्नै सरकार ढाल्ने षडयन्त्रमा सभासदहरु लागेका थिएनन् ।तर मधेश प्रदेशमा मुख्यमन्त्रीले प्रदेश सभामा विश्वासको मत लिने तयारी गर्दा गठबन्धनका सबै दलका शीर्ष नेताहरुले सर्वसम्मत निर्णय गरेका थिए । तर त्यो निर्णयलाई धोती लाउँदै प्रदेशका सभासदहरुले मुख्यमन्त्रीलाई अल्पमतमा पारेर एमालेसहितको समर्थनमा नयाँ सरकार गठन गर्ने चलखेलमा लागेका थिए । प्रधानमन्त्रीसमेत रहेका गठबन्धनका प्रमुख नेता पुष्पकमल दाहाल 'प्रचण्ड'कै नेतृत्वको माओवादी केन्द्रका सभासदहरुले शीर्ष नेताहरुको निर्णयको अवज्ञा गर्दै सरकार ढाल्न लागेका थिए ।माओवादी केन्द्रमा प्रधानमन्त्री प्रचण्डको पकड कमजोर भएको अथवा अनुशासन समाप्त भइसकेको बुझ्नु पर्छ । माओवादी संसदीय दलका मधेश प्रदेश नेता रहेका भरत साहले मुख्यमन्त्री बन्न सबै राजनीतिक मान्यताहरु ध्वस्त गरेका थिए । हुनत उनको मुख्यमन्त्री बन्ने चाहना पूरा हुन सकेन् ।उनी जस्तै सत्ता ध्वस्त बनाउने खेलमा लोकतान्त्रिक समाजवादी पार्टी( लोसपा)पनि लागेको थियो ।तर लोसपाका लागि यो नयाँ भने होइन् । लोसपाका अध्यक्ष महन्थ ठाकुर नै सत्ताको फोहोरी खेलमा सहभागी हुने गरेको कयौं राजनीतिक घटनाक्रमहरु छन् ।पछिल्लो पटक एमालेको सहयोगमा लोसपाका धेरै सांसदहरु एमाले अध्यक्ष केपी ओली नेतृत्वको सरकारमा सहभागी भएका थिए ।लोसपामा ठाकुर निकट अधिकांश सभासदहरु सत्ता समीकरण फेरेर मन्त्री बन्ने खेलमा सहभागी भएका थिए ।एमाले र जनमत पार्टीले माओवादी र लोसपालाई उचालेर सरकार ढाल्ने प्रयत्न गर्नु अस्वभाविक होइन् । विपक्षमा रहेका दलहरुले सत्ता पक्षलाई कमजोर बनाउने राजनीतिक कसरत गरिरहन्छन् । तर सरकारमै रहेर सरकार ढाल्ने खेलमा लाग्ने अनैतिक राजनीति गर्नेहरुको लक्ष्य सत्ता बाहेक केहि होइन् ।मुख्यमन्त्री बन्न माओवादी संसदीय दलका नेता साहले गरेको प्रयत्न सफल नभए पनि पार्टीले उनको अभीष्टलाई समयमै बुझ्न सकेन् भने क्षति हुनसक्छ ।

# फागुन ७ को वर्तमान औचित्य



रोशन जनकपुरी

२००७ साल फागुन ७ गते नेपाली काँग्रेसको नेतृत्वमा भएको राजनीतिक जन आन्दोलनको बलमा एक सय चारवर्षे राणा शासन ढलेको थियो । वि.स. १९०३ सालमा जंगबहादुर राणाले फौजी तागत र प्रभावको विस्तारको बलमा शाहवंशीय राजा राजेन्द्रविक्रम शाहबाट राजकीय अधिकार लिखितरुपमा प्राप्त गर्न सफल भए । यसपछि शाहवंशीय राजाहरु नाममात्रका शासकमा परिणत भए भने राणाहरु नेपालको राज्यसत्तामा मूख्य कार्यकारी शासकको रुपमा उदाए । राणाहरुको चरम निरंकुशतन्त्र वि.स. २००७सालसम्म चल्यो । राणाशासनमा जनता शासक र उसका भारदारहरुको चरम शोषण र सामन्ती दमनको शिकार थियो भने शासकीय अधिकारबाट वंचितर कुण्ठित शाहवंशीय राजाहरु राणा प्रधानमन्त्रीहरुको हातमा कमजोर खेलौना जस्ता थिए । विश्व परिवेशमा बढदो आधुनिक चेतना र शोषण दमनका विरुद्ध राजनीतिक आन्दोलन, जनवादी र समाजवादी वैचारिक विद्रोह र क्रान्तिहरुले नेपाली जनतालाई पनि राजनीतिकरुपमा सचेत गरायो । फलस्वरुप नेपालमा पनि राजनीतिक अधिकार प्राप्तिको निम्ति जनसंघर्षहरुको पृष्ठभूमि निर्माण भयो । यसैको परिणाम थियो नेपाली काँग्रेसको नेतृत्वमा राणाशासनको विरोधमा सशस्त्र राजनीतिक आन्दोलन ।

एकातिर सामन्तवादी थिचोमिचोबाट मुक्त हुने नेपाली जनताको चाहना र अर्कोतिर राणाशासकहरुको हातमा कठपुतली भै बनेको शाहवंशीय राजा त्रिभूवन वीर विक्रम शाह र उनका पक्षधर भारदारहरु । मौका पाएर राजा त्रिभूवन दरबार छाडेर दक्षिणी छिमेकी देश भारतमा पलायन भए । यस्ले नेपालमा चलिरहेको राजनीतिक उठापटक देशको आन्तरिक विषयमात्र रहेन । एकातिर राजा अन्य देशमा शरण लिन पुग्नु र अर्कोतिर नेपाली काँग्रेसको सशस्त्र फौजी हमला तथा आन्दोलनकारीप्रति बढदो जनसमर्थनको कारण राणाहरुले बाह्य समर्थनपनि गुमाउन पुगे र अन्ततः घुँडा टेक्न बाध्य भए ।तीनथरी, राजा त्रिभूवन, राणाहरु र राजनीतिक आन्दोलनको नेतृत्व गर्ने वीपी कोइराला, सुवर्ण शमसेर लगायतको नेतृत्वको नेपाली काँग्रेसबीच छिमेकी देश भारतको मध्यस्थतामा सम्झौता भयो । एउटा अन्तरीम सरकारको माध्यमबाट राणाहरुले आफ्नो पुर्खा जंगबहादुर राणाले शाहवंशीय राजा राजेन्द्रबाट प्राप्त राजकीय शासनको अधिकार फेरी शाहवंशीय राजालाई नै फर्काएको भनेर घोषणा गर्दै सत्ताबाट बाहिरिए ।

यस राजनीतिक परिवर्तनबाट राजा त्रिभूवन पुनः कार्यकारी राजाको सिंहासनमा विराजमान भए भने जनताको प्रतिनिधिको रुपमा नेपाली काँग्रेस पहिलो पार्टी भयो । (राणाविरोधीआन्दोलनमा नेकपा र अन्य राजनीतिकशक्तिहरु पनि थिए, तर समग्र राजनीतिक आन्दोलनमा नेपाली काँग्रेसको निर्णायक वर्चस्व रहेकोले अन्यको अवस्था गौण सरह नै थियो ।) राणाशासनबाट मुक्ति दिलाउने अगुआ राजनीतिक दल नेपाली काँग्रेसले यसलाई देशमा प्रजातन्त्रको जीतको रुपमा प्रचारित गऱ्यो । हुनपनि यो 'प्रजातन्त्र' नै थियो । यस्तो तन्त्र, जस्मा राजापनि थियो, त्यसैले प्रजापनि थियो । आफ्नो गुमेको गद्दी प्राप्त गर्ने स्वार्थ रहेपनि समग्र राजनीतिक उतार चढावमा राजा त्रिभूवनसंग राजनीतिक आन्दोलनकारीहरु र नेताहरुबीच हार्दिक सम्बन्ध नै थियो । त्यसैकारण जब राजा त्रिभुवन भारतीय विमानमा दिल्लीबाट काठमाँडौ विमानस्थमा ओर्ले, विशाल जनसमुदायले उनको स्वागत गऱ्यो । भर्खर भर्खर वि.स. २००६सालमा पार्टीको रुप धारण गरेको नेपाल कम्युनिस्ट पार्टी र अन्य साना राजनीतिक संगठनहरुले राजा, राणा र नेकाबीच भएको सम्झौताप्रति आशंका र असन्तुष्टि व्यक्त गरेपनि राणाशाहीको पतनको उत्साहमा यी असन्तुष्टि र आशंकाहरु प्रभावशाली हुनसकेका थिएनन् । पहिलो उत्साहमा राजा त्रिभूवनले आफ्नो पहिलो शाही वक्तव्यमा अबदेखि नेपालमा विधानसभा (सम्विधान सभा)ले तय गरे अनुसार राज्यको सञ्चालन गणतन्त्रात्मक प्रणाली अनुसार हुने घोषणा गरेका थिए । तर त्यसपछिका दिनहरुमा राजा त्रिभुवनको यो घोषणा भ्रमपूर्ण साबित भयो ।

००७सालमा, अबदेखी राज्यको शासनाधिकार नेपाली जनतामा निहित रहने आफ्नै घोषणालाई झूठो साबितगर्दै राजा त्रिभूवनले वि.स. २०१०मा अबदेखी सम्पूर्ण शासनको राजकीय अधिकार पुनः आफूले नै धारण गरेको अर्को घोषणा गरे । अब ००७सालमा घोषणा गरिएको सम्विधान सभा (विधान सभा)को निर्वाचन अनिश्चित हुँदै गयो । यस पटकपनि कम्युनिस्ट लगायत अन्य राजनीतिक दलहरुको विरोध पर्याप्त भएन । यतिबेला अन्तरीम सरकारको नेतृत्व गरिरहेको नेपाली काँग्रेस सत्ताभोगको लिप्सामा परेर अस्पष्ट र मौन नै रह्यो । त्यतिबेला निर्णायक शक्ति भएको नेकाको यो अस्पष्टता र मौनता नेपाली जनताको निम्ति अत्यन्त घातक साबित भयो । राजा त्रिभूवनको मृत्युपछि राजा महेन्द्र सत्तामा आए ।उनी राजगद्दीमा बस्दा राजा त्रिभूवनले ग्रहणगरे अनुसार राज्यसत्ताको राजकीय अधिकार उनको हातमा आइसकेको थियो । वि.स. २०१५ सालमा राजा महेन्द्रले निर्वाचनको घोषणा त गरे, तर सम्विधानसभाको होइन, संसदीय सरकारको निम्ति । प्रष्ट थियो, राजा महेन्द्र राजकीय अधिकारसहितको राजा मातहतको संसदीय सरकार बनाउन चाहन्थे । प्रष्टरुपमा यो ००७ सालको जनआन्दोलन र विद्रोहको बेला जनइच्छा सहितको गणतन्त्रको नेपाली जनताको चाहना विपरीत थियो । तर नेपालीकाँग्रेस यस पटकपनि मौन नै रह्यो । यसको एक मात्र कारण देशैभरी उसको जब्बर प्रभाव तथा संसदीय निर्वाचनमा उसको सफलताको सम्भावना थियो । भयोपनि यस्तै, संसदीय निर्वाचनमा नेपाली काँग्रेसले दुई तिहाईभन्दा बढी सीट जीतेर बीपी कोइरालाको नेतृत्वमा सरकार गठन गर्न सफल भयो । नेपाली काँग्रेसले यसलाई जनताको जीतको रुपमा व्याख्या गऱ्यो, तर सारमा यो राजशाहीको जीत नै थियो । राजा महेन्द्र र उनका भारदारहरुले नेपाली काँग्रेसको सत्तालिप्सा तथा अन्य राजनीतिक दलहरुको कमजोर अवस्था, तथा आपसी द्वन्द्वको आकलन गरिसकेका थिए । त्यसै कारण, जब सातसालको आन्दोलनको नेतृत्वकारीको गर्वमा वीपी कोइरालाले निर्वाचित प्रधानमन्त्रीको रुपमा राजा महेन्द्र अनुकूल चल्न चाहेनन्, राजा महेन्द्रले उनको सरकार र जननिर्वाचित सरकारलाई सेनाको बलमा सजिलै बर्खास्त गरे र पञ्चायती प्रजातन्त्र नाम दिइएको निरंकुश राजतन्त्रको सुरुआत गरे ।

विचार गर्ने हो भने, राजा महेन्द्रको यो निरंकुश पञ्चायती राजतन्त्र ००७ सालमा राणाशाहीको पतनपछि नेपाली जनतामा पलाएको गणतन्त्रको चाहना विरुद्ध प्रतिक्रान्ति थियो । यस प्रतिकान्तिको जरोराजा त्रिभूवनको ०१० सालमा आफूले सम्पूर्ण राजकीय अधिकार ग्रहण गरेको घोषणा र तत्कालीन जनआन्दोलनको नेतृत्व गरिरहेको नेपाली काँग्रेस भित्रको अवसरवादिता र सत्तालिप्सामा थियो । जनता आफूमा स्वतन्त्र शब्दावली हो, जस्मा जनताको स्वतन्त्र र सार्वभौमिक स्वेच्छा भाव झल्कन्छ । तत्कालीन नेपाली काँग्रेस र अन्य राजनीतिक दलहरु जानेर वा नजानेर प्रजातन्त्रको भाष्य खडा गरेर राजतन्त्रको निम्तिपनि स्पेस निर्माण गरिरहेको थियो । छाडिएको यो स्पेस नै पछि विस्तृत भएर निरंकुश राजतन्त्रमा परिणत भयो ।

त्यसो भए ००७ साल फागुन ७ गतेको ऐतिहासिक महत्व के ? के ती संघर्षहरु महत्वहीन थिए? यस्तो भन्नु इतिहासप्रति उचित दृष्टिकोण हुँदैन । हामीले इतिहासको तटस्थ विश्लेषण गर्नु उचित हुनेछ । निश्चित रुपमा ००७ फागुन ७ नेपाली इतिहासमा एउटा ऐतिहासिक दिन हो । यस्ले एकातिर जनआन्दोलनको बलमा निरंकुश राणातन्त्रबाट नेपाली जनतालाई मुक्ति दिलायो र नेपाली राजनीतिमा आधुनिक युगको शुरुआत गऱ्यो ।

**शुरुमा प्रजातन्त्र दिवसमा निहित लोकतन्त्र वा जनवादको तत्व विकसित भएर जनताको सर्वोच्चता, गणतन्त्र, र संघीयतामा विकसित भै सकेको छ । निश्चय नै वर्तमान गणतन्त्रमा थुप्रै कमी कमजोरीहरु छन् ।यस्को सञ्चालक राजनीतिक दलहरु जनप्रतिबद्ध विचारहरुबाट स्खलित र विचलित हुँदै गएका छन् । यसलाई वास्तविक अर्थमा जनताको गणतन्त्रमा परिणत गर्न थप संघर्ष र विदोहको आवश्यकता छ । तर वर्तमान गणतन्त्रको वैचारिक विकल्प ००७ सालको प्रजातान्त्रिक चेतना हुनसक्दैन ।**

तर यससंगै अर्को सत्य के पनि हो भने यो दिन शाहवंशीय राजा र उनका भारदारहरुको मुक्ति दिनपनि थियो । यसरी हेर्दा यो जनताको जनवादी दिनभन्दापनि नेपाली जनताको रैतीबाट राजाको प्रजामा परिणत भएको दिन थियो । राजा महेन्द्रले नेपाली काँग्रेसको जननिर्वाचित सरकारलाई बर्खास्त गरेर निरंकुश राजतन्त्र लागु गरेपनि नेपाली काँग्रेसकै नेतृत्वमा भएको आन्दोलनबाट राणाशासन ढलेको फागुन ७ गतेको प्रजातन्त्र दिवसलाई निरन्तरता दिनुको कारण यो नै हो ।

राणाशासन विराधी संघर्षमा नेपाली जनताले दिएका सहादतहरु उदात्त र सदा नमनीय छन् । यी सहादतहरु र जनताका संघर्षहरु, त्याग र तपस्याहरु त्यति नै महान छन्, जति अन्य जनआन्दोलनमा हुने गर्छ । तर त्यस संघर्षबाट प्राप्त उपलब्धिलाई वर्तमानको गणतन्त्र र राजनीतिक उपलब्धिहरुसंग तुलना गर्ने हो भने अहिलेका उपलब्धिहरु बढी छन् ।के पनि बिर्सनु हुँदैन भने ००७सालमा अभिव्यक्त सम्विधान सभाको चाहना ६३ वर्षपछि माओवादी जनयुद्ध र जनआन्दोलन तथा हजारौं नेपाली जनताको बलमा प्राप्त भएको हो । तुलना गर्ने हो भने ००७ सालको आन्दोलनबाट प्रवाहित राजनीतिक अधिकारको चेतनाको तुलनामा गणतन्त्रमा प्रवाहित जनताको सर्वोच्चताको चेतना अग्रगामी चेतना हो ।

००७को प्रजातन्त्र दिवस मनाएर त्यसका सहिद र राजनीतिक योगदानको कदर गर्नु आवश्यक छ, गर्नु पर्छ । तर जनयुद्ध दिवसको खारेजी तथा गणतन्त्र दिवसलाई सामान्य रुपमा मनाउने सरकारी रवैयासंग तुलना गर्ने हो भने अनेकौं प्रश्नहरु खडा हुन्छन् । के वर्तमान गणतान्त्रिक राज्यसत्ताले पनि ००७सालको राजाको प्रजा जस्तो प्रजातन्त्रको चेतनालाई निरन्तरता दिन चाहन्छ ? केहीलाई यस्तो प्रश्नको औचित्यता नलाग्न सक्छ । तर जब गणतन्त्रको चेतना प्रवाहित हुनेजनसर्वोच्चताको जनवाद र संघीयताका तार्किताहरुलाई उपेक्षा गरेर प्रजातन्त्र दिवस मनाइन्छ, अनि प्रश्न सार्थक र औचित्यपूर्ण हुनजान्छ । समग्रमा यस्ले राज्यको अपूरो दृष्टिकोण वा जसरीपनि सत्तामा टिकि रहने नियत प्रष्ट हुन्छ । र, यसैको फाइदा उठाएर कुनै बेला लोपोन्मुख दिशामा रहेका राजतन्त्रवादी अवशेषहरु नयाँ तरिकाले सक्रिय हुन थालेका हुन् । ध्यान दिनुस, राप्रपा लगायतका राजतन्त्रवादीतत्वहरु हजारौं नेपाली जनताका छोरा छोरीहरुले सहादत दिएर ल्याएको गणतन्त्र दिवस र संघीय लोकतान्त्रिक गणतन्त्रको सम्विधान दिवस मनाउन चाहँदैन, तर फागुन ७को प्रजातन्त्र दिवसलाई आफ्नो राजनीतिक अभिष्टको निम्ति प्रयोग गरिरहेको छ । यस्ले के देखिन्छ भने गणतन्त्रवादीहरुको निम्ति फागुन७को औचित्य सहिदको सम्मानसम्म मात्र हो, होइन भने यस्मा निहित राजनीतिक औचित्यले प्रतिगामी तत्वहरुलाई मात्र बल पुऱ्याउँछ । शुरुमा प्रजातन्त्र दिवसमा निहित लोकतन्त्र वा जनवादको तत्व विकसित भएर जनताको सर्वोच्चता, गणतन्त्र, र संघीयतामा विकसित भै सकेको छ । निश्चय नै वर्तमान गणतन्त्रमा थुप्रै कमी कमजोरीहरु छन् ।यस्को सञ्चालक राजनीतिक दलहरु जनप्रतिबद्ध विचार हरुबाट स्खलित र विचलित हुँदै गएका छन् । यसलाई वास्तविक अर्थमा जनताको गणतन्त्रमा परिणत गर्न थप संघर्ष र विद्रोहको आवश्यकता छ । तर वर्तमान गणतन्त्रको वैचारिक विकल्प ००७ सालको प्रजातान्त्रिक चेतना हुनसक्दैन ।

## प्रजातन्त्र दिवस सन्दर्भ :

# आर्थिक मुद्दाको सम्बोधन अबको प्राथमिकता



राजु शाक्य

सबै नेपाली जनताले फागुन ७ गतेलाई प्रजातन्त्र उदय भएको दिनका रुपमा स्मरण गर्दछन् । लामो सङ्घर्ष र शहीदहरुको ठूलो बलिदानीपछि नेपाली जनता मात्र हैन, राजसंस्था स्वयं पनि जहाँनिया राणा शासकहरुको चङ्गुलबाट मुक्त भएको दिन थियो त्यो । सङ्घीय गणतन्त्रलाई अङ्गीकार गरिसकेको नेपालले समृद्धि प्राप्तिलाई प्राथमिकतामा राख्दै देशव्यापी रुपमा ७४ औं राष्ट्रिय प्रजातन्त्र दिवस भव्यताका साथ मनाइरहेको छ, यो सबैका लागि खुशीको विषय हो ।

निरङ्कुश राणा शासनको अन्त्यपछि २०१५ सालमा पहिलो आमनिर्वाचन सम्पन्न भयो र तद्नुरुप निर्वाचित सरकार अस्तित्वमा आयो । विधान सभाबारेको चर्को बहसबीच संविधान मस्यौदा आयोगले तयार पारेको संविधानलाई तत्कालीन मन्त्रिपरिषद्ले अनुमोदन गऱ्यो । राजाबाट गल्ती हुँदैन भन्ने मान्यतामा त्यस संविधानमा राजाबाट हुने कामकार्वाहीका लागि मन्त्रिपरिषद्लाई जिम्मेवार बनाइएको थियो । द्विसदनात्मक शासन व्यवस्था अवलम्बन गरिएको थियो ।

संविधानद्वारा प्रदत्त अधिकार प्रचलनमा ल्याउन सर्वोच्च अदालतमा आवेदन गर्न सकिने प्रावधानहरु राखिएका थिए । यसमा समाविष्ट कतिपय मौलिक हकका प्रावधानहरुलाई भारतको संविधानद्वारा प्रदत्त अधिकारलाई हेरी ल्याइएको थियो । २००७ सालदेखि अस्थिर रहँदै आएको राजनीतिलाई सग्लो पार्ने र सही दिशा दिने प्रयासस्वरुप जारी भएको यो संविधानमा सबै राजनीतिक दलहरुको एकताको प्रतीकको रुपमा राजसंस्थालाई स्थान दिइएको थियो ।

केही वर्षमै निर्वाचित सरकार अपदस्थ गरिए र पार्टीहरुमाथि प्रतिबन्ध लगाइयो । प्रजातन्त्र पुनःबहालीका लागि नेपाली जनताले ३० वर्ष कुर्नुपऱ्यो । २०१७ सालमा तत्कालीन राजाबाट देशको माटो सुहाउने व्यवस्था भन्दै पञ्चायती शासन प्रणाली लागू भयो । कतिपय नेताहरु बन्दी बनाइए, कतिपय प्रवास भासिए । यो दलविहीन व्यवस्था थियो र राजालाई संविधानभन्दा माथिको हैसियत प्रदान गरिएको थियो । मुलुकको सार्वभौमसत्ता राजामा निहीत थियो । २०३६ सालमा जनमत सङ्ग्रह भयो र यसैको परिणामस्वरूप सुधारिएको पञ्चायत भन्दै संसदीय व्यवस्थाका केही चरित्रहरुलाई त्यतिखेर आत्मसात् गर्ने काम पनि भयो ।

२०४६ सालको जनआन्दोलनपछि राजा पार्टी प्रतिवन्ध फुकुवा गर्न बाध्य भए । जनआन्दोलनको जनादेशबमोजिम सार्वभौमसत्ता नेपाली जनतामा निहीत हुने गरी २०४७ सालमा नेपाल अधिराज्यको संविधान लागू भयो र त्यसै अनुरुप निर्वाचन भई लोकतान्त्रिक सरकार गठन भयो । संवैधानिक राजतन्त्रसहितको संसदीय व्यवस्थाको अभ्यास सँगसँगै नेपाली जनताले उन्मुक्त वातावरणमा सास फेर्न पाए । सङ्गठित हुन पाए । वाक् र प्रकाशन स्वतन्त्रता उपभोग गर्न पाए । फेरि पनि २०६१ साल माघ १९ गते शाही घोषणाबाट लोकतन्त्रको गला निमोठियो । दरबारको पटक पटकको हस्तक्षेपबाट आजित र आक्रोशित नेपाली जनताले २०६२-६३ को जनआन्दोलनलाई उत्कर्षमा पुऱ्याउँदै राजतन्त्रलाई सदाका लागि विदा गरिदियो ।

मुलुकको आमूल परिवर्तनका लागि सशस्त्र सङ्घर्षमा होमिएको माओवादी शक्ति पनि जनभावनाको कदर गर्दै शान्तिको मार्गमा आए । सात राजनीतिक दल र विद्रोही माओवादीबीच १२ बुँदे सम्झौता सम्पन्न भयो । विद्रोही पक्ष राष्ट्रिय राजनीतिको मूलधारमा समाहित भएपछि मुलुकले नयाँ दिशा समात्यो । त्यसपछि दोस्रो चोटि निर्वाचित भएको संविधान सभाले लामो समयको छलफल, मन्थन र विचार विमर्शपछि सङ्घीय लोकतान्त्रिक गणतन्त्रको मार्गचित्र कोर्दै तयार पारेको नेपालको संविधान २०७२ जारी भयो । यो संविधानले सङ्घीय सरकार, सात प्रदेश, ७५३ स्थानीय तह र केन्द्रमा द्विसदनात्मक विधायिका स्थापित गऱ्यो । नव नेपाल निर्माणका लागि बलियो आधारशीला तयार भयो ।

यस संविधानबाट नेपाली जनतालाई सङ्घीयता, गणतन्त्र, समावेशिता, धार्मिक स्वतन्त्रता जस्ता उपलब्धिहरु हासिल भयो । पटक पटकको जनआन्दोलनले राजनीतिक क्षेत्रलाई यथेष्ट अधिकार दिलाउन सकेका छन् । यसको श्रेय हिजोका दिन निरङ्कुश राणा शासकहरुबाट पिल्सिएका अधिकारविहीन नेपाली जनताको उन्मुक्तिका लागि भूमिगत आन्दोलनमा होमिने नेपाल प्रजा परिषद् र बन्दूकको अगाडि छाती थाप्ने ती शहीद र योद्धाहरुलाई जान्छ । फागुन ७ ले नेपाली जनतालाई यिनै सङ्घर्ष र समर्पणको स्मरण दिलाउँछ ।

अब मुलुक हाँक्ने जिम्मेवारी लिई बसेका राजनीतिक दल र तिनका नेताहरुले शहीदका सपना र जनताका अपेक्षालाई मनन गर्दै देश निर्माणमा जुट्न कुनै विलम्ब र बहानाबाजी गर्न मिल्दैन । उनीहरुले इमान्दारीपूर्वक यो दायित्व बहन गर्नुपर्छ र मुलुकको भविष्य कोर्नुपर्छ । सिंहदरबारको अधिकार क्रमशः विकट गाउँठाउँका निमुखा जनताको घरदैलो पुग्नुपर्छ । उनीहरुको अनुहारमा अभाव हैन सन्तुष्टिको भाव झल्कनुपर्छ । पुनरुत्थानवादी शक्तिहरुलाई पुनः टाउको उठाउने अवसर दिइनु हुँदैन । अगुवाले नै बाटो बिरायो भने समग्र मुलुकलाई पिरोल्ने निश्चित छ । त्यस्तो स्थिति आउन नदिन सबै जनता जागरुक हुन आवश्यक छ । पञ्चायत कालमै पनि क्षेत्रीय विकासको अवधारणालाई पाँच विकास क्षेत्रमा विभाजन गरी लागु गरिएकै थियो तर आमजनताको जीवनस्तरमा तात्विक भिन्नता आएन । किनकि नेतृत्व वर्ग असक्षम थियो, दूरदृष्टिको अभाव थियो । दरबार निकट व्यक्तिहरु मात्रै लाभान्वित भए ।

पछिल्लो सात-आठ वर्षमा आशाका किरणहरु देखा परेका छन् । जनता आशावादी छन् । मुलुकको सञ्चार क्षेत्रमा आमूल परिवर्तन भएको महसुस गरिएको छ । वाक तथा प्रकाशन स्वतन्त्रता निर्वाध रुपमा उपयोग गर्न पाइएको छ । पञ्चायती राजमा त्यस्तो स्वतन्त्रता थिएन । गाईजात्राको अवसर पारेर सरकारलाई व्यङ्ग्य गर्नुपर्ने दिन हुन्थ्यो । त्यत्तिखेर सरकारी कार्यालयहरुमा निजी क्षेत्रका पत्रपत्रिका टेबलमा फैलाएर पढ्न पाइँदैनथ्यो । सरकारी कर्मचारीले त्यसबखत देशान्तर, दृष्टि, विमर्श जस्ता साप्ताहिक पत्रपत्रिकाहरु कसैले नदेख्ने गरी एक कुनामा गएर पढ्नु पर्थ्यो । कुनै पनि निहुँ झिकेर सरकारले पत्रिकाको दर्ता रद्द गरिदिन्थ्यो । बाध्य भएर नयाँ पत्रिका दर्ता गरेर निकाल्नु पर्थ्यो । मुद्दाहरु परिरहन्थे तर त्यस बखत अदालतहरुले सरकारको निर्णय विरुद्ध फैसला दिएर पत्रपत्रिकाको प्रकाशन जोगाइदिएका कैयन नजीरहरु यहाँ स्मरणयोग्य छन् । निर्दलीय व्यवस्थामा पनि न्यायाधिकारीले प्रेसलाई सक्दो सहयोग भने गरेकै थिए भन्नुपर्छ ।

हिजोआज क्षणभरमै समाचार सुन्ने मात्र हैन हेर्न पाइने सुविधा प्राप्त भएको छ । सात समुद्रपारिका घटनालाई तत्काल प्रत्यक्ष रुपमा देख्न पाइन्छ । मुलुकको सूचना प्रविधिको क्षेत्रमा यथेष्ट प्रगति भएको छ । विश्वमै आएको सूचना प्रविधिको उच्चतम विकासलाई नेपालले पछ्याउन सकेको छ भन्दा अतिशयोक्ति नहोला ।

समयको गतिसँगै मुलुकको राजनीतिमा युगान्तकारी हलचल भइआएका छन् । त्यसले राजनीतिक क्षेत्रलाई थुप्रै उपलब्धिहरु दिलायो तर आर्थिक क्षेत्रले खासै प्रतिफल चाख्न पाएका छैनन् भन्ने उद्योग वाणिज्य क्षेत्रको शुरुदेखि गुनासो रहँदै आएको छ । मुलुकका अर्थतन्त्र कमजोर भयो, सरकारले अर्थतन्त्र उकास्ने योजना र लगानीमैत्री कार्यक्रमहरु दिन सक्नुपऱ्यो भन्ने उनीहरुको माग हो । उद्योग खोल्ने, व्यवसाय गर्ने, स्वरोजगार बन्ने व्यावहारिक नीति नहुँदा बेरोजगारी समस्या चुलिएको छ । गाँस र बासकै समस्या रहँदा छटपटिएका जनता खाडी मुलुकहरुमा श्रम बेच्न बाध्य भइरहेका छन् । अब कृषि क्षेत्रको विकास हाम्रो प्राथमिकता हुनुपर्छ । जनतालाई कृषि कर्ममा लाग्न प्रोत्साहन दिनु पर्छ । स्याउ र गोलभेंडा आयात गरेर खाने स्थितिको जति सक्दो चाँडो अन्त्य हुनुपर्छ ।

मुलुकको जलस्रोत अर्को सम्भावित क्षेत्र हो । देशभित्र विद्यमान यो प्राकृतिक सम्पदाबाट सक्दो लाभ लिने प्रयास हालैका दिनहरुमा भएका छन् । थुप्रै जलविद्युत् आयोजनाहरु निर्माणाधीन अवस्थामा छन् । भारतलाई बिजुली निर्यात गर्ने दीर्घकालीन सम्झौता सम्पन्न हुन सकेको छ, यो खुशीको विषय हो । बङ्गलादेश धेरै पहिलादेखि नेपालबाट विद्युत् खरिद गर्न लालायित रहँदै आएको छ । विदेशमा बिजुली बेच्न सकिने मार्ग प्रशस्त भएको छ ।

पर्यटन क्षेत्रलाई हामीले बढावा दिइआएका छौं तर पर्यटकको आमगन सन्तोष गर्न लायकको छैन । त्यसका लागि प्रथमतः राजनीतिक स्थिरता पूर्व शर्त हो । हिजोका दिनमा जस्तै सडक आन्दोलन गर्ने र बन्द घोषणा गर्ने परिपाटीलाई प्रश्रय नदिनु नै मुलुकको दीर्घकालीन हितमा हुनेछ । निर्माण सम्पन्न भएका अन्तर्राष्ट्रिय स्तरका विमानस्थलहरु सञ्चालनमा ल्याउन सकिएको छैन । त्यसका लागि छिमेकी मुलुकसँग सार्थक बार्ता गरिनुपर्छ, कूटनीतिक प्रयास थालिनुपर्छ ।

मुलुकको राजनीतिक क्षेत्रले ठूलै फड्को माऱ्यो, 'पाराडाइम सिफ्ट' नै भयो । सम्पूर्ण भूगोललाई समेट्दै सङ्घीय प्रणाली मातहत केन्द्र, प्रदेश र स्थानीय सरकारहरु गठन भएका छन् । स्थानीय तहमा देखिने गरी विकास निर्माणका गतिविधिहरु अघि बढेका छन् । जनताले आफूलाई मनपर्ने जनप्रतिनिधिहरु रोजेर जिम्मेवारी दिएका छन् । प्रदेश सरकारहरु जनताको जीवनस्तर उकास्न प्रयत्नरत छ ।

सिंहदरबारको अधिकार जनताको घरदैलोमा भनिए पनि त्यसो हुन नसक्दा आमजनतामा निराशा छाएको छ । समस्याहरु छन्, समयको माग सँगै ती समस्याहरुको सम्बोधन हुँदै पनि जानुपर्छ । हिजोका दिन लोकतन्त्र बहालीका लागि जेलनेल खाएका र भूमिगत राजनीति गरेका तिनै नेताहरुको अकर्मण्यताले मुलुक फेरि द्वन्द्व र सङ्कटको दलदलमा फस्ने दिन आउनु हुन्न ।

सङ्घीयताको अभ्यास थालेको केही वर्षभित्रै राज्यका सम्पूर्ण संरचनाहरु चुस्तदुरुस्त हुनेछ भन्ने आम अपेक्षा होला तर यसलाई कार्यान्वयनमै उतार्न चुनौतीपूर्ण छ यो तथ्य सबैले बुझेका छन् । 'सङ्घीयतालाई मुलुकले धान्न सकेनन्, मुलुकका लागि महङ्गो भयो' भन्ने आवाज एकातिर उठिरहेको छ भने अर्कोतिर संविधान प्रदत्त अधिकारलाई उपयोग गर्न नदिई सिंहदरबारमै शक्ति केन्द्रीकृत गर्ने ध्याउन्नामा केन्द्र सरकार उद्यत रह्यो भन्ने प्रदेश सरकारहरुको आरोप छ । स्रोत परिचालनमा आफूहरुको हात बाँधिदिंदा प्रदेश सरकार कमजोर र निरीह बन्न पुगेको उनीहरुको दलील छ । यातायातको भाडा तय गर्ने सवालमा परेको मुद्दा यसैको एक उदाहरण हो भन्न सकिन्छ ।

सङ्घीयता कार्यान्वयनका लागि आवश्यक कानुनहरु तर्जुमा भइनसक्दा पनि समस्या भएको छ । वर्तमान सरकारबाट यसै विषयमा चिन्ता र चासो व्यक्त भइआएका छन् । सरकार थाँती रहेका सङ्घीयतासम्बन्धी विधेयकहरु संसदबाट पारित गराउने र कतिपय विधेयकहरु संसदमा प्रस्तुत गर्ने तयारीमा रहेको बुझिएको छ । सरकारको यो तदारुकतालाई निर्वाचित जनप्रतिनिधिहरुले आत्मसात् गरी मुलुकमा सङ्घीय लोकतन्त्रको आधारस्तम्भलाई मजबूत पार्ने र सङ्घीयतामाथि कुनै कोणबाट पनि प्रश्न उठ्न नदिन कम्मर कसेर लागिपर्नेछन् भन्नेमा समस्त जनता आशावादी भइबसेका छन् । नेतृत्व वर्गबाट यही काम भइदिए फागुन ७ गते ज्ञात अज्ञात शहीदहरुप्रति उच्च सम्मान दर्शाएको ठहरिने छ । त्यस्ता समारोहहरु मात्र ओठे भक्ति र औपचारिकता मात्रै हुने छैनन् । (लेखक राससका नायब महाप्रबन्धक हुनुहुन्छ)

# राष्ट्रिय आकाङ्क्षा पूरा गर्न लोकतान्त्रिक मूल्यमान्यता आत्मसात् जरुरी

**टुडे समाचारदाता**

काठमाण्डु । राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले प्रजातन्त्र दिवस-२०८० को शुभअवसरमा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको राष्ट्रिय आकाङ्क्षा पूरा गर्नका लागि लोकतान्त्रिक मूल्यमान्यतालाई आत्मसात् जरुरी भएको बताएका छन् ।

अध्यक्ष तिमिल्सिनाले एक शुभकामना सन्देश जारी गर्दै संविधानले समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने सङ्कल्पसहित सङ्घीयता, धर्मनिरपेक्षता, लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक हक तथा मानवअधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता र स्वतन्त्र, सक्षम र निष्पक्ष न्यायपालिकाजस्ता आधारभूत विशेषतालाई संविधानको प्रस्तावनामा अङ्गीकार गर्दै न्याय र समानतामा आधारित समाजवादेन्मुख अर्थतन्त्र निर्माण गर्ने लक्ष्य लिएको उल्लेख गरेका छन् ।

"प्रजातन्त्रकै जगमा रहेर वर्तमान नेपालको संविधानमार्फत जनतामा नीहित सार्वभौमसत्ता, स्वशासन र स्वायत्तताको अधिकार प्राप्त सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासन व्यवस्था अवलम्बन गरेका छौँ", उनले भने, "यसले नागरिकहरूमा स्वतन्त्रताको अधिकारको संरक्षण प्रदान गरी सम्मानपूर्वक बाँच्न पाउने अधिकारको सुनिश्चितता प्रदान गरेको उल्लेख गर्नुभएको छ ।"

शुभकामना सन्देशमा कठिन सङ्घर्ष, चुनौती त्याग र बलिदानको फलस्वरुप निरंकुश राणाशासनको अन्त्य भएको दिनको सम्झनामा प्रत्येक वर्ष फागुन ७ गते प्रजातन्त्र दिवस मनाउने उल्लेख छ । नेपाली जनताको प्रजातन्त्रप्रतिको समर्पित भावना र दृढ इच्छाशक्तिकै कारण प्रजातन्त्रको स्थापना सम्भव भएको उनको भनाइ छ ।

"सुङ्घ, प्रदेश र स्थानीय तहको राजनीतिक तथा शासकीय संरचनामार्फत शासन, विकास र सेवा प्रवाहको अवसर र लाभ वितरण प्रत्यक्षरूपमा जनस्तरमा प्राप्त भएको छ", सन्देशमा भनिएको छ, "यसले स्थानीय नागरिकहरूमा सरकार र शासनको अपनत्वको भावना विकास भई स्थानीय स्रोतसाधनको प्रभावकारी परिचालनमार्फत देश विकासमा महत्त्वपूर्ण योगदान पुगेको छ ।"

नेपालको एक सय चार वर्ष लामो निरङ्कुश तथा जहानिय तानाशाही राणाशासनको अन्त्य गरी प्रजातन्त्र स्थापनाका लागि आफ्नो अमूल्य जीवन बलिदान गर्नुहुने अमर सहिदहरूप्रति अध्यक्ष तिमिल्सिनाले भावपूर्ण श्रद्धाञ्जलि अर्पण गरेका छन् ।

# शिक्षा विधेयक परिमार्जनसहित पारित हुने प्रधानमन्त्रीको भनाइ

**टुडे समाचारदाता**

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले सङ्घीय संसदमा विचाराधीन ' विद्यालय शिक्षा विधेयक' परिमार्जन गरी पारित हुने बताएका छन् ।

समाजवादी शैक्षिक मञ्चले सोमबार यहाँ आयोजना गरेको 'नेपालको शैक्षिक आन्दोलन र विद्यालय शिक्षा विधेयक' विषयक कार्यशालामा प्रधानमन्त्रीले सो विधेयकलाई परिमार्जन गरी समृद्ध बनाइने उल्लेख गरे । प्रधानमन्त्रीले संसदमा विचाराधीन विधेयकबारे गठबन्धन दल र प्रतिपक्षीसँग समेत छलफल गरिएको जानकारी गराउँदै संसदमा दर्ता भएका संशोधन प्रस्तावका आधारमा विधेयक संशोधन हुने बताए ।



प्रधानमन्त्रीले भने, ''विधेयक संसदमा विचाराधीन रहेकाले शिक्षक-कर्मचारी, शैक्षिक क्षेत्रका ट्रेड यूनियनहरू, शिक्षाविद्, विद्यार्थीसम्वद्ध सङ्घ-सङ्स्थाहरू, सरोकार पक्ष र अभिभावकका समेत सुझावहरू समेटेर यसमाथि आवश्यक संशोधन गर्न सरकार सचेत छ । यसबारे मैले गठबन्धनमा पनि कुरा गरेको छु । प्रतिपक्षसँग पनि कुरा भएको छ । छिट्टै हामी निष्कर्षमा पुग्छौँ ।"प्रधानमन्त्रीले विद्यालय कर्मचारी र बालशिक्षाका शिक्षकहरूको मुद्दा र विगतमा गरिएका सहमति कार्यान्वयनको विषयलाई आफूले गम्भीरतापूर्वक लिएको जानकारी दिए ।

उनले भने, ''विद्यालय कर्मचारी र बालशिक्षाका शिक्षकको मुद्दा पनि महत्वपूर्ण छ । यसलाई सम्बोधन गर्नेमा सरकार सचेत छ । शिक्षकसम्बद्ध सङ्गठनहरू र सरोकार पक्षसँग विगतमा विभिन्न चरणमा राज्यले गरेका सहमति र सम्झौताहरू कार्यान्वयन गर्न सरकार प्रतिवद्ध छ ।"प्रधानमन्त्रीले बौद्धिक जनशक्तिको पलायनलाई रोक्न देशभित्रै सम्भव छ भन्ने सकारात्मक भाष्यको निर्माण गर्न जरूरी रहेको बताए । उनले बौद्धिक पलायनलाई रोक्न विश्वबजारमा प्रतिस्पर्धी र गुणस्तरीय जनशक्ति उत्पादन गर्ने कार्यभारलाई केन्द्रमा राखेर काम गर्नुपर्नेमा जोड दिऐ ।

उनले भने, ''सोमबारको हाम्रो प्रमुख बहस भयावह रूपमा देखापरेको बौद्धिक पलायनलाई रोक्न विश्वबजारमा प्रतिस्पर्धी र गुणस्तरीय जनशक्ति उत्पादन गर्नु हो । त्यसका निम्ति आम नागरिकमा 'देशभित्रै सम्भव छ' भन्ने सकारात्मक भाष्य निर्माण गर्न आवश्यक छ । गुणस्तरीय, प्रतिस्पर्धी, नवप्रवर्तनमुखी शिक्षाको विकासमा गुणात्मक प्रगति हासिल गर्ने आधार र उपायहरूको खोजी गर्नु हाम्रो महत्वपूर्ण कार्यभार हो ।"प्रधानमन्त्रीले शैक्षिक क्षेत्रमा गुणात्मक सुधार ल्याउन विश्वविद्यालयहरूमा दण्ड-पुरस्कार र मेरिटोक्रेसीमा जोड दिइएको बताए ।

प्रधानमन्त्रीले भने, ''मैले विश्वविद्यालयलगायत शैक्षिक संस्थाहरूमा 'मेरिटोक्रेसी'का आधारमा नियुक्ति गर्ने, शैक्षिक क्षेत्रमा दण्ड र पुरस्कारको व्यवस्था गर्ने घोषणा गरेको छु, त्यसको कार्यान्वयन पनि हुँदैछ । यसले राजनीतिक तथा शैक्षिक नेतृत्वप्रति आम नागरिक र विद्यार्थीको विश्वास पुनर्जागृत हुने मैले अपेक्षा गरेको छु ।"कार्यक्रममा नेकपा (एकीकृत समाजवादी) का उपाध्यक्ष राजेन्द्र पाण्डेलगायतका वक्ताहरूले मञ्च समाजवादउन्मुख शिक्षाको बहसमा केन्द्रित हुनुपर्ने बताए ।

# सहकारीलाई बदनाम गर्ने प्रयास भइरहेको ओलीको भनाइ

**टुडे समाचारदाता**

काठमाण्डु । नेकपा (एमाले) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले देश विकासका लागि सहकारी क्षेत्रको महत्वपूर्ण भूमिका रहेको बताएका छन् ।

राष्ट्रसेवक सहकारी संस्था लिमिटेडको पाँचौं राष्ट्रिय सहकारी भलालाई सम्बोधन गर्दै अध्यक्ष ओलीले नेपालजस्तो देशको विकासका लागि सहकारी अपरिहार्य भए पनि पछिल्लो समयमा सहकारीलाई बदनाम गराउने प्रयास भइरहेकामा चिन्ता व्यक्त गरे । सहकारीको महत्व र गरिमालाई कायम राख्न यस क्षेत्रमा देखिएका विकृति हटाउन तथा सहकारीलाई बदनाम हुन नदिन सम्बन्धित सबै पक्ष सचेत हुनुपर्ने उनको भनाइ थियो ।

अध्यक्ष ओलीले गैरसहकारी व्यक्ति सहकारीमा प्रवेश गरेर ठगी धन्दामा लागेका तथा नाफा कमाउने व्यवशायका रुपमा सहकारीलाई प्रयोग गर्न खोजेको बताए ।



फरक प्रसङ्गमा अध्यक्ष ओलीले त्रिभुवन विश्वविद्यालयको उपकुलपतिमा योग्य र क्षमतावान व्यक्ति नियुक्ति गरिनुपर्ने खाँचो रहेको औंल्याए । उपकुलपतिमा भागबण्डा नगरी उपयुक्त व्यक्ति नियुक्त गरिनुपर्ने उनको भनाइ थियो ।नेपालमा अझै पनि प्रजातान्त्रिक मूल्य, मान्यता र अभ्यासको खडेरी रहेको जिकिर गर्दै अध्यक्ष ओलीले आफ्नो पार्टीले नेतृत्व गरेको सरकारले बसालेको लोकतान्त्रिक थितिलाई निरन्तरता दिनुपर्नेमा जोड दिए ।

# सरकार र जनताबीचको पुल बन्नुपर्छ : सञ्चार सचिव

**टुडे समाचारदाता**

काठमाण्डु । सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव रामकृष्ण सुवेदीले राज्यको एकमात्र समाचार समितिका रुपमा रहेको राष्ट्रिय समाचार समितिले जनता र सरकारबीच पुलको काम गर्नुपर्ने बताएका छन् ।

रासससको ६३औं वार्षिकोत्सवका अवसरमा सोमबार भद्रकालीप्लाजामा आयोजित विशेष समारोहमा उनले सरकारका काम जनता समक्ष पुऱ्याउने र जनताको अपेक्षा सरकारसम्म पुऱ्याउन रासससले भूमिका खेल्नुपर्नेमा जोड दिए ।



आधिकारिक, तथ्यपरक र विश्वसनीय समाचार सम्प्रेषणमा रासससले ध्यान दिनुपर्ने भन्दै सचिव सुवेदीले सेवा प्रवाहमा सुधारका साथै सेवाग्राहीको अपेक्षाअनुसारका समाचार सामग्री उपलब्ध गराउन निर्देशन दिए । उनले सूचना प्रविधिको विकाससँगै सञ्चारका क्षेत्रमा व्यापक परिवर्तन आएको समयमा आम सञ्चारमाध्यमका स्वरूप बदलिएर प्रतिस्पर्धा पनि बढेकाले छिटो समाचार दिने नाममा गलत सूचना प्रवाह हुन सक्नेतर्फ सञ्चारमाध्यम सजग हुनुपर्ने बताए ।

"छिटो समाचार सम्प्रेषण गर्ने होडबाजीमा सञ्चारमाध्यमहरू बेलाबखत निष्पक्ष, सही र आधिकारिक सूचना दिनबाट चुक्न पुगेका छन् । कतिपय अवस्थामा पाठक, स्रोता र दर्शक सही सूचना पाउनबाट बञ्चित भई भ्रमित पनि हुन पुगेका छन्", सचिव सुवेदीले भने, "यस परिप्रेक्ष्यमा आफूलाई थप प्रतिस्पर्धी र व्यावसायिक बनाई आधिकारिक, प्रामाणिक र सही सूचना सम्प्रेषण गरी सञ्चारमाध्यमको पहिलो रोजाइ बन्न रासससले थप मेहनत गर्नुपर्दछ ।"

सचिव सुवेदीले बदलिँदो परिस्थितिमा रासससदलाई विश्वस्तरीय समाचार समितिका रुपमा रासससको विकास गर्नुपर्ने उल्लेख गरे । मन्त्रालयले आम सञ्चार नीति र ऐन तर्जुमाको काम अघि बढाएको उनले जानकारी दिए ।

नेपाल पत्रकार महासङ्घका अध्यक्ष बिपुल पोखेलले पत्रकारिता क्षेत्रलाई श्रम शोषणमुक्त क्षेत्रका रुपमा विकास गर्नुपर्ने उल्लेख गर्दै यस अभियानमा अभिभावकत्व ग्रहण गर्न सरकारसँग आग्रह गरे । आम सञ्चार क्षेत्र अत्यन्त संवेदनशील रहेको जनाउँदै उनले आमसञ्चारसम्बन्धी कानुन तत्काल तर्जुमा गर्न अनुरोध गरे । रासससका कार्यकारी अध्यक्ष धर्मेन्द्र झाले सेवाको विविधीकृत र स्तरीय सेवा प्रवाहमा राससस केन्द्रित रहेको बताए । "त्यसका लागि कर्मचारीलाई उत्प्रेरित गर्ने तथा कर्मचारीको वृत्तिविकासमा लागि परेको छौँ", उनले भने, "रासससको विषयवस्तुमा देश झल्कनुपर्छ, त्यसका लागि जनशक्तिको पनि विविधीकृत हुनुपर्छ ।"

उनले सरकारको मार्ग निर्देशनलाई कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गर्दै समाचारको विषयवस्तुलाई गुणस्तरीय बनाइएको बताए । रासससले मातृभाषामा पनि समाचार सेवा प्रवाह गर्न थालेको जानकारी दिँदै कार्यकारी अध्यक्ष झाले अबको समाचार समितिको २४सै घन्टा सेवा निरन्तर हुनुपर्ने मान्यताका साथ त्यसको तयारी थालिएको उल्लेख गरे ।

महाप्रबन्धक सिद्धराज राईले सेवा विविधीकरणमा केन्द्रित रासससले पछिल्लो समय मातृभाषामा पनि समाचार सेवा सुरु गरेको बताए ।

> छिटो समाचार सम्प्रेषण गर्ने होडबाजीमा सञ्चारमाध्यमहरु बेलाबखत निष्पक्ष, सही र आधिकारिक सूचना दिनबाट चुक्न पुगेका छन् । कतिपय अवस्थामा पाठक, स्रोता र दर्शक सही सूचना पाउनबाट बञ्चित भई भ्रमित पनि हुन पुगेका छन्", सचिव सुवेदीले भने, "यस परिप्रेक्ष्यमा आफूलाई थप प्रतिस्पर्धी र व्यावसायिक बनाई आधिकारिक, प्रामाणिक र सही सूचना सम्प्रेषण गरी सञ्चारमाध्यमको पहिलो रोजाइ बन्न रासससले थप मेहनत गर्नुपर्दछ ।

रासससलाई विश्वस्तरीय प्रतिस्पर्धी समाचार समिति बनाउन पत्रकार तथा कर्मचारीको क्षमता अभिवृद्धि, संस्थागत तथा संरचनात्मक सुधार थालिएको उनले जानकारी दिए ।

समाचारको गुणस्तर सुधार गर्न हरसम्भव प्रयास गरिएको उल्लेख गर्दै महाप्रबन्धक राईले समाचारादतालाई तालिम र अभिमुखीकरण गर्ने कार्य निरन्तर रहेको बताए । उनले पछिल्लो एक वर्षमा रासससबाट एक लाख ३७ हजार सात सय ९७ समाचार सामग्री सम्प्रेषण भएको जानकारी दिए । नेपाल राष्ट्रिय कर्मचारी सङ्गठन रासससका अध्यक्ष प्रेमप्रसाद उपाध्यायले कर्मचारीको वृत्तिविकासमा ध्यान दिन व्यवस्थापनको ध्यानाकर्षण गराउँदै रासससलाई प्रभावकारी रुमपा अघि बढाउन नेतृत्वदायी भूमिका निर्वाह गर्न सञ्चार मन्त्रालयसँग आग्रह गरे ।

राससस कर्मचारी युनियनका अध्यक्ष कालिका खड्काले कर्मचारीलाई सीप र क्षमताअनुसारको जिम्मेवारी दिन तथा क्रियाशील पत्रकारलाई उचित पारिश्रमिकको व्यवस्था गर्न आग्रह गरे । राससस कर्मचारी सङ्घ र नेपाल पत्रकार महासङ्घ राससस प्रतिष्ठान शाखाका अध्यक्ष पवित्रा गुरागाईंले पत्रकार तथा कर्मचारीलाई प्रोत्साहित हुने कार्यक्रम ल्याउन, वृत्तिविकासमा ध्यान दिन, अन्तर ाष्ट्रियस्तरको तालिमको व्यवस्था गर्न सुझाव दिए । सो अवसरमा मन्त्री शर्माले नेपाल राष्ट्रिय कर्मचारी सङ्गठन रासससले स्थापना गरेको 'आदित्यध्वज जोशी स्मृति पुरस्कार-२०८०' राजिनन साह र रामबहादुर थापालाई प्रदान गरे । उक्त पुरस्कारको राशि जनही रु सात हजार पाँच सय रहेको छ ।

राससस कर्मचारी सङ्घले स्थापना गरेको 'वासु रिमाल यात्री स्मृति पुरस्कार-२०८०' मनोज लामिछाने र बलबहादुर विश्वकर्मालाई प्रदान गरियो । उक्त पुरस्कारको राशि जनही रु सात हजार सात सय ७७ रहेको छ । नेपाल पत्रकार महासङ्घ राससस प्रतिष्ठान शाखाले स्थापना गरेको 'राससस पत्रकारिता पुरस्कार-२०८०' नारायणप्रसाद घिमिरे र मोहम्मद सदरुललाई प्रदान गरियो । उक्त पुरस्कारको राशि जनही रु १० हजार रहेको छ । राससस पूर्वकर्मचारी सम्मान रासससका पूर्वमहाप्रबन्धक वासुदेव श्रेष्ठलाई प्रदान गरियो । राससस दाङ जिल्ला कार्यलयका प्रमुख नारायणी रजौरेले आफ्ना मातापिता र भाईको स्मृतिमा स्थापना गरेको 'उमाकान्त-गीतादेवी-चन्द्रमणि रजौरे स्मृति पुरस्कार' रासससका तनहुँ जिल्ला समाचारदाता मिलाकुमारी दरैलाई प्रदान गरियो ।

समारोहमा सञ्चार मन्त्री शर्माले रासससले प्रकाशन गरेको 'राससस अनुभव र अनभूति २०१८-२०८०' को लोकार्पण गरेका थिए । पुस्तकमा रासससका संस्थापक रामराज पौड्याल, गोविन्द वियोगी र मणिन्द्रराज श्रेष्ठसहित पूर्व कर्मचारीको अनुभव र अनुभूति सङ्ग्रहित गरिएको छ ।

# सञ्चार क्षेत्रका कानुन निर्माण प्राथमिकतामा : सञ्चारमन्त्री

**टुडे समाचारदाता**

काठमाण्डु । सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले सङ्घीयताको मर्म र भावनाअनुसार सञ्चार क्षेत्रका कानुन निर्माण सरकारको प्राथमिकतामा रहेको बताएकी छन् । राष्ट्रिय समाचार समिति (राससस)को ६३औं वार्षिकोत्सवका अवसरमा सोमबार राससस केन्द्रीय कार्यालयमा आयोजित समारोहलाई सम्बोधन गर्दै सञ्चारमन्त्री शर्माले सङ्घीयताको भावनासँग अनुकूल हुनेगरी विद्यमान कानुन संशोधन र नयाँ कानुन निर्माण गरिने बताएकी हुन् ।



"सञ्चारमाध्यमसँग सम्बन्धित सबै सरोकारवालासँग सहकार्य गर्दै सङ्घीयताको मर्म र भावनाअनुरूप स्थानीय तहसम्मै अनुभूति हुनेगरी कानुनमा संशोधन, परिमार्जन एवं नयाँ कानुन बनाई समसामयिक सुधार गर्न सरकार लागिपरेको छ", मन्त्री शर्माले भनिन्, "सङ्घीय संरचना तथा अभ्यासबाट विकसित परिवेशअनुसार प्रदेश र स्थानीय तहलाई पनि बलियो बनाउने गरी आमसञ्चारका क्षेत्रमा नीति र कानुन निर्माणमा जोड दिएका छौँ ।"

आमसञ्चार क्षेत्रको पुनःसंरचनाका लागि नीतिगत तथा कानुनी सुझाव दिन आमसञ्चार क्षेत्र सुधार सुझाव समिति गठन गरेको र सो समितिको प्रतिवेदनलाई मुख्य आधार बनाई नेपाल मिडिया काउन्सिल विधेयक र आम सञ्चार विधेयक तयार गरिएको पनि मन्त्री शर्माले बताईन् ।

पत्रकारिता तथा सञ्चार क्षेत्रलाई थप प्रतिस्पर्धी, व्यावसायिक र जिम्मेवार बनाउने विषयमा सरकार गम्भीर रहेको पनि मन्त्री शर्माले उल्लेख गरिन् । "नेपालको संविधानले प्रत्याभूत गरेको पूर्ण प्रेस स्वतन्त्रतालाई संरक्षण गर्दै पत्रकारिता क्षेत्रलाई थप विकसित, व्यावसायिक र समृद्ध बनाउँदै लैजाने कुरामा वर्तमान सरकार प्रतिबद्ध एवं क्रियाशील छ", उनले भनिन्, "विगतमा पत्रकारिता क्षेत्रले जनताको राजनीतिक अधिकार प्राप्तिका लागि राजनीतिक दलसँगै रहेर आफ्नो क्षेत्रबाट योगदान गरेको थियो । अब राजनीतिक उपलब्धिको रक्षा र विकास गर्दै जनताको जीवनस्तर रुपान्तरणमा महत्वपूर्ण भूमिका खेल्नु आवश्यक छ ।"

सरकारले सुशासन, सामाजिक न्याय र समृद्धिमा केन्द्रित रहेर जनताको जीवन रुपान्तरणमा सिङ्गो मुलुकलाई एकताबद्ध गरेर लैजाने प्रयास गरिरहेको पनि मन्त्री शर्माले दाबी गरिन् । अहिलेको सरकारले पछिल्लो एक वर्षमा सेवा प्रवाहलाई सरल, कम खर्चिलो र झन्झटमुक्त बनाइएको पनि उनले बताईन् । नक्कली भुटानी शरणार्थी, ललिता निवास प्रकरण, सुनको अवैध ओसारपसारलगायत भ्रष्टाचारमा छानविनलाई सहयोग गर्न सरकार दृढ रहेको पनि उनले उल्लेख गरन् ।

"अनुचित लेनदेनसम्बन्धी कारोबारको अन्त्यलगायत सामाजिक न्यायको क्षेत्रमा महत्वपूर्ण काम भएका छन् । अब सरकारले समृद्धिका क्षेत्रमा देखिने गरी काम अघि बढाउन खोजिरहेको छ", शर्माले भनिन्, "कृषि, पर्यटन, जलस्रोत र सूचना प्रविधिलगायत क्षेत्रमा लगानी केन्द्रित गरेर आर्थिक समृद्धिको ढोका खोल्न सकिन्छ भन्नेमा सरकार विश्वस्त छ ।"

राज्य र जनताकाबीचमा पुलको भूमिका निर्वाह गर्ने सञ्चारमाध्यमले महत्वपूर्ण भूमिका खेल्ने उनले उल्लेख गरिन् । रासससले गुणस्तरीय सामग्री उत्पादनमा जोड दिएर देशभित्र मात्र नभई अन्तर्राष्ट्रियस्तरमा समेत विश्वका अन्य समाचार एजेन्सीसँगको प्रतिस्पर्धा गर्नसक्नुपर्ने बताईन् । अहिलेकोडिजिटलयुगमाआफूलाई समयनुकूल परिवर्तन गरी सेवा प्रवाहको गुणस्तरमा सुधार गर्नुपर्ने उनले उल्लेख गरिन् । यस कार्यमा मन्त्रालयकोतर्फबाट आवश्यक सहयोग र सहजीकरण गर्ने पनि उनले बताईन् ।

"रासससलाई अझ बढी विश्वसनीय र प्रभावकारी बनाउन श्रव्यदृश्य समाचार सेवालाई प्राथमिकता दिई यसका लागि आवश्यक जनशक्तिलाई तालिमको व्यवस्थापनका साथै आवश्यक साधनस्रोत र कर्मचारीकोवृत्तिविकासमासरकारबाट आवश्यक सहयोग हुने विश्वास दिलाउन चाहन्छु", उनले भनिन् "आफ्नो व्यावसायिक क्षमता अभिवृद्धि गर्दै आत्मनिर्भर बन्नेतर्फ पनि व्यवस्थापनसहितको राससस परिवारले विशेष ध्यान दिन आग्रह गर्दछु ।"


**Government of Madhesh Pradesh**

## Ministry of Labour and Transport

**Janakpurdham**

## Invitation for Sealed Quotation

**Second Published Date: 2080/11/08**

1. Ministry of Labour and Transport, Madhesh Pradesh, Janakpurdham invites sealed quotation registered suppliers for the supply and delivery of 125cc class motorcycle.

| S. N. | Contract ID No. | Name of work | Total Estimated Amount (NRs.) | Bid Security Amount (NRs.) | Cost of Bidding Document (NRs.) | Last Date and Time of Bid Submission | Bid Opening Date and Time |
|---|---|---|---|---|---|---|---|
| 1 | MOLT/MP/SQ/GOODS/080/81/01 | Purchase of 125cc Class Motorcycle (6 Units) | 15,00,000/- | 37,500/- | 1,000/- | 2080/11/23 up to 12:00 P.M. | 2080/11/23 2:00 P.M. |

2. Eligible bidders may obtain further information from the office of Ministry of Labour and Transport, Madhesh Pradesh, Janakpurdham or enquire through info.molt@madhesh.gov.np

जनकपुर टुडे



## पपुवा न्यु गिनीमा जातीय भिडन्तमा कम्तीमा ६४ जनाको मृत्यु

एएफपी

सिड्नी। पपुवा न्यू गिनीको उच्च पहाडी क्षेत्रमा भएको जातीय द्वन्द्वमा परी कम्तीमा ६४ जनाको मृत्यु भएको स्थानीय सञ्चारमाध्यमले सोमबार जानकारी दिएका छन्।

पपुवा न्यूगिनीको स्थानीय पत्रिका पोस्ट कुरियरका अनुसार एङ्गा प्रान्तको वापेनामान्डाको प्रहरीले आइतबार बिहानदेखि सुरु भएको भिडन्तपछि सडक किनार, घाँसे मैदान र पहाडबाट ६४ जनाको शव फेला परेको पुष्टि गरेको छ।

सुरक्षाकर्मीले झाडीमा अझै केही शव रहेको बताएका छन्। यसअघि अस्ट्रेलियाली समाचार संस्था एबिसी न्युजले आदिवासी समुदायबीचको भिडन्तमा कम्तीमा ५३ जनाको मृत्यु भएको र झाडीमा अझै धेरै मानिसको मृत शरीर रहेको हुनसक्ने बताएको थियो।

रोयल पपुवा न्यू गिनी कान्स्टेबुलरीका कार्यवाहक सुपरिटेन्डेन्ट जर्ज काकासले भन्नुभयो, “मैले एङ्गामा देखेको यो अहिलेसम्मकै सबैभन्दा ठूलो सामुहिक हिंसा हो।एबीसी न्यूजका अनुसार सन् २०२३ मा ६० जनाभन्दा बढीको ज्यान लिने आदिवासी समुदायको लडाइँ यही जनजातिसँग सम्बन्धित रहेको बुझिएको छ। बढ्दो जनजातीय द्वन्द्व नियन्त्रणका लागि एङ्गा प्रान्तमा सन् २०२२ मा केही महिनाका लागि लकडाउन गरिएको थियो।

# युक्रेनका प्रधानमन्त्रीद्वारा युक्रेनको पुनर्निर्माणमा सहयोग गर्न जापानसँग आग्रह

एएफपी

टोक्यो । युक्रेनका प्रधानमन्त्री डेनिस स्मिगलले सोमबार जापान सरकार र निजी क्षेत्रसँग मुलुकको पुनर्निर्माणका लागि सहयोग बढाउन आग्रह गर्नुभएको छ । साथै उहाँले रुससँगको करिब दुई वर्ष पुरानो युद्ध समाप्त भएपछि ‘आर्थिक चमत्कार’ हुने प्रतिबद्धता व्यक्त गर्नुभएको छ।

“पूर्ण मात्रामा आक्रमण सुरु भएदेखि जापानले युक्रेनलाई १० अर्ब डलरभन्दा धेरै विभिन्न सहयोग प्रदान गरेको छ, यसबाट जापान युक्रेनलाई वित्तीय सहयोग गर्ने चौथौ सबैभन्दा ठूलो मुलुक बनेको छ”, जापान र युक्रेनका करिब तीन सय सरकारी तथा व्यापारिक नेताहरूको एक सम्मेलनमा उहाँले भन्नुभयो, “रुसका कारण भएको भीषण युद्धका क्रममा उक्त कोषका लागि धन्यवाद, लाखौं युक्रेनी बाँच्न सक्षम भएका छन्।”युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले पनि भिडियो लिङ्कमार्फत टोक्योमा सम्मेलनलाई सम्बोधन गर्ने कार्यक्रम थियो तर यसलाई पछि रद्द गरियो। आयोजकले यसबारे विस्तारमा केही बताएका छैनन्।

“युक्रेनमा पुनर्निर्माण प्रयासका लागि निजी क्षेत्र प्रमुख इन्जि हो, हामी युक्रेनको आधुनिकीकरण र पुनर्निर्माणमा जापानसँग मिलेर काम गर्न चाहन्छौं, तपाईंहरू सबै युक्रेनका लागि आर्थिक चमत्कारको हिस्सा बन्नुहोस् भन्ने हामी चाहन्छौं”, प्रधानमन्त्री स्मिगलले भन्नुभयो, “जति कम्पनीले अहिले युक्रेनी अर्थतन्त्रमा लगानी गर्छन् अहिले तपाईंहरूले विश्वास गर्न नसक्ने गरी उनीहरू




आगामी केही वर्षमा लाभ र अवसर प्राप्त गर्न सक्षम हुनेछन्, युक्रेनको सफलता हाम्रो मात्र सफलता होइन, यो तपाईंहरूको पनि सफलता हो।”

जापानले गत वर्ष तयारी मालसामानको निर्यात नियन्त्रणलाई खुकुलो बनाएको छ। यसबाट उसलाई अमेरिकाजस्ता युक्रेनको हतियारको प्रमुख आपूर्तिकर्ताहरूबीच रक्षा उपकरणहरूमा अन्तरलाई भर्न सहयोग प्राप्त भएको छ। टोक्योले युक्रेनलाई विमान पत्ता लगाउने प्रणाली र मोबाइल विद्युत् जेनेरेट जस्ता ‘गैर-घातक सहयोग’ पनि प्रदान गरेको छ।

गत साता विश्व बैंक, युरोपेली सङ्घ (इयु) र संयुक्त राष्ट्रसङ्घले एउटा संयुक्त प्रतिवेदनमा आगामी दशकमा युक्रेनको पुनर्निर्माणको लागत चार खर्ब ८६ अर्ब डलर हुने अनुमान गरेका थिए। यसमा सन् २०२४ मा मात्रै १५ अर्ब डलर पनि समावेश छ। संयुक्त विज्ञप्तिअनुसार जापानी प्रधानमन्त्री फुमियो किसिदाले सोमबार युक्रेन र युक्रेनी जनताको स्वतन्त्रताको रक्षा र क्षेत्रीय अखण्डता कायम गर्नमा सहयोग गर्नका लागि जापानको प्रतिबद्धताको पुष्टि गर्नुभएको छ। विज्ञप्तिमा उहाँले युक्रेनको अर्थतन्त्रको स्थिरता सुनिश्चित गर्नका लागि आवश्यक दीर्घकालीन सहयोग प्रदान गर्ने प्रतिबद्धता पनि दोहोर्याउनुभएको छ।

दुवै पक्षले आधारभूत संरचनाको पुनर्निर्माण, उत्खनन, कृषि र सुशासन अभिवृद्धिलगायत धेरै सम्झौतामा हस्ताक्षर गरेका छन् । जापान भ्रमण गर्ने युक्रेनी व्यवसायीहरूका लागि भिसा नियमलाई खुकुलो बनाउने विषयमा पनि जापान सरकार सहमत भएको छ। रुसी सेनाले पूर्वी युक्रेनी किल्ला अभ्दाइभ्कालाई पुनः कब्जा गरेपछि र अमेरिकामा ६० अर्ब डलरको सैन्य सहयोग कांग्रेसमा रोकिएपछि उक्त सम्मेलन भएको हो।

# विश्वकप क्रिकेट लिगमा नेदरल्यान्ड्सको शानदार जित

टुडे समाचारदाता



काठमाण्डु । आइसिसी विश्वकप क्रिकेट लिग-२ को त्रिकोणात्मक शृंखलाअर्न्गत सोमबार भएको खेलमा नेदरल्यान्ड्सले नामिबियालाई सात विकेटले पराजित गर्दै प्रतियोगितामा पहिलो जित दर्ता गराएको छ।

कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा सोमबार भएको खेलमा नामिबियाले प्रस्तुत गरेको एक सय २४ रनको सामान्य लक्ष्य नेदरल्यान्ड्सले २७ दशमलव दुई ओरभमा तीन विकेट गुमाउँदै पूरा गर्‍यो । यस जितसँगै नेदरल्यान्ड्सले दुई खेलमा दुई अङ्क जोडेको छ । पहिलो खेलमा नेदरल्यान्ड्स नेपालसँग नौ विकेटले पराजित भएको थियो।

समान दुई खेल नै खेलेको नामिबियाको पनि समान दुई अङ्क नै छ। पहिलो खेलमा नामिबियाले नेपाललाई चार विकेटले हराएको थियो । नेदरल्यान्ड्सको जितमा माइकल लेभिटले सर्वाधिक ५७ रनको योगदान दिए । उनले ८१ बल खेल्दै आठ चौका र दुई छक्का प्रहार गरे। त्यसैगरी म्याक्स ओडोउडले २८ रन बनाउदा बास डी लिडेले अविजित २१ रन बनाए।

नामिबियाका लागि कप्तान जेर्राड एरास्मसले तीन विकेट लिए।

टस हारेर पहिले ब्याटिङको निम्तो पाएको नामिबियाले ३५ दशमलव एक ओभरमा सबै विकेट गुमाउँदै एक सय २३ रनको योगफल बनाएको थियो । नामिबियाका लागि जेजे स्मिथले २६, जान ग्रिनले १९, रुबेन ट्रम्पलम्यानले २०, निकोलस डाभिन र कप्तान जेर्राड एरास्मसले समान १३/१३ तथा वेर्नार्ड स्कोल्ट्जले १२ रन बनाए ।नामिबियालाई सस्तैमा समेट्नेक्रममा नेदरल्यान्ड्सका आर्यन दत्त एक्लैले छ विकेट लिए भने कायल केलिनले दुई विकेट झारे। त्यस्तै रोलेफ भान डेर मार्वे र म्याक्स ओडोउडले समान एक/एक विकेट झारे।

# सरकारद्वारा आन्दोलनरत चिकित्सकलाई काममा फर्कन निर्देशन

एएफपी



सियोल। प्रशिक्षार्थी चिकित्सकले चिकित्सा तालिम सुधारको विरोधमा सामूहिक राजीनामा दिएपछि दक्षिण कोरियाले उनीहरूलाई सोमबार काममा फर्कन आदेश दिएको छ। दक्षिण कोरियाले विकसित देशहरूमध्ये सबैभन्दा कम चिकित्सक र जनसंख्याको अनुपात रहेको बताएको छ र सरकारले डाक्टरहरूको संख्या बढाउन कडा प्रयास गरिरहेको छ।

तर चिकित्सकहरूले मेडिकल कलेजमा भर्ना दर बढाउने सरकारको नयाँ योजनाको चर्को विरोध गर्दै यसले सेवा प्रवाहको गुणस्तरमा असर पार्ने दाबी गरेका छन्। आलोचकहरूका अनुसार चिकित्सकहरू मुख्यतया सुधारले उनीहरूको तलब र सामाजिक स्थितिलाई खस्कन सक्ने चिन्तामा छन् ।सोमबार सरकारले कानुनी कारबाहीको चेतावनी दिए पनि सयौं प्रशिक्षार्थी चिकित्सकले राजीनामा दिएका थिए र मङ्गलबारदेखि काम बन्द गर्ने तयारी गरेका थिए।

“सरकारले चिकित्सकहरूलाई काम रोक्न नदिनका लागि कानुनी उपायको खोजी गर्दै सबै प्रशिक्षार्थी चिकित्सकहरूको लागि उपचार व्यवस्थापन आदेश जारी गरेको छ,” दोस्रो उप-स्वास्थ्य मन्त्री पार्क मिन-सोले एक पत्रकार सम्मेलनमा बताउनुभयो। दक्षिण कोरियाको चिकित्सा कानुनअनुसार अत्यावश्यक सेवामा रहेको मानिएका चिकित्सकलाई सामूहिक विरोध वा प्रदर्शन गर्न रोक लगाइएको छ ।उहाँले भन्नुभयो, “म प्रशिक्षार्थी चिकित्सकलाई आग्रह गर्दछु कि बिरामीबाट पछि नहट्नुहोस्, चिकित्सकहरू हडतालमा सामेल भए/नभएको जाँच्न सरकारले अस्पतालहरूको निरीक्षण गर्नेछ।”

प्रहरीले मुख्यतया काम रोक्न ‘उक्साउनेहरू’ लाई पक्राउ गर्न सक्ने चेतावनी दिएको छ ।प्रशिक्षण सुधारले सन् २०२५ देखि मेडिकल विद्यालयहरूमा भर्ना हुने विद्यार्थीहरूको स र्‍यामा ६५ प्रतिशतले वृद्धि गर्न आह्वान गरेको छ ।यो योजना जनतामाझ लोकप्रिय छ। विशेषज्ञहरू भन्छन्, “अस्पतालहरूमा लामो समय चिकित्सकको प्रतीक्षा गर्ने समस्याबाट थकित छन्। हालै कोरियन ग्यालप सर्वेक्षणले ७५ प्रतिशत भन्दा बढी उत्तरदाताहरूले राजनीतिक सम्बद्धताको परवाह नगरी योजनाको पक्षमा उभिएका देखाएको छ।

तर कोरियाली मेडिकल एसोसिएसनले सरकारको कानुनी कारबाहीको चेतावनी ‘बोक्सीको शिकार’ सरह भएको र यो योजनाले ‘क्युबाली शैलीको समाजवादी चिकित्सा प्रणाली’ निर्माण गर्ने दाबी गरेको छ भने चिकित्सकहरूले पनि यसको चर्को विरोध गरेका छन् ।उपमन्त्री पार्कले दक्षिण कोरियाको पाको उमेरको तीव्र वृद्धि रहेको समाजमा यो योजना आवश्यक रहेको र हालको कोटा कायमै रहेमा चिकित्सकहरू ‘तीव्र मागका साथ अभिभूत’ हुने बताउनुभएको छ।

पार्कले भन्नुभयो, “अस्पतालहरूलाई अहिले चिकित्सक खोज्न गाह्रो भइरहेको छ र समयमै स्वास्थ्य सेवा प्राप्त गर्न समस्या बारम्बार आउने गरेको छ।”हालसम्म ७०० भन्दा बढी प्रशिक्षार्थी चिकित्सकले राजीनामा दिइसकेको सरकारले जनाएको छ ।रक्षा मन्त्रालयले चिकित्सकले हडताल अघि बढाएमा सैनिक अस्पतालको इमर्जेन्सी वार्ड सर्वसाधारणका लागि खुला गर्ने र सैन्य चिकित्सकलाई नागरिक अस्पतालहरूमा पठाउनेबारे विचार गरिरहेको जनाएको छ।

# चिनियाँ विद्यार्थीको ‘उत्पीडन’ अन्त्य गर्न अमेरिकासँग बेइजिङको आग्रह

एएफपी

बेइजिङ। चीनका सार्वजनिक सुरक्षामन्त्रीले भियनामा भएको भेटमा अमेरिका प्रवेश गर्ने चिनियाँ विद्यार्थीमाथिको ‘अपमानजनक व्यवहार’ रोक्न अमेरिकी गृहसुरक्षा मन्त्रीलाई आग्रह गरेका छन्।

यात्राका लागि वैध कागजात भएका चिनियाँ नागरिकलाई अमेरिकी विमानस्थलमा कडाइका साथ अनावश्यक सोधपुछ गर्ने गरेको र निर्वासनको सामना गर्नुपरेको बेइजिङले बारम्बार आरोप लगाउँदै आएको छ।गत महिना वासिङ्टनस्थित दूतावासले चिनियाँ यात्रुलाई राजधानीको डुलेस विमानस्थलबाट टाढै रहन भनेको थियो।

चीनको सरकारी समाचार संस्था सिन्ह्वाका अनुसार वाङ सियाओहोङ र अलेजान्ड्रो मेयरकासबीच आइतबार भएको वार्ताको पूर्वसन्ध्यामा वासिङ्टनले ‘कुनै स्पष्ट कारणबिना चिनियाँ विद्यार्थीलाई अपमानजनक व्यवहार र जाँच गर्न बन्द गर्नुपर्ने’ बेइजिङले बताएको छ ।मेयरकाससँगको भेटमा वाङले संयुक्त राज्य अमेरिकालाई ‘चिनियाँ नागरिकहरूले उचित प्रवेश व्यवहार र पूर्ण सम्मानको आनन्द लिने सुनिश्चित गर्न’ आग्रह गर्नुभएको थियो। वाङले चीनलाई लागुऔषध ओसार पसार गर्ने वा उत्पादन गर्ने प्रमुख देशको सूचीमा राख्ने अमेरिकी निर्णयलाई ‘सच्याउन’ मेयरकासलाई दबाब दिनुभयो।

हेरोइनभन्दा कैयौं गुणा शक्तिशाली र संयुक्त राज्य अमेरिकामा वर्षेनी ७० हजारभन्दा बढी मानिसको मृत्यु हुने फेन्टानिलको व्यापारमा चीनको संलग्नता रहेको अमेरिकी अधिकारीहरूले आरोप लगाउँदै आएका छन् ।गत महिना बेइजिङमा अमेरिकी र चिनियाँ अधिकारीहरूले फेन्टानिल बनाउने सामग्रीको उत्पादन रोक्न सहकार्य गर्न सहमत भएका थिए ।आइतबारको वार्ताको एक अमेरिकी विज्ञप्तिमा भनिएको छ, “वाङ र मेयरकासले पूर्ववर्ती रसायनहरूको फैलावट रोक्न आवश्यक कदमहरूबारे स्पष्ट र रचनात्मक छलफल गरेका थिए।”

दुवै पक्षले कानून कार्यान्वयन सहयोग, वैज्ञानिक र अन्य विशेषज्ञहरूबीच प्राविधिक द्विपक्षीय आदानप्रदान, अग्रगामी रसायनहरूको तालिका र बहुपक्षीय सहयोगलाई अगाडि बढाउने सम्बन्धमा पनि प्रतिबद्धता व्यक्त गरेका छन् ।वासिङ्टन र बेइजिङले बालबालिकालाई अनलाइन बाल यौन शोषण र दुर्व्यवहारबाट जोगाउने लडाइँमा सहयोग विस्तार गर्ने विषयमा पनि छलफल गरेका छन् ।वासिङ्टनले बेइजिङसँग वार्तालाई अघि बढाएपछि चीन र संयुक्त राज्य अमेरिकाबीचको सम्बन्ध विगत एक वर्षमा गहिरो भएको छ।

तर चीन सरकार अझै पनि उन्नत सेमीकन्डक्टरको निर्यातमा प्रतिबन्ध र चिनियाँ फर्म र व्यक्तिहरूमाथि प्रतिबन्धसहित अमेरिकी उपायहरूको विरोध गर्दछ।गत साता म्युनिखमा भएको वार्तामा विदेशमन्त्री वाङ यीले अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनलाई अमेरिकाले ‘गैरकानुनी एकतर्फी प्रतिबन्ध हटाउनुपर्ने’ बताउनुभएको थियो ।चिनियाँ विदेशमन्त्री वाङले अमेरिकालाई चिनियाँ नागरिकमाथि अवाञ्छित उत्पीडन र सोधपुछ बन्द गर्न पनि आग्रह गर्नुभएको छ।

# नेपाली महिला टोलीको फिल्डीङ नसुधारिएपछि गुमे एसिया कप अवसर





काठमाण्डु। पुरुष टोली होस् वा महिला। एसिया कप खेल्न पाउनु नेपाल जस्ता एसोसिएट टोलीका लागि एउटा ठूलो अवसर हो।

गत वर्ष पहिलो पटक एसिया कप खेलेको पुरुष टोलीले विश्व क्रिकेटका दुई पावर हाउस भारत र पाकिस्तानसँग खेल्ने अवसर पाएको थियो। यस पटक नेपाली महिला टोलीलाई भारत, पाकिस्तानसँगै बंगलादेश र श्रीलंकासँग खेल्ने गोल्डेन चान्स थियो।

पछिल्लो समय एकपछि अर्को खराब प्रदर्शन गरेको महिला टोली यसपटक एसीसी वुमन्स प्रिमियर कपमा राम्रो प्रर्दशन गरेका थिए । हङकङ र भुटानलाई ८-८ विकेट तथा माल्दिभ्सलाई २१४ रनले हराउँदै नेपाल समूह डी बाट समूह विजेताको रुपमा क्वाटरफाइनलमा पुग्यो । क्वाटरफाइनलमा कुवेतलाई हराएपछि नेपाल सेमिफाइनलमा मलेसियासँग परेको थियो।

तुलनात्मक रुपमा थाइल्यान्ड र युएई भन्दा मलेसिया सहज टोली थियो। मलेसियालाई हराउँदै २०१६ पछि एसिया कप खेल्ने महिला टोलीलाई राम्रो अवसर थियो। सेमिफाइनल अघि नेपाल र मलेसियाबीच महिला टी-२० आईमा कुल १० खेल भएका थिए। जसमा नेपाल ७ खेलमा जित र ३ खेलमा पराजित भएको थियो।

बायोमास ओभलमा टस जितेर पहिला ब्याटिङ रोजेको नेपालले २० ओभरमा ६ विकेट गुमाउँदै ११५ रन बनाएको थियो। सुरुवात त्यति राम्रो नभए पनि डली भट्ट १४ बलमा २५ र रुविना क्षेत्रीको १८ बलमा २० रनको इनिङले नेपालले प्रतिस्पर्धात्मक योगफल तयार पारेको थियो । नेपालको बलिङ आक्रामणले सहजै रक्षा गर्ने अनुमान गरिएको थियो।

तर नेपालको कमजोर फिल्डिङको फाइदा उठाउँदै मलेसियाले १९.५ ओभरमा ६ विकेट गुमाउँदै लक्ष्य पूरा गर्‍यो। सुरुवात कमजोर रहे पनि एल्सा हन्टरले ६९ रनको अविजित इनिङ खेल्दै मुखमै आएको नेपालको एसिया कप यात्रा खोसेकी थिइन्। कमजोर फिल्डिङ, विकेटकिपर काजोल श्रेष्ठको खराब किपिङ र अन्तिम पाँच ओभरमा बलिङमा राम्रो गर्न नसक्नुनै नेपालको हारका कारण थिए।

महिला टोलीका खेलाडी सोमबार स्वदेश फर्किए। मुखैबाट गुमाएको एसिया कप गुमाउनुको पीडा उनीहरुले भुल्न सकेका छैनन् । ‘मलेसिया जस्तो सहज विपक्षी पाउँदा पनि हामीले जितेनौं भने कहिले जित्ने। यसअघि हामीले सधैं भाग्यले साथ नदिएको भन्थ्यौं । तर यसपटक हामीले आफ्नै हातले खेल गुमाएका हौं,’ अनुभवी अलराउन्डर सीता राना मगरले त्रिभुवन विमानस्थलमा पत्रकारसँग भनिन् ।नेपालले अन्तिम ३ ओभरमा ३० रन दिएको थियो। ओभर थ्रो, क्याच मिस, बाउन्ड्री रोक्न सक्ने सहज बल रोक्न नसक्नु र किपिङमा कमजोर प्रदर्शनले अन्तिम समयमा मोमेन्ट्स गुमेको थियो।

‘हाम्रो त्यो दिनमा अन्तिम ओभरसम्म पनि जित्छौं भन्ने विश्वास थियो, तर अन्तिम ओभरमा लगातार चौका खाएपछि हामीले खेल हारेका हौं । हाम्रो टिममा कम्बिनेसन मिलेकै थिएन। खोइ के भएको त्यो दिन सायद ओभर कन्फिडेन्स् नै होला’, सीताले भनिन्।

टोलीका मुख्य प्रशिक्षक मनोज कटलाल फिल्डिङ र फिटनेस प्रशिक्षणको आवश्यक बताउँछन् । ‘मैले क्यानलाई प्रतिवेदन नै पेस गरेको छु, जसमा फिल्डिङ र फिटनेस प्रशिक्षकको आवश्यकताको बारेमा जानकारी गराएको छु ।’सिनियर टिमका खेलाडीलाई सामान्य कुरा पनि थाहा नहुँदा अन्तर्राष्ट्रिय स्तरमा नेपाली महिला टिम कमजोर देखिएको मनोजले बताए । ‘सामान्य बल थ्रो देखिको कुरा सिनियर टिममा सिकाउनु पर्दा थोरै समयको क्याम्पले हुँदैन।’

प्रिमियर कप खेल्न जानुअघि महिला टोलीले पोखरा रंगशाला विकेटमा प्रशिक्षण गरेको थियो। सेन्टर विकेटमा प्रशिक्षण गर्दा तयारी निकै राम्रो भएको प्रशिक्षक मनोज कटुवालले बताए । ‘त्यहाँ प्रशिक्षण राम्रो भएको थियो। जसका कारण हामी जानेबेला हामी उपाधि नै जितेर आउने विश्वास थियो । हामी सेमिफाइनलमा प्रेसर सम्हाल्न नसकेका हौं । साथै हामीले सेमिफाइनलमा ओभर कन्फिडेन्ट भएका हौं’, कटवालले भने।

### सीता र रुविना कै भर

नेपाली महिला क्रिकेट अझै पनि रुविना र सीताको भरमा छ। सीता २००७ र रुविना २००८ देखि महिला टोलीको प्रमुख सदस्य हुँदै आएका छन् । नेपालको चार मध्य तीन जितमा सीता र एक खेलमा रुविना प्लेयर अफ म्याच चुनिएका थिए। नेपालको हरेक नतिजा यी दुई खेलाडीमा बढी निर्भर हुन्छ।

‘हामीलाई अन्तर्राष्ट्रिय अम्पायरहरुले पनि सीता र रुबिनाले छोडपछि नेपाली महिला क्रिकेट रहँदैन भन्नुहुन्छ। त्यो सुन्दा नराम्रो लाग्छ’, सीताले भनिन् । उनले प्रतियोगितामा कुवेतविरुद्ध अन्तर्राष्ट्रिय क्रिकेटमा पहिलो पटक ह्याट्रिक लिइन् ।रुबिना क्षेत्रीले नेपाली महिला क्रिकेटमा माल्दिभ्सविरुद्ध पहिलो पटक शतक प्रहार गरिन्। तर टिम हार्दा यी दुई सिनियर यी दुई खेलाडीका उपलब्धि सबै छायाँमा परे । ‘शतक बनाए पनि टिमले लक्ष्य प्राप्त नगर्दा खासै महत्व नै लागेको छैन’, रुबिनाले निराश हुँदै भनिन्।

नयाँ खेलाडीले खेलमा जिम्मेवारी लिन नसक्दा सधैं तालिकामा रुबिना क्षेत्री र सीता रानाकै नाम अगाडि आउँछ । प्रशिक्षक कटुवाल भन्छन्, ‘नेपालले खेल जित्ने हो भने सीता, रुबिना र इन्दुले नै प्रदर्शन गर्नुपर्ने अवस्था छ । युवा खेलाडीले खेलको महत्व बुझ्न जरुरी छ।’कप्तान इन्दु थप्छिन, ‘युवा खेलाडीहरु बिस्तारै आउँदैछन्, कसैलाई दोष लगाउनु भन्दा पनि अब कसरी अगाडी बढ्ने भन्ने कुरा हो।’

पूर्व कप्तान रुबिना पनि कहाँ के कमजोरी रह्यो आफैंले बुझ्न नसकेको बताउँछिन् । ‘घरेलु प्रतियोगितामा बन्द प्रशिक्षणमा राम्रो गर्छन, सोही अनुसार खेलाडी छनोट हुन्छन्, तर अन्तर्राष्ट्रियमा गएर भने प्रदर्शन गर्नै सक्दैनन्’, रुविनाले भनिन् ।‘हामीले यहि वर्ष विश्वकप छनोट पनि गुमायौं । एसिया कप पनि गुमायौं । यसरी हरेक प्रतियोगिता हार्दा अब के खेल्ने त भनेको जस्तो लाग्छ’, भावुक हुँदै रुविनाले भनिन् ।अनलाईन खवर

# युक्रेनमा शान्ति स्थापनाका लागि चीनले रचनात्मक भूमिका निर्वाह गर्नेछ

सिन्ह्वा

म्युनिख । चीनका विदेशमन्त्री वाङ यीले युक्रेनमा जारी द्वन्द्वको शीघ्र अन्त्य र शान्ति बहालीका लागि चीनले रचनात्मक भूमिका निर्वाह गरिरहने र आशाको किरण रहुन्जेल हार नमान्ने बताउनुभउको छ।

वाङले युक्रेनका विदेशमन्त्री दिमित्रो कुलेबासँग जारी म्युनिख सुरक्षा सम्मेलनका क्रममा भएको भेटमा उक्त भनाइ राख्नुभएको हो। चीन र युक्रेनबीच धेरै वर्षअघि रणनीतिक साझेदारी भएको र दुई देशका जनताबीच परम्परागत मित्रता रहिआएको उल्लेख गर्दै वाङले अन्तर्राष्ट्रिय परिस्थितिमा जस्तोसुकै परिवर्तन आए पनि युक्रेनसँगको सम्बन्ध सामान्यरूपमा विकसित हुने र यसले दुई देशका जनतालाई फाइदा पुर्‍याउने अपेक्षा गरेको बताउनुभयो।

आपतकालिन अवस्थामा चिनियाँ सैनिकलाई सकुशल बाहिर निकाल्न सहयोग गरेकोमा युक्रेनी पक्षप्रति पुनः कृतज्ञता व्यक्त गर्दै उहाँले चिनियाँ जनताले कहिल्यै नबिर्सने बताउनुभयो। वाङले युक्रेनको मुद्दामा चीनको स्थितिको



बारेमा विस्तृत जानकारी दिँदै चीनले महत्वपूर्ण मुद्दाहरूको राजनीतिक समाधान र शान्ति वार्तालाई बढावा दिने कुरामा जोड दिनुभयो। कुलेबाले युक्रेन चीनसँग मैत्रीपूर्ण आदानप्रदान कायम राख्न र द्विपक्षीय सम्बन्धको थप विकासका लागि जोड दिन इच्छुक रहेको बताउनुभयो।

विश्व मामिलामा चीनको महत्वपूर्ण प्रभाव रहेको र युक्रेनले युक्रेन सङ्कटको राजनीतिक समाधानका लागि चीनले जारी गरेको ‘पोजिसन पेपर’को उच्च प्रशंसा गरेको कुलेबाले बताउनुभयो । युक्रेनी पक्षले चीनले शान्ति प्रबर्द्धनमा अद्वितीय रचनात्मक भूमिका निर्वाह गरिरहने आशा गरेको र युरेशियन मामिलामा चिनियाँ सरकारका विशेष प्रतिनिधिसँग सम्पर्क बलियो बनाउन इच्छुक रहेको उहाँले बताउनुभयो।

# कर्णालीमा खाद्यान्नको चरम अभाव

टुडे समाचारदाता

जाजरकोट । कर्णाली प्रदेशमा खाद्य व्यवस्था तथा व्यापार कम्पनीका डिपोमा चामल नहुँदा रित्ता भएका छन् । चामलको अभावमा डिपो, बिक्री केन्द्र रित्तै भएको लामो समय भए पनि अहिलेसम्म चामल पुग्न सकेको छैन । खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले चामल खरिदका लागि दुईपटक बोलपत्र गरेपनि ठेक्का कसैले नलिँदा चामल अभाव भएको कम्पनीका कर्णाली प्रदेश प्रमुख माधव मिश्रले जानकारी दिए ।

कर्णालीमा सबैभन्दा बढी अरुवा मोटा चामल माग भए पनि सो चामलको चरम अभाव भएको प्रमुख मिश्रले बताए । महँगो रकम पर्ने स्टीम जिरा मसिनो चामल केहीमात्रामा भए पनि चामल बिक्री नहुने भएकाले अरुवा मोटा चामल नै सबैभन्दा बढी कर्णालीमा माग हुने गरेको छ। जिल्ला सदरमुकाममा रहेका कारागार शाखामा समेत उक्त चामल प्रयोग हुन्छ । डिपोमा चामल नहुँदा दिन नसक्ने अवस्थामा पुगेको प्रमुख मिश्रले सुनाए। महँगोमा खरिद गरेर सस्तोमा कसरी दिने भन्ने समस्या भएको उनको भनाइ छ।

भूकम्पबाट प्रभावित जाजरकोटका चार बिक्री केन्द्र र चार डिपो चामलको अभावमा रित्ता रहेको जिल्ला कार्यालयका प्रमुख रामप्रसाद पौडेलले बताए । मसिनो चामल प्रतिकेजी ९२ मा बिक्री हुन्छ । सो चामल स्थानीयवासीले नरुचाएको उनले सुनाउनुभयो । जाजरकोटमा अरुवा मोटा चामल रु ५४ मा पाइन्छ। यसको माग धेरै रहेको उनको भनाइ छ । भूकम्पका कारण उठीबास भएर अस्थायी टहरामा बसिरहेका पीडित दैनिक चामल लिन आए पनि डिपोमा चामल नहुँदा रित्तो हात फर्कनुपर्ने बाध्यता सिर्जना भएको छ । बजारमा चामल किन्दा भारीमात्रामा महँगो छ । खाद्यमा जाँदा चामल नपाउँदा समस्या भएको बारेकोट गाउँपालिका-५ का प्रेम शाहीले गुनासो गरे । जति महँगो भए पनि बजारकै चामल ल्याएर प्रयोग गर्नुपर्ने बाध्यता रहेको उनको भनाइ छ।

चामल नभएपछि अधिकांश गोदाममा ताल्चा लगाइएको छ । सदरमुकाम बाहिरका डिपो तथा बिक्री केन्द्रमा कर्मचारी नबस्ने र चामल आएमा ठेकेदारले आफैं बिक्री गर्दै आएका छन् । कर्मचारी अभावका कारण ढुवानीकर्ताले नै चामल बिक्री गर्छन् ।

कर्णालीका जाजरकोट, डोल्पा, हुम्ला, कालीकोट, मुगु र जुम्लामा खाद्यान्न अभाव छ । यी जिल्लामा उत्पादन हुने खाद्यान्नले वर्षभर खान नपुग्ने भएकाले बजार तथा कम्पनीको चामलको भरमा यहाँका सर्वसाधारण छन् । सरकारी तथ्याङ्कअनुसार कालीकोटमा वार्षिक २९ हजार सात सय ३९ मेट्रिकटन खाद्यान्न आवश्यक पर्दछ । यहाँ वार्षिक १७ हजार नौ सय ६४ मेट्रिकटन खाद्यान्न कमी छ ।

जाजरकोटमा दुई हजार ९७, डोल्पामा दुई हजार सात सय ८७, जुम्लामा सात हजार ३०, हुम्लामा आठ हजार दुई सय ७३ र मुगुमा पाँच हजार चार सय ४४ मेट्रिकटन खाद्यान्न अपुग हुने गरेको प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी विकास मन्त्रालयको तथ्याङ्कमा उल्लेख छ ।

कर्णालीमा वार्षिक २३ हजार चार सय २० मेट्रिकटन खाद्यान्न अपुग रहँदै आएको मन्त्रालयले जनाएको छ । कर्णालीका रुकुमपश्चिम, सल्यान, सुर्खेत र दैलेखमात्र खाद्यान्नमा आत्मनिर्भर छन् । रुकुम पश्चिमले आवश्यकता परिपूर्ति गरेर वार्षिक चार हजार एक सय मेट्रिकटन खाद्यान्न सञ्चित गर्दै आएको छ । सबैभन्दा बढी खाद्यान्न सञ्चित सल्यानले गर्दछ, जहाँ वार्षिक १३ हजार नौ सय ९६ मेट्रिकटन सञ्चित हुने गर्दछ । अहिले सुर्खेतमा समेत अरुवा मोटो चामल नहुँदा समस्या भएको छ ।

सुर्खेतमा ७७ हजार छ सय ६० मेट्रिकटन खाद्यान्न आवश्यक हुन्छ भने त्यसमध्ये ७८ हजार सात सय ३४ मेट्रिकटन उत्पादन गरेर एक हजार ७४ मेट्रिकटन भण्डार गर्दै आएको छ । बाँकी जिल्लामा भने स्थानीय उत्पादनले वर्षभर खान पुग्दैन । कर्णालीमा १६ डिपो छन् भने बिक्री केन्द्रको संख्या २६ छ । जाजरकोटमा सदरमुकामसहित पाँच डिपो र चार वटा बिक्री केन्द्र छन् । दैलेखका तीन ठाउँमा बिक्री केन्द्र र एक डिपो छ । कालीकोटमा चार डिपो र एक बिक्री केन्द्र छ ।

# १८ खर्बको बजेटको स्रोत के छ ?




काठमाण्डु । राष्ट्रिय स्रोत अनुमान समितिले आगामी आर्थिक वर्ष २०८१/८२ का लागि रु १८ खर्बको बजेट सीमा (सिलिङ) तोकेको छ । चालु आवको शुरुवाती विनियोजन भन्दा रु ५० अर्ब र अर्धवार्षिक समीक्षापछिको खर्चको अनुमान भन्दा रु दुई खर्ब ७० अर्ब ठूलो आकारको खर्चको सीमा निर्धारण गरिएको हो । ठूलो आकारको बजेट ल्याउने तर लक्ष्यअनुसार राजस्व सङ्कलन र खर्च गर्न नसक्ने विद्यमान परिस्थितिमा आगामी आवका लागि रु १८ खर्बको स्रोत कहाँबाट जुट्छ र खर्च कसरी हुन्छ भन्नेमा प्रश्न छ ।

सरकारले चालु आर्थिक वर्षका लागि रु १७ खर्ब ५१ अर्ब ३१ करोड ५१ लाख बराबरको बजेट विनियोजन भएको थियो । बजेटको अर्धवार्षिक समीक्षामार्फत् स्रोत र खर्चको अनुमान संशोधन गरेर रु १५ खर्ब ३० अर्ब २६ करोडमा झारिएको छ। गत जेठमा बजेट ल्याउँदा तय भएको आम्दानी र खर्चको प्रक्षेपण माघ मसान्तसम्म आइपुग्दा करिब सवा दुई खर्बले आकार घटेको छ। अर्धवार्षिक समीक्षालगत्तै तयार भएको बजेट सिलिङ भने रु १८ खर्बको छ।

आगामी आर्थिक वर्षका लागि राष्ट्रिय स्रोतको अनुमान तथा खर्चको सीमा निर्धारण गर्दा रु १२ खर्ब ४५ अर्ब बराबर सरकारी राजस्वको अनुमान गरिएको छ । जबकि चालु आवको बजेटका लागि सरकारले रु १२ खर्ब ४८ अर्ब ६२ करोड बराबर आन्तरिक राजस्व उठाउने गरी स्रोत देखाएको थियो । अर्थात्, चालु आर्थिक वर्षको शुरुवाती लक्ष्यभन्दा आगामी आर्थिक वर्षको राजस्व सङ्कलनको अनुमान करिब रु तीन अर्बले न्यून हो ।

त्यस्तै, आगामी आवमा रु दुई खर्ब ६० अर्ब बराबर वैदेशिक सहायता लिने अनुमान गरिएको छ । वैदेशिक सहायताको रकममध्ये रु ५० अर्ब अनुदान र रु दुई खर्ब १० अर्ब बाह्य ऋण उठाइनेछ । चालु आर्थिक वर्षमा सरकारले रु दुई खर्ब १२ अर्ब बराबर बाह्य ऋण उठाउने गरी बजेट स्रोत देखाएको थियो।

आगामी आर्थिक वर्षमा आन्तरिक ऋणको सीमा रु दुई खर्ब ९५ अर्ब तोकिएको छ । चालु आवको बजेटमा आन्तरिक ऋण रु दुई खर्ब ४० अर्ब बराबर उठाउने उल्लेख छ । राष्ट्रिय स्रोत अनुमान समितिले मध्यमकालिन खर्च संरचनाको अनुमान गर्दा आव २०८२/८३ का लागि रु २१ खर्ब र आव २०८३/८४ का लागि रु २४ खर्ब ५५ अर्ब बराबर खर्चको सीमा निर्धारण गरेको छ । आव २०८२/८३ को रु २१ खर्बको बजेटका लागि रु १४ खर्ब ५३ अर्ब आन्तरिक राजस्व, रु तीन खर्ब १२ अर्ब वैदेशिक सहायता र रु तीन खर्ब ३५ अर्ब आन्तरिक ऋण उठाउने अनुमान गरिएको छ । आर्थिक वर्ष २०८३/८४ का लागि रु २४ खर्ब ५५ अर्बको बजेट ल्याउँदा रु १७ खर्ब तीन अर्ब आन्तरिक राजस्व उठाउने, रु तीन खर्ब ७४ अर्ब वैदेशिक सहायता लिने र रु तीन खर्ब ७७ अर्ब आन्तरिक ऋण लिने लक्ष्य राखिएको छ ।

राष्ट्रिय स्रोतको अनुमान तथा खर्च सीमा निर्धारण गर्दा समितिले आगामी तीन आर्थिक वर्षको आर्थिक वृद्धिदरको पनि अनुमान गरेको छ । आगामी आर्थिक वर्षमा छ प्रतिशत, आर्थिक वर्ष २०८२/८३ मा साढे छ प्रतिशत, र आर्थिक वर्ष २०८३/८४ मा सात प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्ने लक्ष्य निर्धारण गरिएको हो । त्यस्तै, मुद्रास्फीति आगामी तीन आर्थिक वर्षमा समान साढे पाँच प्रतिशतको वाञ्छित सामीभित्र राख्ने अनुमान गरिएको छ ।

राजस्व वृद्धिदर आर्थिक वर्ष २०८१/२ मा १६ दशमलव चार, आर्थिक वर्ष २०८२/८३ मा १६ दशमलव आठ र आर्थिक वर्ष २०८३/८४ मा १७ दशमलव तीन प्रतिशत रहने अनुमान गरिएको छ । कुल गार्हस्थ्य उत्पादनको तुलनामा राजस्वको अनुपात आगामी तीन आर्थिक वर्षमा क्रमशः २१ दशमलव एक प्रतिशत, २२ प्रतिशत र २२ दशमलव नौ प्रतिशत रहने अनुमान गरिएको छ।

आगामी आर्थिक वर्षको वार्षिक कार्यक्रम तथा बजेट र त्रिवर्षीय मध्यमकालीन खर्च संरचना तर्जुमाको लागि समष्टिगत तथा विषय क्षेत्रगत खर्चको सीमा निर्धारण तथा स्रोत अनुमान तयार गर्दा विभिन्न विषयवस्तुलाई प्रमुख आधारका रुपमा लिएको छ । जसमध्ये, नेपालको संविधानमा उल्लेखित मौलिक हक तथा राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरू, आगामी सोह्रौँ योजनाको सोच, उद्देश्य, समष्टिगत तथा रुपान्तरणकारी रणनीति र प्रमुख हस्तक्षेपकारी कार्यक्रमहरू, नेपाल सरकार कार्यविभाजन नियमावली, २०७४ तथा चालु वर्षको नेपाल सरकारको नीति तथा कार्यक्रमका निरन्तरता दिनुपर्ने र राष्ट्रिय प्राथमिकताका कार्यक्रमहरू छन् ।रासस

# कौसी हराभरा बनाउने मेहनती किसान




पोखरा । पोखरा महानगरपालिका-६ वैदामकी भावना रानाभाट पेशाले पर्यटन व्यवसायी छन् । लेकसाइडको स्ट्रिट नम्बर २१ मा रहेको अक्टोबर इन होटल सञ्चालक रानाभाटको परिचयमा अहिले 'कौसी क्विन' उपमा थपिएको छ। होटलबाट निस्किएका कुहिने र नकुहिने फोहोर व्यवस्थापन गरी कौसी हराभरा बनाउन उनले चलाएको जाँगरले मूर्तरुप लिएको छ। मेहनत कौसीभरी हराभरा भइ फैलिएको छ।

महानगरले यही माघको २७ गते 'मेरो फोहोर मेरो जिम्मेवारी, क्लिन सिटी ग्रिन सिटी' भन्ने नाराकासाथ आयोजना गरेको 'कौसी क्विन प्रतियोगिता २०८०' मा उनले १८ प्रतिस्पर्धीपछि पार्दै रु १५ हजारसहित कौसी क्विनको ताज पहिरनुभयो । सो सम्मानले उनीलाई औंधी खुसी बनाएको छ।

"मलाई माटोसँगको प्रेमले मेहनती बनायो", उनले भने, "यही प्रेमकै कारण कौसी विभिन्न तरकारी र फलफुलले भरिएको छ।" उनको होटल बाहिर पनि खेर गएका साना ठूला डब्बा रङ्गाएर विभिन्न प्रजातिका फुलहरु रोपेका छन्। "विसं २०६९ सालमा किराना पसल चलाउँथे । श्रीमान बाहिर हुनुहुन्थ्यो । बच्चाहरु सानै थिए । घरिघरि तरकारी लिन जान समय हुँदैनथ्यो । धनियाँ मलाई निकै मनपर्ने, एकदिन मोबाइलमा पुरानो भाँडामा निकै राम्रो धनियाँ फलाएको भिडियो देखेपछि त्यसैको सिको गरी धनियाँ उमारे", उनले भने, "धनियाँ राम्रो भएपछि कौसी खेतीमा रुचि बढ्यो।"

माटो र विश्वासँग रमाउने बानी परेपछि आनन्द आउने उनको अनुभव छ । उनले कौसीमा लसुन, प्याज, धनियाँ, पुदिना, बेथे, रायो साग, ब्रोकाउली काउली, टमाटर, पेपिनो मेलोन, अम्बा, कागती, स्टार फ्रुट, स्ट्रबेरी, मरिच लगाएका छन् । होटलमा खपत हुने साग, लसुन, धनियाँ, गोलभेँडा कौसीमै फल्छ । रानाभाटले अहिले कौसी करेसाबारीमा मौसम अनुसारका तरकारी लगाएका छन् । पोखरा कौसीखेती समुहको अध्यक्ष समेत रहेकी भावनाले फेसबुक पेजमा आफूले जानेका बुझेका कौसीखेतीसम्बन्धी ज्ञान दिँदै आएका छन् । उनी फेसबुकमार्फत नै फोहोर व्यवस्थापन तथा कुन समय कुन तरकारी लगाउने, रोगबाट कसरी जोगाउने, घरमै किटनाशक औषधी कसरी तयार गर्ने भन्ने विषयमा पनि जानकारी दिने गर्छन् ।

सोही प्रतियोगितामा उपविजेता पोखरा-७ की हरिकुमारी श्रेष्ठको अनुभव पनि त्यस्तै छ । कोठा भाडामा बस्दा सानो ठाउँमा एउटा प्लास्टिकको भाँडामा भिण्डी, धनियाँ र लसुन रोपेर कौसीखेती सुरु गरेकी उनले २०७० सालमा आफ्नै घर बनाएपछि कौसीखेती विस्तार गर्नुभएको हो । उनको कौसीमा प्रायः सबैखाले तरकारी छन् । त्यति मात्रै होइन, घर अगाडि फुल र घरको छतमा तरकारीले हराभरा छ । आफूले गरेको कौसीखेती हेर्न किसानहरु आउँदा आफूलाई निकै खुसी हुने उनले सुनाए।

पोखरा कौसीखेती समूहको सदस्य, कृषि सञ्जाल वडा नं ७ कि सदस्य समेत रहनुभएकी श्रेष्ठले कौसीखेतीबाट पाँच जनाको परिवारका लागि तरकारी पुगिरहेको बताए। फोहोर व्यवस्थापन गर्न कौसीखेती उपयुक्त विकल्प भएको उनको भनाइ छ। "अलिकति मेहनत गर्न सके विषादीरहित ताजा तरकारी खान पाइन्छ, एकातिर पैसाको बचत हुने र अर्कोतर्फ फोहोर व्यवस्थापन हुने" श्रेष्ठले भने।

पोखरा ८ की कान्ति पौडेल अधिकारी पनि कौसीखेतीमै रमाएका छन् । प्रतियोगितामा तेस्रो हुनुभएकी उनी अहिले लहरे बाली लगाउने तयारीमा छन् । उनी २०७४ सालदेखि कौसीखेतीमा हुनुहुन्छ । उनले भान्समा खपत हुने ९० प्रतिशत तरकारी कौसीखेतीबाटै उत्पादन हुने गरेको बताए । वडा स्तरीय कृषि सञ्जाल वडा ८ संयोजक एवम् पोखरा कौसी करेसा समुहमा सचिव अधिकारीले अहिले कौसीखेतीको महत्व बुझाउन सक्रिय छन् । उनी घरमै तितेपाती, घिउकुमारी, निम, चरी अमिलो, खेर जाने मोहीको प्रयोगबाट किटनाशक औषधि बनाउन पनि सिकाउछन् ।

पोखरा महानगरपालिका आर्थिक विकास महाशाखाका प्रमुख मनहर कडरियाले पोखरामा 'क्लिन सिटी ग्रिन सिटी'को अवधारणालाई सार्थक बनाउन र फोहोर व्यवस्थापन गर्नका लागि कौसी करेसा कृषकलाई प्रोत्साहन गर्ने महानगरको नीति रहेको बताए । "फोहोर व्यवस्थापन, सहरको सुन्दरता, वातावरण स्वच्छता, विषादीरहित तरकारीका लागि जोड दिनका लागि यस्ता कार्यक्रम ल्याइएको हो । अहिले सकारात्मक नतिजा आइरहेको छ", उनले भने । उनले पोखरा महानगरमा रहेका एक लाख ५० हजार घरधुरीमध्ये करिब ३० हजार घरधुरीमा कौसीखेती गरिएको बताए ।

महानगरले हाल वडा-वडामा कृषि सञ्जाल गठन गरेको छ । कौसी करेसबारी किसानलाई महानगरले विभिन्न तालिम पनि दिँदै आएको छ । जसले गर्दा महानगरका अधिकांश घरका कौसीहरु हराभरा देखिने गरेको कडरियाको भनाइ छ ।

महानगरले हाल वडा-वडामा कृषि सञ्जाल गठन गरेको छ । कौसी करेसबारी किसानलाई महानगरले विभिन्न तालिम पनि दिँदै आएको छ । जसले गर्दा महानगरका अधिकांश घरका कौसीहरु हराभरा देखिने गरेको कडरियाको भनाइ छ ।

उनका अनुसार महानगरले सुरुआती दिनहरुमा वडा नं ८ लाई कौसीखेतीका लागि 'पाइलटिङ' गरेको थियो । त्यो अभियान निकै सफल भएपछि अहिले महानगरका मुख्य सहरी क्षेत्रमा पर्ने वडा नं १देखि १७ सम्ममा यो कार्यक्रम समेटिएको छ । महानगरले हालसम्म करिब चार हजार जनालाई कौसीखेतीका लागि तालिम समेत दिइसकेको छ। महानगरले किसानलाई मल, प्रविधि, विरुवा, गमला, कोकोपिट, कम्पोष्ट विनलगायतमा ५० प्रतिशत अनुदान समेत उपलब्ध गराउँदै आएको छ।

माछाका क्यारेट, पुराना ग्यालिन, बाल्टिलाई तरकारी फलाउने भाँडाका रुपमा प्रयोग गर्दै भान्साबाट निस्कने फोहोरको व्यवस्थापन गर्दै कौसीखेतीका लागि प्रयोग गरिएको महानगरका सरसफाइ शाखा प्रमुख कल्पना बराल बताउछन् । "सानो ठाउँमा घरकै भान्साको फोहोरलाई व्यवस्थापन गरेर नै कौसीमा अर्गानिक तरकारी फलाउन सकिन्छ । यसले वातावरणमा निकै सघाउ पुर्याउँछ ।" महानगरले क्लिन सिटि ग्रिन सिटिको अवधारणालाई स्थापित गर्न विभिन्न कार्यक्रम गरिरहेको उनको भनाइ छ । कौसीखेती आयआर्जनसँगै सरसफाइसँग पनि जोडिएको छ । बढ्दो सहरीकरणमा हुनसक्ने प्रदूषण र उत्सर्जन हुने फोहोरलाई सरल तरिकाले व्यवस्थापन गर्न कौसीखेती प्रभावकारी माध्यम भएको बरालको भनाइ छ ।

वातावरणीय दृष्टिकोणबाट हेर्दा कुहिने फोहोर व्यवस्थापन र हरियाली निर्माणमा समेत कौसीखेती महत्वपूर्ण मानिने जलाधार एवम् वातावरण विज्ञ राजन सुवेदी बताउछन् । "यसका फाइदाहरु निकै छन् । यसलाई वैज्ञानिक ढङ्गबाट व्यवस्थापन गर्दै हेरेक घरमा यसको महत्व बुझाउन सके स्वस्थ्य जीवनयापनका लागि निकै राम्रो हुन्छ ।"

उनले घरको छत अथवा कौसीमा खेती गर्दा माटो पानीले घरको छत कमजोर हुने, पानी चुहिने, घरमा प्रयोग भएका रड बाङ्गिने लगायतका बुझाइहरु विद्यमान रहेकाले त्यसका लागि कसरी तरिकाले कौसीमा खेती गर्दा यी समस्या रहँदैनन भन्नेबारेमा पनि जानकारी आवश्यक रहेको बताए । "महानगरबाट भइरहेका कौसीखेती प्रवर्द्धनका कार्यक्रम राम्रा छन् । यसलाई वृहत रुपमा लान सके यसले वातावरण स्वच्छता जोगाउन र अर्गानिक तरकारीले स्वस्थ्य जीवनमा सहयोग पुर्याउँछ", सुवेदीले भने ।

महानगरपालिकामा पूरा क्षेत्रफलको ४१ प्रतिशत भूमि कृषियोग्य रहेको पुरानो तथ्याङ्क रहेपनि जग्गा वर्गीकरण गर्दा भने उक्त तथ्याङ्क १९ दशमलव तीन प्रतिशतमा झरेको देखाउँछ । विसं २०७८ को जनगणनाअनुसार महानगरमा पाँच लाख १३ हजार पाँच सय चार स्थायी बसोबास छ।

# लालिगुराँसले आकर्षित गर्दै पर्यटक



टुडे समाचारदाता

लमजुङ। समुद्री सतहबाट एक हजार सात सय ७४ मिटर उचाइमा रहेको रमणीय राइनासकोटमा लालिगुराँसले पर्यटकलाई आकर्षित गर्न थालिएको छ । लमजुङको राइनास नगरपालिका-९ स्थित राइनासकोटमा आन्तरिक पर्यटकलाई लालिगुराँसले आकर्षित गर्न थालिएको हो ।

समयअगावै फुलेका लालिगुराँसले यहाँ आउने आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गरेको राइनास नगरपालिका प्रमुख एवं राइनासकोट होमस्टे व्यवस्थापन समितिका अध्यक्ष खड्गबहादुर गुरुङले बताए । माघको पहिलो सातादेखि लालिगुराँस फुल्न थालेको भन्दै अहिले यहाँ सञ्चालित घरबासका साथै घुम्न आउने पर्यटकलाई लोभ्याइरहेको उनको भनाइ थियो।

"यहाँ रहेका सांस्कृतिक, ऐतिहासिकस्थल, संस्कृति र यहाँबाट देखिने विभिन्न हिमश्रृंखलाले पर्यटकलाई आकर्षित गर्ने गरेपनि यतिबेला लालिगुराँस पर्यटकका लागि थप आकर्षणको केन्द्र बनिरहेको छ", गुरुङले भने। चैत-वैशाखमा फुल्ने लालिगुराँस समय अगावै फुलेपछि हेर्नका लागि पर्यटक आउने गरेका उनको भनाइ थियो। उनका अनुसार यहाँ आइपुगेका अधिकांशले लालिगुराँससँग फोटो खिच्ने र भिडियो बनाएर रमाउने गर्दछन् ।

गत शनिबार लमजुङ सदरमुकाम बेँसीसहरमा रहेको जनविकास कलेजबाट साथीसँग पिकनिक आएका भूमिका गुरुङले पहिलो पटक आफू यहाँ आएको भन्दै यतिधेरै लालिगुराँस फुलेको देख्दा निकै रमाइलो लागेको बताए । कलेजबाट आफूसहित ६० जना यहाँ आएको उनको भनाइ थियो ।नगरप्रमुख एवं होमस्टे व्यवस्थापन समितिका अध्यक्ष गुरुङले यतिबेला पर्यटक आगमन भइरहेको जनाउँदै घरबासमा बस्ने भन्दा घुम्ने, पिकनिक खाने प्रयोजनका लागि बढी आउने गरेको बताए । उनका अनुसार शुक्रबार, शनिबार र बिदाका दिनमा दुई सयभन्दा बढी पर्यटक यहाँ आउने गरेका छन् ।

भूकम्पले यहाँका घरहरु भत्किएर पुनःनिर्माण भएपछि विसं २०७५ फागुनदेखि ११ घरबाट घरबास सुरुआत भएकामा यतिबेला सिङ्गो गाउँ (१७ घर) मा घरबास सञ्चालन भइरहेको गुरुङले जानकारी दिए। पछिल्लो समय पर्यटकको उल्लेख्य आगमन हुन थालेपछि यहाँका सबै घरमा घरबास सञ्चालन गरिएको उनको भनाइ थियो । यहाँका स्थानीयवासीले यही पेसाबाट आम्दानी जीविकोपार्जन गरिरहेका नगरप्रमुख गुरुङले बताए ।

यहाँ सञ्चालित घरबासबाट वार्षिक करिब रु तीन-चार लाख आम्दानी हुँदै आएको समितिका उपाध्यक्ष विष्णु गुरुङले बताए । "घरबास सञ्चालन अघि यहाँ विकासका पूर्वाधार थिएन । गाउँबेँसी गर्न पनि समस्या थियो", उनले भने, "खेतीपातीबाट उत्पादित अन्नले तीन/चार महिना मात्रै पुग्थ्यो । अहिले होमस्टे सञ्चालनमा आएपछि यहाँ व्यवसायबाट मनग्य आम्दानी गर्न थालेका छन् ।" होमस्टे सञ्चालन गरेसँगै स्थानीयवासीको जीवनस्तरमा सुधार आएको उपाध्यक्ष गुरुङको भनाइ थियो।

पालिकाको सहयोगमा यहाँ सञ्चालित घरबासमा पर्यटन पूर्वाधार विकासका काम भइरहेको नगरप्रमुख गुरुङले जानकारी दिए। उनले कृषि र पर्यटनलाई पालिकाले पहिलो प्राथमिकतामा राखेर अघि बढिरहेको बताए। राइनासकोटबाट एकै पटकमा अन्नपूर्ण, माछापुच्छ्रे, मनास्लु, बौद्ध, गणेश हिमालसहित १८ वटा हिमाल देख्न सकिन्छ । नेपाल एकीकरणको सुरुवा बिन्दुका साथै प्राकृतिक रुपमा अलौकिक दृश्यले भरिपूर्ण ठाउँ भएको स्थानीय बताउँछन् । विश्वकै पहिलो योग स्तम्भ पनि राइनासकोटमा छ।

साथै यहाँ राइनासकोट किल्ला, थानीमाई मन्दिर, कालिका, कोटेश्वर महादेव, वीरभक्ति थापाको शालिककलगायत ऐतिहासिक स्थल रहेका नगरप्रमुख गुरुङले जानकारी दिए । बाइसेचौबिसे राज्यकालमा लमजुङका राजा यशोब्रह्म शाहका कान्छा छोरा द्रव्य शाहले राज्य सञ्चालन गरेर राइनासकोटमा बसेको इतिहास छ । राइनासकोटलाई भिटोफ नेपालले सन् २०१८ मा गन्तव्य गाउँ घोषणा गरेको थियो । विसं २०७४ मा गण्डकी प्रदेश सरकारले घुम्नुपर्ने ११० उत्कृष्ट गन्तव्यमध्ये राइनासकोट परेको थियो भने विसं २०७६ मा नेपालकै उत्कृष्ट होमस्टेमा परेको थियो ।

गाउँमा प्राचीन मौलिकता जोगाउने गरी परम्परागत घुमाउने घरसँगै स्थानीयको कला, संस्कृतिलाई जगेर्ना गर्ने उद्देश्यका साथ सङ्ग्रहालय रहेको छ। यहाँ गुरुङ समुदायको संस्कार, संस्कृतिदेखि घाँटु, कृष्ण चरित्रलगायत नृत्य प्रस्तुत गरिन्छ । घरबासमा आउने पर्यटकका लागि रु एक हजार एक सय ५० मा खानाको व्यवस्था गरिएको समितिका अध्यक्ष गुरुङले बताए । उनका अनुसार घरबासमा आएका पर्यटकले खाजा, चिया, बेलुकाको खाना र भोलिपल्ट बिहान खाजा खान पाउँछन् ।

पर्यटकलाई कोदाको सेलरोटी तथा मकै, गेडागुडीसहित तामा, गुन्द्रुक, भटमासको अचारका परिकार दिने गरिएको घरबास सञ्चालकको भनाइ थियो । पर्यटकले स्थानीयरुपमा कोदोबाट तयार गरिएको लोकल रक्सीको स्वाद पनि लिन पाउँछन् ।

स्थानीय जानकारका अनुसार नेपाल राष्ट्रको एकीकरणसँग सम्बन्ध राख्ने लमजुङको राइनासकोटमा बसेर तत्कालीन समयमा द्रव्य शाहदेखि पृथ्वीनारायण शाहसम्मले रणनीति बनाएका थिए । राइनासकोट ऐतिहासिक, प्राकृतिक, सांस्कृतिक अध्ययनका लागि उपयुक्त ठाउँ हो । यातायातको सुविधा रहेकाले यहाँसम्म पर्यटकका सवारी साधनमा सहज रुपमा पुग्न सक्छन् । लमजुङ-तनहुँको सिमाना लमजुङ सुन्दरबजार नगरपालिका-७ पाउदी बजारबाट राइनास नगरपालिका -८ हुँदै करिब १३ किलोमिटर सडक पार गरेपछि यहाँ पुग्न सकिन्छ ।

# सडक खाना महोत्सवमा स्थानीयको चाप



**टुडे समाचारदाता**

जलेश्वर । बर्दिबासमा सडक खाना महोत्सवको प्रथम संस्करण सुरु भएको छ । महोत्सवमा स्थानीयको चाप बढेको छ। शनिवारदेखि सुरु भएको महोत्सवमा रमाइलो हेर्ने र स्वाद चाख्नेको भीडले सडक स्थलका ५० वटै स्टलमा अत्यधिक भीड रहेको छ । व्यापारीलाई सामग्री बेच्न भ्याइ नभ्याई भएको छ ।

बिपी राजमार्गको प्रवेशविन्दुमा आयोजना गरिएको महोत्सवमा पोखरादेखि हेटौडासम्म र सिन्धुलीदेखि सुनसरीसम्मका आगन्तुक र पारखीले सडकमै बसेर खाना महोत्सवको स्वाद लिनेगरेका छन् । महोत्सवमा ५० वटा स्टल रहेका छन् । जहाँ सप्तरीदेखि पर्सा जिल्लासम्मका रैथाने भोजनका स्वाद रहेको स्थानीयको भनाइ छ । कन्ने च्याउ र केराको विविध परिकार पस्कन हेटौडादेखि आएको ज्योति किरण किरुना म.म. सेन्टरलाई पनि भ्याइ नभ्याई छ ।

बर्दिबासको केत्ली चिया पसलको स्टलमा पनि १६ प्रकारका चियाका परिकार चाख्न पारखीहरू खचाखच हुनेगरेका छन् । रौतहटको कटिया (माटोका भाँडामा पकाएको) मासुको स्वादले पनि बजार लिएको छ ।

विद्यार्थीले पनि पहिलो पटक सिकेका सीप र परिकारलाई महोत्सवमा पस्कने अवसर पाएका छन् । मधेश प्रदेशकै लागि पहिलो र बर्दिबासका लागि अहिलेसम्मकै नौलो मानिएको सडक खाना महोत्सव प्राविधिक शिक्षालयका विद्यार्थीका लागि आफना उत्पादनलाई बजारीकरण गर्ने र सिकेका सीप परीक्षण गर्नेप्रयोगशाला बनेको छ ।

यस क्षेत्रमा थुप्रै प्राविधिक विद्यालय सञ्चालनमा छन् । त्यसमध्ये खयरमारास्थित निर्मला लामा वहुप्राविधिक शिक्षालय, बर्दिबासस्थित पर्यटन तथा होटल व्यवस्थापन तथा अध्ययन प्रतिष्ठान (नाथम) कलेज र बर्दिबास ८ स्थित हात्तीलेट माध्यमिक विद्यालयका ‘ कमाउँदै पढदै’ कार्यक्रमका विद्यार्थीले पहिलो पटक सिकेका सीप र परिकारलाई महोत्सवमा पस्केको बताएका छन् । यसअघि मेला र उत्सवमा रमाइलो र ख्यालठट्टा गर्ने विद्यार्थीले पहिलो पटक सीप र जाँगर चलाएका स्टलमा स्वाद चाख्न आउनेहरूको भनाइ छ। आफना प्रशिक्षार्थीले तयार पारेका परिकारलाई ग्राहकले मन पराइदिएकोमाखयरमारास्थितनिर्मला लामा वहुप्राविधिक शिक्षालयका प्रमुख रमण मेहेताले खुसी प्रकट गरे । आयोजक होटल तथा पर्यटन व्यवसायी संघ महोत्तरीले महोत्सवका हरेक गतिविधिलाई नजिकबाट नियालि रहेको महासचिव नारायण घिमिरेले बताए ।

महोत्सवको बर्दिबास नगरप्रमुख प्रह्लाद क्षेत्रीले शनिवार अपरान्ह ब्यानर पढेर उद्घाटन गरेपछि महोत्सवको विधिवत् सुरुवात भएको थियो । खाना महोत्सवले मधेश प्रदेशको भोजन संस्कृतिको प्रवर्द्धन र सुस्ताएको अर्थतन्त्रलाई टेवा पुग्ने विश्वास नगरप्रमुख क्षेत्रीले विश्वास व्यक्त गरे ।

आयोजक होटल तथा पर्यटन व्यवसायी संघ महोत्तरीका अध्यक्ष गुन्जन कार्की (गोपाल) ले महोत्सव मुनाफाका लागिभन्दा पनि बर्दिबासको परिचय, पहिचान र प्रतिष्ठाका लागि आयोजना गरिएको बताए ।

# सुस्त गतिमा मणिमण्डपको काम

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाम स्थित निर्माणाधीन मणिमण्डपको कार्य सुस्त गतिमा भइ रहेको छ । सम्झौता अवधि सकिएको तीन वर्ष बित्दा पनि मणिमण्डपलाई वैवाहिक गन्तव्यका रूपमा विकास गर्न ल्याइएको सीतापुष्प वाटिका अन्तर्गतका कार्य सम्पन्न हुन सकेको छैन। संघीय सरकारले समयमा बजेट उपलब्ध नगराउँदा जनकपुरधाम उपमहानगरपालिका १३ मुजेलियामा अवस्थित सीतापुष्प वाटिका मणिमण्डप योजना अन्तर्गतका कार्य सम्पन्न हुन सकेको छैन् ।



उक्त योजना सम्पन्न गर्नका लागि अझै पनि सात करोडभन्दा बढी रकमको आवश्यक हुँदा पनि संघीय सरकारले आर्थिक वर्ष २०८०/०८१ मा जम्मा ३५ लाख मात्र उपलब्ध गराउँदा कार्य सम्पन्नतामा ढिलाइ भएको निर्माण कम्पनीले जनाएको छ ।

रबिना कन्स्ट्रक्सन कम्पनी लिमिटेड काठमाण्डुले २०७५ साल मंसिरमा भ्याटबाहेक १८ करोड १५ लाख २२ हजार ७ सय ९३ रुपैयाँको लागतमा २०७८ साल जेठ २४ गतेसम्म निर्माण गर्ने जिम्मेवारी पाए पनि पहिलो सम्झौता सकिएको तीन वर्ष बित्न लागे पनि काम भने सम्पन्न हुन सकेको छैन ।

कम्पनीले विभिन्न कारण देखाउँदै पाँचौं पटक म्याद थपका लागि निवेदन पेस गरेको छ । निर्माण कम्पनीले प्रथम म्याद २०७८ साल जेठ २४ गतेदेखि २०७८ चैत ३० गते, दोस्रो पटक २०७९ वैशाख १ गतेदेखि २०७९ पुस ९ गतेसम्मका लागि थपिएको थियो भने तेस्रो पटक २०७९ माघ १० गतेदेखि २०८० मंसिर ७ गते र चौथो पटक २०८० मंसिर ८ गतेदेखि २२ गते सम्मका लागि म्याद थप गरे पनि काम सम्पन्न हुन नसकेपछि २०८१ साल जेठ ३० गते सम्म पाँचौ पटकका लागि म्याद थपको निवेदन परेको संघीय आयोजना कार्यान्वयन इकाई धनुषाका प्रमुख इन्जिनियर प्रदीप खनालले बताए ।

सरकारले समयमा बजेट उपलब्ध नगराउनु, स्थानीयको अवरोध, निर्माण सामग्री समयमा उपलब्ध नहुनाले सीतापुष्प वाटिकाको काममा ढिलाइ भएको संघीय आयोजना कार्यान्वयन इकाई धनुषाका प्रमुख ई. खनालको भनाइ छ । उनका अनुसार उक्त योजनाको निर्माण कार्य अहिलेसम्म भौतिकतर्फको प्रगति ८० प्रतिशत र वित्तीयतर्फ सम्झौता रकमको ७३.८२७ प्रतिशत भुक्तानी भएको छ । सम्झौता भएको दिनदेखि कुनै वाधा नआएको भए काम समयमा सम्पन्न हुने ई खनालले बताए । उनी भन्छन्, “बाँकी कामका लागि सात करोडभन्दा बढी रकमको आवश्यकता हुँदा पनि सरकारले चालु आर्थिक वर्ष २०८०/०८१ मा जम्मा ३५ लाख मात्र उपलब्ध गराइएको हुँदा बाँकी कार्य सम्पन्न हुन सकेको छैन ।”

सरकारले बजेट उपलब्ध गराउन ढिलासुस्ती गरेका कारण निर्माण कम्पनीलाई जरिवाना समयमा काम सम्पन्न नगरेको भन्दै जरिवाना समेत तोक्न नसकेको खनाल बताउँछन् । यदि निर्माण कम्पनीको ढिलाइका कारण काम सम्पन्न नभएको भए प्रतिदिन ९० हजारको दरले हर्जाना असुल गर्ने थियौं । तर, सरकारले नै समयमा बजेट नदिँदा काममा ढिलाइ हुँदा पनि जरिवाना माग दाबी गर्न सकेका छैनौ ढिलै भएपनि अहिले कालिगडद्वारा प्यालेस र दरबारमा बुट्टा कुँदिने कार्य चलिरहेको प्रमुख ई. खनालले बताउछन् ।

स्यानिटरी, विद्युतीय जडान, फ्लोर फिनिसिङ्ग, झ्याल ढोका जडान, टायल मार्बल (फलोर फिनिसिङ्ग), अन्तिम रंगरोगन, परिसर सुधार( लयाण्ड स्क्यापिङ्ग), दक्षिण-पूर्वतर्फ २ सय मिटर पर्खाल निर्माणको काम बाँकी रहेको संघीय आयोजना कार्यान्वयन इकाई धनुषाका प्रमुख ई. खनालले बताए ।

दुई बिघा क्षेत्रफलमा फैलिएको सीतापुष्पा बाटिका मणिमण्डप योजना अन्तर्गत मणिमण्डप परिसरभित्र दुईतल्ले जनक दरबारको प्रतिमूर्तिसहित दुई तल्ले भवन, धर्मशाला, स्वयंवर मण्डप, दुई वटा प्याभिलियन, मन्दिर र पसलका लागि आठ सटरलगायत भौतिक संरचनाहरू छन् ।

स्थानीय भन्छन्, “दरबार निर्माणले एक खालको आशा पलाए पनि दरबार समयमा निर्माण नहुँदा निराश भएका छौं ।” तीन वर्षमा सम्पन्न हुने योजना छ वर्ष सकिन लाग्दा पनि निर्माण काम पूर्ण रूपमा सम्पन्न नभएपछि स्थानीय निराश भएका छन् ।

निर्माण कम्पनीले समयमा काम सम्पन्न गर्न नसक्दा स्थानीयमाथि आरोप लागाएको र निर्माणस्थलमा घर टहरा भएका बासिन्दाले सीता र राम भगवानको कुरा आउँदा सहमतिमा उक्त स्थान सहजै छोडेको वडा नं. १३ का अध्यक्ष जीतबहादुर राउतले बताए । त्रेता युगमा राम र सीताको विवाह भएको स्थान मणिमण्डपको अवस्था अझैसम्म पनि सुधार नहुँदा पर्यटकहरूको आवगमनमा वृद्धि हुन सकेको छैन । उक्त योजनाले मणिमण्डपलाई वैवाहिक गन्तव्यको रूपमा विकास हुँदा पर्यटकीय गन्तव्य बनाउन ठुलो मद्दत पुग्ने छ। तर योजना समयमा सम्पन्न नहुँदा निराशा छाएको मणिमडपका पुजारी नबल दास बताउछन् ।

विवाह स्थल मणिमण्डपलाई विकास गर्न नसकिएकोप्रति मन्दिरका पुजारी नवल दासले भने, “बेला बखत भारतीय पर्यटकहरू आगमन हुन्छ, नत्र भने अन्य पर्यटकहरूको आगमन यहाँ हुँदैन । कतिपयलाई यस स्थानको बारेमा जानकारी नै छैन । जानकी मन्दिरको छेउमा बनाइएको विवाह मण्डपको छायाँमा राम सीताको वास्तविक विवाह भएको स्थान मणिमण्डप ओझेलमा परेका कारण यहाँको विकासमा खासै ध्यान नदिएको पुजारीको दासको कथन छ ।“ लामो समयको अन्तरालमा मणिमण्डपमा निर्माण हुन थालेको जनक दरबार र धर्मशाला निर्माणमा भएको ढिलासुस्तीप्रति सम्बन्धित निकायको ध्यानाकर्षण हुन जरुरी रहेको पुजारीले बताए । वैवाहिक गन्तव्यका रूपमा विकास गर्न ल्याइएको योजना निर्माणमा ढिलाइ भएका कारण यहाँका व्यापार व्यवसाय पनि फस्टाउन सकेको छैन । समयमा योजना सम्पन्न नहुँदा स्थानीयवासीमा निराशा समेत निराश छन् ।

# फुर्सदमा गोरहनी बनाउँदै मधेशका महिला



**टुडे समाचारदाता**

राजविराज । सप्तरी लगायत तराई मधेशका महिला अहिले गोबरको गोरहनी बनाउन व्यस्त छन् । ग्रामीण भेगमा अझै पनि परम्परागत चुल्होमा गोबरको गोरहनी बालेर खाना पकाउने गरिन्छ ।

हिजोआज खेतबारीको काम खासै नरहेकाले महिला गोरहनी बनाउन व्यस्त छन् । महादेवा गाउँपालिका-२, कजौलीकी खेमादेवी यादवले कात्तिकदेखि चैत महिनासम्म गोबरको गोरहनी बनाउने गरिएको बताए । उनले यो समयमा पानी नपर्ने भएकाले खेतबारीमा खासै काम नहुने, यही मौकामा गोबरको गोरहनी तयार पार्ने गरेको बताए । “गाउँ घरमा दाउराका लागि नजिकै जङ्गल छैन, त्यसैले गोरहनी बालेरै खाना पकाउनु पर्ने बाध्यता छ“, उनले भने ।

मधेशमा आर्थिक अवस्था राम्रो रहेको परिवारले गोरहनीको प्रयोग गर्न छाडेर एलपी ग्यास राखे पनि गरिब, विपन्न र दलित परिवार अझै गोरहनीकै भरमा खाना पकाउने गर्छन् । अहिले यहाँ प्रत्येक ग्रामीण बस्तीमा जाँदा बाटोको छेउमा जताततै गोबरको गोरहनी सुकाएको देखिन्छ ।

हिउँदभर तयार पारिएको गोरहनी वर्षायाम सुरु भएपछि पानीले नभिज्ने गरी एकै ठाउँमा चाङ लगाएर राख्ने गरिन्छ । बस्तुभाउको गोबरमा पराल र घाँसपातको मिश्रण हालेर गोबरको गोरहनी बनाउने गरिन्छ ।

एउटा गोबरको गोरहनीबाट एक परिवारमा एक छाक खाना राम्रोसँग पाक्ने यादवले बताए । अरू बेलाको गोबर खेतबारीमा हाले पनि हिउँदमा केही दिनको गोबरबाट गोरहनी बनाउने गरिएको छ ।

राजविराज नगरपालिका-१, डुमरीका बुधेश्वर यादवले अहिले फुर्सदको समयमा सबैले आ-आफ्नो घरमा गोरहनी बनाइरहेको बताए । “अहिले खेतबारीको काम खासै नभएकाले सबैले गोरहनी बनाएका छन्, यादवले भने-“मधेशमा ग्यासको प्रयोग बढे पनि गोरहनीको प्रचलन पनि हराएको छैन ।”

अग्नि सायर कृष्णा सवरण गाउँपालिका-४ बनौलीका वडाध्यक्ष तेज नारायण यादवले वैकल्पिक इन्धनका रूपमा गोरहनीको प्रयोग हुने गरेको बताए । अतिविपन्न र सुकुम्वासी परिवारमा वैकल्पिक इन्धनका रूपमा गोरहनी प्रयोग हुने गरेको वडाध्यक्ष यादवको भनाइ छ । मधेशमा वन जङ्गल मासिएसँगै ग्रामीण भेगमा गोरहनीको थप अभाव खड्किएको स्थानीय बताउँछन् ।

# बैठक आह्वान

**टुडे समाचारदाता**

जनकपुरधाम । जनता समाजवादी पार्टी (जसपा) नेपालले केन्द्रीय कार्यकारिणी समितिको बैठक आह्वान गरेको छ । यही फागुन १० गते बिहीबार बिहान ११ बजे पार्टी केन्द्रीय कार्यालय बालकुमारीमा बस्ने गरी बैठक आह्वान गरिएको सो पार्टीका प्रचारप्रसार तथा प्रकासन विभाग प्रमुख पूर्ण बस्नेतले जानकारी दिए ।

# सुविधा सम्पन्न ब्याडमिन्टन कभर्ड हल निर्माण



**टुडे समाचारदाता**

जलेश्वर । बर्दिबासमा सुविधा सम्पन्न कभर्ड हल निर्माण भएको छ । करिब २ करोड रुपैयाँमा निर्माण गरिएको ब्याडमिन्टन कर्भडहलको सोमवार प्रजातंत्र दिवसको अवसरमा बर्दिबास नगरप्रमुख प्रहलाद क्षेत्रीले उद्घाटन गरेका छन् ।

क्षेत्रीले खेल पर्यटनको प्रचुर सम्भावना बोकेको बर्दिबासमा कभर्ड हलको निर्माणले खेल क्षेत्रको संस्थागत विकाशमा महत्वपूर्ण योगदान पुग्ने बताए । अन्तर्राष्ट्रिय स्तरको इन्डोर गेम सञ्चालन गर्न सकिने मधेश प्रदेशकै भब्य र सुविधा सम्पन्न मानिएको यो कभर्ड हल निर्माणमा अहिलेसम्म २ करोड रुपैयाँ खर्च भइसकेको छ । प्रदेश सरकारको १ करोड, ब्याडमिन्टल खेलाडीहरुबाट २० लाख र बर्दिबास नगरपालिकाले ५३ लाख लगानी गरेको कभर्ड हल निर्माण समितिका अध्यक्ष विष्णु खड्काले बताए । बर्दिबासस्थित गौतम रियल स्टेटका पुष्पाखर गौतम, दीपाल गौतम, कृष्णप्रसाद गौतम र कुमार गौतमले ३ करोड मूल्यवरावरका ५ कट्ठा जग्गा निशुल्करुपमा उपलब्ध गराएपछि ०७५ साल माघदेखि कभर्ड हल निर्माणको काम सुरु भएको थियो । यसमध्ये ७ हजार २२० वर्गफिटमा फैलिएको कभर्ड हलमा एकैसाथ ३ वटा गेम गराउन सकिने ब्याडमिन्टन कोर्टहरु छन् । प्रकाश संयोजन, आधुनिक मञ्च, लगाएतका सुविधाहरु छन् । माथिल्लो तलामा एकैसाथ ५ सय जना क्षमताको दर्शक दीर्घा पनि छ ।

तथापि कपाउण्ड वाल, वास रुम, ब्यवस्थित पार्किङ, गेट, फिनिसिङ, दर्शक दीर्घाका कामहरु भने खर्च अभावले अझै अघि बढन नसकेको बर्दिबास ब्याडमिन्टन संघका अध्यक्ष पोषण थापाले बताए ।

कभर्ड हलका साथै नगर प्रमुख क्षेत्रीले सोमवारदेखि आयोजित प्रदेश स्तरीय चौथो मेयर कप खुला ब्याडमिन्टन प्रतियोगिताको पनि उद्घाटन गरे । प्रतियोगितामा मधेश प्रदेशका ८ र सिन्धुलीकासमेत गरी ९ जिल्लाका ३६ टिमका ७२ जना खेलाडीको सहभागिता रहेको आयोजकले जनाएको छ ।

# प्रजातन्त्र दिवसमा दीप प्रज्वलन

**टुडे समाचारदाता**

जनकपुरधाम । प्रजातन्त्र दिवसको अवसरमा जनकपुरधाममा दीप प्रज्वलन गरिएको छ ।

सोमबार जनकपुरधामम स्थित जनक चोकमा प्रजातन्त्र दिवसको अवसरमा जिल्ला युवा संजाल धुनषाले दीप प्रज्वलन गरी मनाएको छ ।

सो दीप प्रज्वलन कार्यक्रममा धनुषाका प्रमुख जिल्ला अधिकारी चक्रपाणी पाण्डेले शहीदहरुको बलिदान र आन्दोलनबाट स्थापना भएको प्रजातन्त्रकै कारण मुलुकमा राजनीतिक परिवर्तन हुँदै आएको बताए । उनले प्रजातन्त्रको जगबाट अहिलेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था सम्भव भएको बताए ।

जिल्ला युवा सञ्जाल धनुषाका अध्यक्ष कुलदीप साहको अध्यक्षतामा भएको दीप प्रज्वलन कार्यक्रममा धनुषाका प्रहरी नायब उपरीक्षक रञ्जन आवे, महिला मानवअधिकार रक्षक संजाल धनुषाकी अध्यक्ष जमुना भुजेल, नील हिरा समाज धनुषाका प्रदीप यादव, धीरज साह, खुश्बु साहलगायतकाहरुको समेत सहभागिता रहेको थियो ।

# ‘दीर्घकालीन योजना अनुरुप भौतिक विकास निर्माणको काम हुनुपर्ने’

**टुडे समाचारदाता**

जनकपुरधाम । नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले भौतिक विकास निर्माण कार्य दीर्घकालीन योजना अनुसार काम सम्पन्न हुनुपर्ने बताएका छन् ।

जनकपुरधाममा सोमबार समाजवादी इन्जिनियरिंग एशोसिएशन मधेश प्रदेश समितिले आयोजना गरेको “मधेश प्रदेश अन्तर्गतका सडक सञ्जाल तथा सुरक्षा” सम्बन्धी अन्तरक्रिया कार्यक्रममा पूर्व प्रधानमन्त्रीसमेत रहेका अध्यक्ष नेपालले मुलुकको भविष्य निर्माणका लागि विकास निर्माणसहितका विषयमा शीर्ष नेतृत्वहरुको स्पष्ट दृष्टिकोणसहितको ब्लुप्रिन्ट आउनुपर्ने आफ्नो विचार रहेको बताए ।



उनले सानो कक्षादेखि नै विद्यार्थीहरूलाई सडक सुरक्षाका विषयमा शिक्षा दिन जरुरी रहेको बताए ।

पूर्वमन्त्री किसान श्रेष्ठले राजनीतिक नेतृत्वमा विकास निर्माणका सन्दर्भमा दृढ इच्छा शक्ति हुनु आवश्यक रहेको औल्याए ।

उनले नेतृत्वमा दृढ यच्छा शक्ति भएमा विकास निर्माणका जस्तोसुकै काम गर्न सकिने भएकाले हुलाकी राजमार्गको निर्माणमा ढिलाइ हुनु चिन्ताको विषय भएको बताए ।

मधेश प्रदेशका नीति आयोगका पूर्व उपाध्यक्ष डा. भोगेन्द्र झाले सडक पूर्वाधारको निर्माण गर्दा त्यसले आर्थिक तथा सामाजिक रुपमा पार्ने प्रभावको विषयमा वृहत छलफल गर्न जरुरी रहेको बताए ।

नेपाल इन्जिनियरिंग परिषद्का अध्यक्ष पदम बहादुर शाहीले वर्षेनि रुपमा पच्चिस देखि ३ हजार मान्छेको सडक दुर्घटनामा परेर मृत्यु हुनु दुःखद रहेको भन्दै उनले सडक निर्माण गर्दा सडक सुरक्षामा विशेष ध्यान दिन आवश्यक भएको बताए ।


**आवश्यकता**

जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा तपसिल बमोजिमको कर्मचारी आवश्यकता भएको हुँदा ईच्छुक महानुभावहरुले बायोडाटा सहित जनकपुर टुडेको कार्यालयमा सम्पर्क गर्नु हुन जानकारी गराईन्छ ।

**कम्प्युटर अपरेटर - १ (एक) जना**

**लेखापाल - २ (दुई) जना**

(व्यवस्थापन संकायमा स्नातक उत्तिर्ण गरी कम्प्युटर सम्बन्धी ज्ञान भएको/महिलालाई विशेष प्राथमिकता)

सम्पर्क

**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.**

जनकपुरधाम, धनुषा

सम्पर्क नं. : ९८०१६२६०२६, ९८५४०२६०२५



**प्रजातन्त्र दिवस भव्यरूपमा मनाऔं ।**

- प्रजातन्त्रको मूल मर्म मानवअधिकार र विधिको शासन हो ।
- आवधिक निर्वाचन प्रजातन्त्रका लागि महत्वपूर्ण हुन्छ ।
- शक्ति पृथकीकरण तथा नियन्त्रण र सन्तुलन प्रजातन्त्रको आधार हो ।
- मेलमिलाप र शान्तिबाटै प्रजातन्त्र अघि बढाउन सकिन्छ ।

त्यसैले,

प्रजातान्त्रिक आचरण, संस्कार र व्यवहारको अवलम्बन गरौ ।

७४ औं राष्ट्रिय प्रजातन्त्र दिवस सफल पारौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८